# संघीय संसद

# राष्ट्रिय सभा

# सोह्रौं अधिवेशन

# कार्यवाहीको सम्पूर्ण विवरण

# २१ जेठ २०८१

# सोमवार

# बैठक सङ्ख्या- ११

राष्ट्रिय सभाको आजको बैठक सम्माननीय अध्यक्ष श्री नारायण प्रसाद दाहालको अध्यक्षतामा दिनको १२:१८ बजे प्रारम्भ भयो।

(१२:१८ बजे) **सम्माननीय अध्यक्षः**- माननीय सदस्यहरू, राष्ट्रिय सभाको आजको बैठकको कार्यवाही प्रारम्भ हुन्छ।

माननीय सदस्यहरू, अब म सम्माननीय प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डको तर्फबाट माननीय सञ्चार तथा सूचना प्रविधि मन्त्री रेखा शर्मालाई नेपालको संविधानको धारा ५३ बमोजिमको नेपाल सरकारको वार्षिक प्रतिवेदन २०७९/०८० सभासमक्ष पेश गर्न समय उपलब्ध गराउँछु ।

(१२:१९ बजे) **माननीय सञ्चार तथा सूचना प्रविधि मन्त्री श्री रेखा शर्माः**- सम्माननीय अध्यक्ष महोदय, अध्यक्ष महोदयको अनुमतिले नेपालको संविधानको धारा ५३ बमोजिमको नेपाल सरकारको वार्षिक प्रतिवेदन २०७९/८० यस सम्मानित सभासमक्ष पेस गर्दछु। धन्यवाद।

(१२:१९ बजे)**सम्माननीय अध्यक्षः**- माननीय सदस्य अब आर्थिक वर्ष. २०८१।०८२ को राजस्व र व्ययको वार्षिक अनुमानमाथिको सामान्य छलफलको क्रम जारी रहन्छ।

मानननीय सदस्यहरू, छलफलमा भाग लिन दलीय आधारमा नाम प्राप्त भएको नाम अनुसार बाँकी माननीय सदस्यहरूलाई क्रमशः समय उपलब्ध गराउँछु । सर्वप्रथम माननीय माया प्रसाद शर्मा । समय १२ मिनेट। यसपछि माननीय सदस्य कमला पन्त।

(१२:२० बजे) **<u>माननीय मायाप्रसाद शर्मा (सभापति, सार्वजनिक नीति तथा प्रत्यायोजित विधायन समिति)</u>**:-सम्माननीय अध्यक्ष महोदय, हामी आर्थिक वर्ष. २०८१।०८२ को राजस्व र व्ययको वार्षिक अनुमानमाथि छलफल गरिराखेका छौं ।र यसमा धेरै जिज्ञासा, कौतुहलता उठिराख्ने कुरा स्वाभाविक नै हुन्छ । हामी वर्ष दिनमा सरकारले गर्ने कामकारवाहीहरूको बारेमा समीक्षा गर्दैछौं र नयाँ योजनामा जाने प्रक्रियामा छौं ।र हामीले यो देशलाई बुझ्ने कुरामा हेर्यौं भने तीनवटा प्रक्रिया मलाई लाग्छ, एउटा राणा शासनको अवधि, राजतन्त्रको अवधि र गणतन्त्रको अवधि । यसलाई हेर्यौं भने राणा शासन विरुद्धको लडाइ, गणतन्त्रको स्थापना र राजतन्त्रका विरुद्धको लडाइ । र गणतन्त्र स्थापनादेखि यहाँसम्म आउँदा भए गरेका कामहरूको समीक्षा गर्दै गएका छौं । विशेष गरेर यो समीक्षा गर्यौं भने हाम्रा सीमाहरू, समस्याहरू र उपलब्धिहरू कहाँ कहाँ छन् भन्ने कुरा देखापर्ने गर्दछ ।बजेट सरकारले विशेष गरेर वित्तीय नीतिहरू घोषणा गर्ने र कार्यान्वयनको प्रक्रिया प्रमुख रूपले कार्यान्वयनको प्रक्रियाको प्रतिबद्धता हो । र राजनीतिक, सामाजिक, आर्थिक परिवर्तन र व्यवस्थापिकीय नियन्त्रणको साधनको रूपमा बजेटलाई लिइने गरिन्छ । यो हिसाबले हेर्यौं भने यसमा यो बजेट निर्माण गर्दैखेरि विशेष गरेर व्यापक छलफल भएको छ । यसपटक अलि नयाँ ढङ्गले आएको छ । हामी यसलाई छलफल पुगेन, बहस पुगेन भनेर भन्ने गर्थ्यौं । तर यो पर्याप्त छलफलका बीचबाट आएको छ । र त्यसैले यो सापेक्षिक वस्तुवादी र यथार्थपरक छ । र विनियोजित वार्षिक आर्थिक विधेयक, २०८० मा हामीले ०८० सालमै छलफल गर्यौं, बहस गर्यौं र विभिन्न प्रक्रियाहरूमा छलफल गर्यौं । विधेयकका सिद्धान्त र प्राथमिकता, सरकारको नीति तथा कार्यक्रम, बजेट वक्तव्य र यी सबै अध्ययन गर्दा यो बजेटमा लय मिलेको छ । हिजोका समीक्षाहरू छन्, गर्ने प्रतिबद्धताहरू छन् । सीमाहरू र समस्याहरू पनि उजागर भएका छन् । यसकारणले यो बजेटप्रति म पूर्ण समर्थन गर्दछु । र कार्यान्वयनको निमित्त म विश्वास व्यक्त गर्न चाहन्छु । यो विशेष गरेर यसमा उल्लेख गर्न खोजिएका कतै पनि स्पष्ट ढङ्गले कतै द्विविधा नहुने गरी ५ वटा उद्देश्य, ५ वटा प्राथमिकता, आर्थिक सुधारका ५ वटा रणनीति यसमा उल्लेख गर्न खोजेको छ । यसो हेर्दा यसको विश्लेषण गर्दा हामीसँग बजेटले के उद्देश्य राखेको छ । यसका प्राथमिकताहरू के के हुन् । र यसको रणनीति कसरी अगाडि बढाउन खोजिएको छ भन्ने कुरा उल्लेख गरिएको छ ।

संघीयताको लाभ गरिब, विपन्न र विभेदमा परेका वर्ग, समुदायहरू, क्षेत्रहरू, जातिहरूले लिन सकुन् भन्ने कुरालाई उठाउन खोजेको छ । सायद विभिन्न प्रकारका आन्दोलनहरू भए । आन्दोलनको मक्सद पनि त्यही हो कि, उत्पीडित वर्ग, समुदाय, जात, क्षेत्रले यसको उपलब्धि लिओस्, हासिल गरोस् भन्ने हो। त्यसलाई उठाउन खोजेको छ ।हामीसँग सरकारी, सहकारी र निजी क्षेत्रको प्राथमिकतालाई सहकार्य र क्रियाशीलताको भूमिकालाई स्पष्ट बनाएको छ ।हामीसँग यी तीनवटा चीजहरू तीन खम्बे भन्छौं- सरकारी, सहकारी र निजी क्षेत्रलाई स्पष्ट ढङ्गले अगाडि बढाउनका निमित्त बाटो खुलेको देखाउँछ। अब शिक्षामा गुणस्तरमा वृद्धि रोजगारमूलक, व्यावसायिक र प्रविधीकरण गर्नका निमित्त अग्रसर देखिन्छ । विभिन्न ठाउँहरूको यसको सुधारका केही कुराहरू उल्लेख गरेको छ ।कृषि, विशेष गरेर नेपालको कृषि जरुरी हो । यो आवश्यक छ । यो कृषिमा आधुनिकीकरणको कुराहरू, यान्त्रिकीकरणको कुराहरू, व्यवसायीकरणको कुरा गरिबी निवारणमा जोड दिएको स्थिति छ । यसलाई कार्यान्वयन हामी सबैले भन्छौं कि कार्यान्वयन गर्दाखेरि केही सीमाहरू छन् ।यी सीमाहरूलाई हल गर्नुपर्छ । कार्यान्वयनमा विशेष जोड गर्नुपर्ने देखिन्छ । कृषि, पशुपंक्षी, सरकारी र गरिबी निवारण, श्रम, रोजगारी, सामाजिक सुरक्षा, स्वास्थ्य, खानेपानी, उद्योग, पर्यटन, वन, उर्जामा विशेष जोड गरेको छ । हामीसँग विशेष गरेर हाम्रो साधन, स्रोत, शक्ति यसैसँग छ । यसमा विशेष जोड गरिरहेको स्थिति देखिन्छ । र सहिद, बेपत्ता परिवार र द्वन्द्वपीडित तथा विस्थापितहरूको राहत पुनर्स्थापना, यो शान्ति प्रक्रियादेखि सबै सरकारले उठाउने गरेको पूरा नभइसकेको स्थितिलाई निरन्तरता दिएको छ । अब यसलाई पूरा गर्नको निमित्त पटक पटक हामी कहिलेकाहीं कुरा उठाउने, त्यही कुरा फेरि जोडिराख्ने देखिन्छ । त्यसलाई हल गर्ने गरी सोच्नुपर्छ । तराई क्षेत्र मुख्य गरी कृषिको योग्य भूमि हो । त्यहाँ सिँचाइका ठुल्ठुला पूर्वाधारहरू सिक्टा, महाकाली सिँचाइ सुनकोशी कमला, सुनकोशी मरिन, कालीगण्डकी तिनाउ, भेरी बबई लगायतका बहुउद्देश्य राखेका आयोजनाहरूलाई प्राथमिकताकासाथ उठाउन खोजिएको छ र यसलाई बजेटको व्यवस्थापन गरिएको छ ।र पुराना र नयाँ रुग्ण उद्योगहरू जुन प्रकारको छन् यिनीहरूलाई पहिलेको अवस्था, स्थिति र त्यतिबेलाको परिस्थितिबाट हैन कि नयाँ ढङ्गले सोचेर मात्र, नयाँ प्रक्रियामा लिएपछि मात्र यसलाई पूरा गर्न सकिन्छ र यस्ता प्रकारको एउटा योजना निर्माण गरेर मात्र जान सकिन्छ भन्ने देखिन्छ । उत्पादन, उत्पादकत्व र रोजगारी मुख्य विषयलाई यसले उजागर गर्न खोजेको छ । उच्चस्तरको आर्थिक आयोग बनाएर यो आयोग कतिबेला बन्छ भन्ने हाम्रो इच्छाशक्ति भएको खण्डमा सबैको शङ्का स्वाभाविक छ । त्यसलाई विशेष गरेर आयोग बनाएर आयोगले समस्या समाधानका उपाय र खोजीका निमित्त विशेष पहल गर्नुपर्ने देखिन्छ ।यो मधेश र कर्णाली विकासका प्राथमिकतामा रहेका भेरी, कर्णाली लाइफ लाइनको

व्यवस्थापन, नलगाड जलविद्युत आयोजना, विभिन्न प्रकारका एयरपोर्टहरूको स्तरोन्नति गर्ने कुरा पनि यहाँ उठाएको छ । विशेष गरेर यो सुर्खेतको त्यहाँको एयरपोर्टको अलिकति चासो राख्ने भएको हुनाले विस्तार हो या पुनर्निर्माण हो । अलिकति त्यहाँ दुइ तीनवटा कुराहरू उठेका छन्, स्तरोन्नतिको कुरा पनि छ । त्यो अलिकति विस्तार नगरी स्तरोन्नति नगर्ने हो भने त्यसले भ्याउने स्थिति छैन । पुनर्निर्माणको कुरा उठेको छ । यसलाई अलिकति क्लियर हुनुपर्छ जस्तो लाग्छ । त्यसपछि गएर यो चौरजहारी एयरपोर्ट त्यो धेरै वर्षदेखि चल्दै आएको, पञ्चायतकालदेखि चल्दै आएको हो, त्यो अहिले चल्दैन । विशेष गरेर जाजरकोट सदरमुकाम नजिक रहने भएको कारणले त्यहाँको उपभोक्ताको हिसाबले पनि त्यहाँ रहने भएको कारणले त्यसलाई चलाउने कुरामा अलि बढी सोच्नुपर्छ । कालीकोटको कोटबाडा के भएको छ । अछामको साँफेबगर धेरै वर्षदेखि चलेको, हाल नचल्ने स्थितिमा छ ।यस्ता तमाम खालका छन् । जानकारीमा आएसम्म ती कुराहरूलाई पनि अलिकति स्पष्ट बनाउन सकेपछि राम्रो होला जस्तो लाग्छ । यो विशिष्टीकृत आर्थिक केन्द्रका रूपमा कोशी, ७ वटा प्रदेशलाई केन्द्रमा राखेर जुन प्रकारको एजेण्डा निर्माण गरेको छ । आर्थिक उत्पादनका हिसाबले त्यहाँ जो बनाउन खोजेको छ, त्यो एकदम ऐतिहासिक छ । अहिले भर्खर सुरु गर्दा अप्ठ्यारो लागे पनि त्यहाँ अरु पनि गर्ने तर त्यसलाई प्राथमिकता दिएर गर्ने भन्न खोजेको जस्तो लाग्छ । प्रदेशको अधिकार पनि कटौती छैन । प्रदेशले आफ्ना गर्ने कामहरू प्रदेश गौरवका विषयहरू राख्न सक्छ, त्यसले बनाउन सक्छ ।तर पनि के हुन्छ भने त्यहाँ अलिकति यसले राज्यले, संघले अलि बढी जोड गरेको जस्तो देखिन्छ यो हेर्दाखेरि । जुन प्रकारको कोशीमा उद्योग, मधेशमा कृषि, लुम्बिनीमा साना तथा मझौला उद्योगहरू, कर्णालीमा जडिबुटी, सुदूरपश्चिममा धार्मिक पर्यटनस्थल जो निर्माण गरेर यसलाई प्राथमिकता दिने भनेको छ, यो वैज्ञानिक छ जस्तो मलाई लाग्छ । विषय उठ्छ कि जहाँ आवश्यक छ त्यहाँ ती कुराहरूलाई अलि बढी जोड गरेर गर्ने कुरा गर्दा राम्रो हुन्छ ।अलि विषयवस्तु पनि उठ्छ।हामीले वागमतीमा बढी धार्मिकस्थलहरू छन् ।त्यहाँ धार्मिक केन्द्र बन्न सक्छ कि भनेर भन्ने पनि जिज्ञासाहरू हुन्छन् । तर यहाँ पनि हुने, त्यहाँ पनि हुने सुदूरपश्चिममा मेरो जानकारीमा आएसम्म त्यो खप्तड, एउटा ऐतिहासिक महत्त्व राख्ने स्थान छ ।त्यससपछि गएर शैलेश्वरी लगायतका त्यहाँका तमाम खालका धार्मिक पर्यटनस्थलहरू छन् ।तिनीहरूले त्यसलाई सम्बोधन गर्न सक्छन् ।त्यसलाई बनाउन सक्ने हो भने एउटा हाम्रो प्रशस्त आधार हुन्छ ।कर्णाली, विशेष गरेर जडिबुटीको केन्द्र, यार्सागुम्बा त्यहीं प्राप्त हुन्छ । पाँच औंले लगायतका तमाम खालका जडीबुटीहरू छन् र जडिबुटीहरूलाई हामीले प्रशोधन गर्न सक्यौं र हामीले त्यसलाई एउटा आर्थिक आधार बनाउन सक्यौं भने हाम्रो समस्याहरू धेरै हल हुने आर्थिक आय हुने विस्तार हुने कुरा देखिन्छ ।अब अर्को हामीले जुन प्रकारको कृषिमा विशेष

गरेर अलि केन्द्रित कर्णालीतिरै हुने स्वाभाविक हुन्छ । किनभने त्यहींको अलि बढी जानकारी हुन्छ ।अलि सरोकार पनि त्यहीं राख्छ ।त्यहाँ भएपछि हुन्छ भन्ने विश्वास अलि बढी त्यहीं केन्द्रित हुन्छ ।त्यो स्वाभाविक हुन्छ । यसकारण कृषिमा शारदा, हिमा र तिला वरिपरिको एउटा कृषि करिडोर बनाउने भनेको छ । सायद, यसलाई मलाई के लाग्छ भने यो बढी महत्त्वको छ र एउटा मार्सी धान देशकै सबभन्दा फरक खालको जुम्लामा बन्छ त्यसको हिमा नदीको वरिपरि र तिला नदीको वरिपरि, त्यहाँ बढी महत्त्व राख्ने स्थानहरू छन् । शाखा नदीको वरिपरि सल्यानको त्यहाँ पनि एकदम ठुलो फाँट छ । त्यस्तै प्रकारका तमाम खालका फाँटहरू छन् । त्यसमा हामीहरूले एउटा कृषि उत्पादन गर्यौं भने धेरै राम्रो हुने देखिन्छ ।माछा करिडोर त्यस्तै प्रकारको एउटा आयोजना निर्माण गरिएको छ ।यो दैजी, नौवस्ता, मोतीपुर, मयुरधाम र शक्तिखोरमा औद्योगिक क्षेत्र निर्माण गर्ने भनेर भनिएको छ । हाम्रो समस्याको अलि विशेष गरेर उद्योग सञ्चालन गरेर मात्र बेरोजगारीको समस्या हल हुन्छ । यसकारण उद्योगमा विशेष ध्यान दिनुपर्ने हुन्छ .....(समय सकिएको) ।

(१२:३२ बजे) **<u>सम्माननीय अध्यक्ष</u>**:- माननीय सदस्यहरू, एउटा सानो कुरा भनौं जस्तो पनि लाग्यो फेरि अलमल भएजस्तो । अगाडि चाहिँ त्यो डिजिटल घडीमा एक मिनेट बाँकी छँदा पहेंलो बल्छ, त्यहाँ याद गरे हुन्छ सिधा अगाडि सबै माननीयज्यूहरूले । फेरि यता बत्ती बाल्दाखेरि पनि झन् अलमल भएजस्तो लाग्यो हिजो । यहाँ बत्ती बाल्देको थिएँ अलि अलमल भए जस्तो । त्यो भएकोले सिधा अगाडि ध्यान दिँदा हुन्छ भनें ।

अब पालो, माननीय सदस्य कमला पन्त । समय १५ मिनेट । यसपछि माननीय सदस्य शारदा देवी भट्ट ।

(१२:३३ बजे) **<u>माननीय श्री कमला पन्त (सभापति, विकास आर्थिक मामिला तथा सुशासन समिति)</u>**:- सम्माननीय अध्यक्ष महोदय, हामी नेपाल सरकारको ०८१।८२ को बजेट वक्तव्यमा आफ्ना धारणाहरू राखेका छौं । समीक्षा गरेका छौं । त्यसैले म पनि यसैमा सहभागी हुँदैछु । बजेटको केही समीक्षा सम्माननीय अध्यक्षज्यू । अर्थतन्त्रलाई चलायमान बनाउन तथा आर्थिक मन्दीको समाधान खोज्न आर्थिक सुधारको वर्ष घोषणा सकारात्मक छ ।तर एकातर्फ अर्थतन्त्र शिथिल भएको स्वीकार पनि गर्ने, अर्कोतर्फ राजस्व चाहिँ १२ खर्ब ६० अर्ब ३० करोड उठाउने भन्ने कुरा एकदमै हचुवा देखिन्छ । चुहावट रोक्न सरकारको विशेष रणनीति खै ? रणनीति पनि चाहियो ।अर्को कूल बजेटको झण्डै ३० प्रतिशत आन्तरिक ऋण उठाउने कुराले त हाम्रो

अर्थतन्त्रलाई दीर्घकालसम्म शिथिल र नकरात्मक बनाउँछ । सरकारको ध्यान यसतर्फ गएको देखिँदैन ।

सम्माननीय अध्यक्षज्यू, म चाहिँ सङ्क्षेपमा विनियोजन शीर्षकमा पछि हामी छलफल गर्ने नै छौं । तर अहिले चाहिँ सैद्धान्तिक कुरामा मात्रै आफ्ना कुराहरू राख्न चाहन्छु ।निजी क्षेत्रको मनोबल बढाउन तथा हाम्रो अर्थतन्त्रलाई समुन्नत नेपालको निर्माणको बाटोमा अग्रसर तुल्याउन उच्चस्तरीय आर्थिक सुधार सुझाव आयोग गठन सकारात्मक छ । तर गठन गर्न पनि ढिला गर्ने र सुझावहरू कार्यान्वयनमा आनाकानी गर्ने नहोस् । कार्यान्वयन चाहिँ दरिलो हुनुपर्यो। जसरी २०४६ सालको राजनीतिक परिवर्तनलगत्तै पहिलो चरणको आर्थिक सुधारको कार्यक्रम लागू भयो र चौतर्फी आर्थिक सुधार आयो । निजी क्षेत्रले व्यापक विकास गर्यो र अहिले प्रस्तावित दोस्रो चरणको सुधारले पनि लगानीमैत्री वातावरण सुनिश्चित गर्नेतर्फ ध्यान पुर्याओस्। अहिले भर्खर लगानी सम्मेलन गरको छ ।त्यसको कस्तो रेस्पोन्स आएको छ, सरकारलाई थाहा होला र लगानीमैत्री वातावरण कसरी बनाउन सकिन्छ सरकारले ध्यान देओस् ।कृषि क्षेत्रको विकासलाई प्राथमिकता दिन किसानहरूको जीवनस्तर माथि उठाउन सन् २०८१ देखि ९१ सम्मको अवधिलाई कृषि लगानी दशकको र घोषणा सकारात्मक छ ।तर बुढी खुट्टी हेरेरै चाल पायौं भन्ने जस्तो गरी सरकारको घोषणा एकातिर प्राथमिकता अर्कोतिर भएको अघिल्लो वर्षको बजेटमा पनि कटौती छ ।यो वर्षको कृषि बजेट १ अर्ब ६९ करोडले घटाएको छ ।यही हो कृषि लगानीमा वृद्धि? सरकारले कुरोले मात्रै भएन व्यवहार हामीले देख्यौं ।अर्को जबसम्म किसानले समयमै रासायनिक मल त्यसको प्रारम्भिक आवश्यकता भनेको सिँचाइ हो । मल सिँचाइ बीउबीजन पाउँदैन आफूले बेचेको दूधको समयमै उखुको पैसा पाउँदैन । मूल्य भन्दाखेरि अलि नबुझ्ने हो कि पैसा पाउँदैन तबसम्म तरकारी र फलफूलको मूल्य पाउँदैन । कृषि लगानी दशकको घोषणाले मात्र केही हुनेवाला छैन ।

त्यसैले सम्माननीय अध्यक्षज्यू, घोषणा गरेर मात्र हुँदैन, कार्यान्वयनमा जानुपर्यो र देख्नुपर्यो, जनताले विश्वास गर्नुपर्यो । देशभित्र संघीयतामाथि प्रश्न उठ्दै गरेको छ ।यसको प्रभावकारितामाथि आलोचना बढ्दै गएको यतिबेला सरकारले ल्याएको बजेट पनि संघीयताविरोधी देखिएको छ ।हरेक वर्ष समग्र बजेटको आकार बढ्दै जाने तर प्रदेश र स्थानीय तहलाई पठाउनुपर्ने बजेटको आकार चाहिँ घटाउँदै जानुको अर्थ के हो ? यसले के सन्देश दिन खोजेको छ – संघीयताविरोधी या संघीयताको समर्थक? अहिले पनि प्रदेश र स्थानीय तहका एकल अधिकार क्षेत्रभित्रका आयोजनाहरू समेत किन केन्द्रले तोकिरहेको छ ? संविधानले नै प्रष्ट

दिएको अधिकार प्रदेश र स्थानीय तहले प्रयोग गर्न किन नपाउने ? यस्तो हस्तक्षेपले संघीयता कसरी चल्छ ?

अध्यक्ष महोदय, त्यसमाथि सरकारले बजेटमा आफैंले घोषणा गरेको, संसदले पारित गरेको बजेटसमेत स्थानीय तहमा नपठाएको खबरले यो बजेट वक्तव्य र यसमाथिको छलफलको औचित्यमाथि नै प्रश्न उठ्नु स्वभाविकै हो ।अहिले हामीले देखेकै छौं, अर्थ मन्त्रालयमा पालिकाका, स्थानीय तहका प्रतिनिधिहरू आएर धर्ना बसेका छन् । यसको बारेमा सरकारले बुझेकै होला । केन्द्रको बजेट कटौती गरेर भए पनि स्थानीय तहमा बजेट पठाउने प्रतिबद्धता सरकारले गरोस् । संघीयतालाई कमजोर पुर्याउने काम कदापि राम्रो हैन । यसमा ध्यान पुर्याओस् सरकारले ।यो बजेट स्थानीय सरकारविरोधी छ । यसको अर्को ज्वलन्त प्रमाण के हो भने अध्यक्ष महोदय, समानीकरण अनुदानमा सबैभन्दा कम बजेट छुट्याउनु हो। समानीकरण अनुदान, यसमा चाहिँ यो वर्ष स्थानीय तहलाई ससर्त अनुदान बढी छ । समानीकरण अनुदान चाहिँ ग्रान्ट चाहिँ दिएको छैन । यो ससर्त अनुदान छ ।ससर्त अनुदान चाहिँ २ खर्ब ८ अर्ब छुट्याएको छ तर समानीकरण अनुदान चाहिँ जम्मा ८८ अर्ब छुट्याएको छ ।स्थानीय तहको खर्चको आवश्यकता र राजस्वको क्षमताको आधारमा दिइने समानीकरण अनुदान यो ग्राण्ट, अनुदान घटाएर सरकारले के सन्देश दिन खोजेको हो ? स्थानीय सरकारलाई चल्न नसक्ने अवस्थामा पुर्याउन खोजेको हो । त्यसैले संघीयताविरोधी हो कि समर्थक हो ? बजेट दिनुपर्यो संघीयता समर्थक हुनका लागि । प्राकृतिक स्रोत तथा वित्त आयोगले पनि सरकारलाई पटक पटक सशर्त अनुदान घटाउन हामीले वित्त आयोग बनायौं । प्राकृतिक स्रोत तथा वित्त आयोगले पटक पटक निर्देशन दिएको छ । उसको प्रतिवेदन छ । त्यसलाई पनि सरकारले सुनेको छैन । र समानीकरण अनुदान दिनु स्थानीय तहमा भनेर उसले भनिराखेको छ । र समानीकरण अनुदान बढाउन सरकारलाई सिफारिस गरेको वित्त आयोगले संवैधानिक आयोगको कुरा पनि सरकारले नसुन्ने हो भने आयोगको के अर्थ ? अब आयोग जति खारेज गर्दिए भयो । आयोगको कुरा नसुन्ने हो उसको प्रतिवेदनलाई नबुझ्ने हो भने आयोगलाई खारेज गर्दिए भयो ।

अध्यक्ष महोदय, नेपाल सरकारले यस अघि घोषणा गरेको पर्यटन दशक सन् ०२३ देखि ०३२ सम्मको पर्यटन दशक र सन् २०२५ लाई पर्यटक वर्ष मनाउने सम्बन्धी कुनै विषय यो बजेटमा उल्लेख गरेको पाइएन । के यी प्रतिबद्धताबाट सरकार पछि हटेको हो? स्पष्ट हुन हामी चाहन्छौं ।हामी सदस्यहरू, यसको बारेमा पर्यटन दशक र यो पर्यटन वर्षको बारेमा सरकारको धारणा के हो? म स्पष्ट हुन चाहन्छु ।होटेलमा लगाइएको विलासी कर र हवाई भाडामा लगाइएको मूल्य अभिवृद्धि कर किन हटाइएन ? यसले नेपाल गन्तव्य महँगो हुन गएकोले हामी

पर्यटनको कुरा गर्ने, पर्यटनलाई धेरै आमन्त्रण गर्न खोज्ने, पर्यटक वर्ष मनाउने तर यसलाई चाहिँ हामीले ध्यान दिएनौं । पर्यटन उद्योग फस्टाउन कठिनाइ भएको छ त्यसैले अध्यक्ष महोदय ।

सरकारले कुनै क्षेत्र नपाएर औषधी जस्तो संवेदनशील वस्तु सर्जिकलका सामानमा गएर भन्सार बढाएको छ । हामीले भन्यौं हामीले सङ्कल्प प्रस्ताव पास गर्यौं सिङ्गो संसदले स्वास्थ्यका बारेमा सङ्कल्प प्रस्ताव पास गरेको छ ।मौलिक हकले दिएको अधिकारलाई निःशुल्क स्वास्थ्य उपचारको अधिकारलाई सरकारले समर्थन गर्नु त कहाँ हो कहाँ हो तर स्वास्थ्यका उपकरणहरूलाई स्वास्थ्य जस्तो विषयमा कर बढाउँदा के हुन्छ ? नेपाली जनताले के बुझ्छन् ? हाम्रो संविधानको अवधारणाले के बुझ्छ ? संविधानको मर्म र भावनालाई पनि हामीले चोट पुर्याएका छौं। न्यूनतम औषधोपचार गर्न नसकेर मृत्युवरण गर्न विवश नेपालीलाई ज्युँदै मार्न खोर्जिदैछ ।

अध्यक्ष महोदय, अस्ति अब WHO को रिपोर्टले के भनेको छ भने स्वास्थ्यको कारणले गर्दा ३०% नागरिकहरू गरिब भएका छन् । कमजोर आर्थिक अवस्था भएको छ । त्यसमा पनि स्वास्थ्य उपचारकै कारणले गर्दा ५ लाख नेपाली जनता चाहिँ गरिबीको रेखामुनि गएका छन् हरेक वर्ष र स्वास्थ्यलाई निःशुल्क गराउन त कहाँ हो कहाँ हो स्वास्थ्य उपचारका लागि चाहिने इक्वीपमेण्टहरूमा पनि हामीहरूले भन्सार वृद्धि गर्यौं भने के हुन्छ? के बुझ्छन् नेपाली जनताले? सरकार गम्भीर हुनपर्यो । औषधी र सर्जिकलका सामानमाथिका भन्सार अविलम्ब घटाइयोस् । उद्योग भन्नासाथ धेरै लगानी भएका ठुला ठुला उद्योगमाथि मात्र सरकारको ध्यान गएको देखिन्छ तर सरकारको ध्यान सूक्ष्म उद्योग साना उद्योग मझौला उद्योगतिर जाँदैन । यसलाई माथि उठाउन बजेटले प्रयत्न गरेको देखिएन । हामी चाहिँ नेपालीलाई आर्थिक रूपमा आत्मनिर्भर हुन सिकाउनुपर्यो भन्ने, आत्मनिर्भर हुनेतिर जाने, अनि सानालाई माथि उठाउन चाहिँ हामीले प्रयत्न नगर्ने ? यो चाहिँ संवेदनशील हुनपर्यो अर्थ मन्त्रालय अर्थ मन्त्रीज्यू ।

नेपालले आयातलाई निमिट्यान्न गर्न सक्दैन । आयातको आवश्यकता छ। हाम्रो उत्पादनले भ्याउँदैन । उत्पादन भनेको खाद्यसामग्री मात्र हैन अरु उत्पादनहरू लुगा, लत्ता कपडाहरू आदि । यो सबै बुझेको कुरा हो तर घटाउन पक्कै सकिन्थ्यो । त्यतातर्फ बजेटले प्रयत्न गरेन । हामी उत्पादन, उत्पादकत्व र रोजगारीको कुरा गर्छौं । अहिले पनि हाम्रो सम्पूर्ण आयातको १८ देखि २० प्रतिशत खाद्य सामग्री मात्रै आयात हुन्छ ।कृषिप्रधान देशको लागि यो लज्जाको विषय हो । हामीले हाम्रै उपभोगको लागि पनि उत्पादन गर्न पनि कृषि वस्तुहरू सक्दैनौं । लज्जाको विषय हो । खाद्यान्नमा आत्मनिर्भरको अभियान शुरु गर्न राज्य किन तयार

नहुने ? आलु उत्पादन हुन्छ भने आलु मात्रै खाने  केही समयको लागि । जे उत्पादन हुन्छ त्यो खाने । हामी विलासितातिर चाहिँ नलागौं भनेर कन्भिन्स गर्नपर्यो राज्यले जनतालाई । खेतीयोग्य बाँझो जग्गालाई उपयोगमा ल्याउनेतर्फ बजेट गम्भीर देखिएन । चक्लाबन्दी गर्ने किसानहरूलाई प्रेरित गर्ने त्यसपछि त्यही किसानहरूलाई समूह बनाएर खेती लगाउनेतिर हामी किन नजाने? स्थानीय तहमा स्वीकृत दुई लाख बेरोजगारलाई न्यूनतम १०० दिन रोजगारी दिने भनेर बजेटमा ६ अर्ब छुट्याइएको छ । यसको दुरुपयोग नहोस् । कार्यान्वयन होस् । साँच्चै निमुखा नागरिकका छोराछोरीले पाउन् । बेरोजगारको नाममा आफ्ना कार्यकर्ता पाल्ने पोस्ने काम मात्र नहोस् । विगतले यस्तै हामीलाई देखाएको छ । त्यसैले हामी तर्सिएका हौं ।

अन्त्यमा सम्माननीय अध्यक्षज्यू । म के निवेदन गर्न चाहन्छु भने सरकारले हामीले संयुक्त राष्ट्रसंघको आह्वानमा हामीले SDG दिगो विकासलाई स्वीकार गरेका छौं । त्यो SDG लाई स्वीकार गरिसकेपछि हामीले २०१५ देखि २०३० सम्म दिगो विकासका लक्ष्यहरू हामी पूरा गर्छौं भनेर प्रतिबद्धता जाहेर गरेका छौं । मन्त्रीज्यूको बजेट वक्तव्यमा दिगो विकासका केही कुराहरू त छ तर दिगो विकासको लक्ष्य पूरा गर्न प्रारम्भिक कुरा के हो ? लगभग लगानी कसरी भित्र्याउने हामीले भन्न सक्नुपर्यो। संयुक्त राष्ट्रसंघलाई पनि भन्न सक्नुपर्यो । तिम्रा कुराहरू हामीले स्वीकार गर्यौं । त्यो हाम्रै लागि गरेको हो गर्न त । स्वीकार गरेका छौं तर हामीलाई १०० खर्बभन्दा बढी बजेट हामीलाई दिगो विकासको लक्ष्य पूरा गर्नको लागि आवश्यक बजेट हो । तर हामीसँग यो वर्षको लगानी जम्मा ७ अर्ब लगानी भित्रिएको छ । ७ अर्ब, ७ खर्ब भएपनि अलि अलि हुन्थ्यो । ७ अर्ब लगानी भित्रिएको छ । अब हामीले त्यसलाई लगानी कसरी बढाउन सक्छौं। त्यतापट्टि पनि हामी जानपर्यो । दिगो विकाससम्बन्धी लक्ष्य प्राप्तिको लागि कसरी कहाँबाट व्यवस्था गर्ने र ३० सम्म हामी दिगो विकासको लक्ष्य कसरी पूरा गर्ने ? यता पनि सरकारको यो बजेटले त्यति ध्यान पुर्याएको देखिनँ । परिवर्तनको भयावह परिस्थितिमा अब हाम्रा हिमालहरू काला ठुटाजस्ता हुँदैछन् ।अस्ति माननीयज्यूले कुरा उठाउँदै हुनुहुन्थ्यो । हामी पनि त्यही सुनेका छौं । मधेशतिर जमिनमुनिको पानी सुकिसक्यो । अब पानीको व्यवस्था कसरी गर्ने ? जनताले पानी खान पाए पनि नपाए पनि के भो र भनेर मौनता साँधेर बस्न राज्यले त सक्दैन । राज्यले त्यसको व्यवस्थापन कसरी गर्ने ? ती सबै कुरामा ख्याल गर्नुपर्यो । र हामीले गरेको हाम्रो दिगो विकास लक्ष्य पूरा गर्नको लागि के गर्ने? र अझ सुशासन सम्माननीय अध्यक्ष महोदय, म अन्तमा सुशासनकै, २२२ अर्ब बजेट हामीले चाहिँ जिरो कोडिङ मन्त्रीज्यूसँग हामीले निवेदन पनि गरेका थियौं । कोडिङ हुनुपर्यो बजेट जति सबै । जिरो कोडिङले भएन । यो जिरो कोडिङ हुनपर्यो । यो बजेट राख्न भएन । अबण्डामा बजेट

राखेर यस्तो लुज बजेटचाहिँ कहाँ जान्छ जनताले थाहा पाउँदैनन्, हामीले थाहा पाउँदैनौँ । सबै कोडिङ हुनुपर्यो भन्दा हुन्छ भन्नुभाथ्यो मन्त्रीज्यूले । २२२ अर्ब बजेट कोडिङ नै नगरीकन राखेर त्यो कहाँ जान्छ त ? त्यो हामीले कसरी थाहा पाउने ? यी कुराहरूमा पनि हामी संवेदनशील हुनुपर्यो । मैले विश्वास गरेको छु । यी कुराहरूमा सरकार संवेदनशील छ । आगामी दिनमा भोलि बजेटको जवाफ दिँदाखेरि म यसरी जान्छु भन्ने कुरामा अवश्य पनि सुन्न पाइनेछ । यति कुरा राख्दै समयको निम्ति अध्यक्षज्यूलाई धन्यवाद दिँदै बिदा हुन चाहन्छु । धन्यवाद ।

**सम्माननीय अध्यक्ष**:- माननीय सदस्य श्री शारदादेवी भट्ट।समय ७ मिनेट । यसपछि माननीय सदस्य श्री जयन्ती देवी राई ।

(१२:४९ बजे)**माननीय श्री शारदा देवी भट्ट (नेपाल कम्युनिष्ट पार्टी, एमाले)**:- सम्माननीय अध्यक्ष महोदय, हामी अहिले आ. व. ०८१/८२ को लागि सरकारबाट प्रस्तुत बजेटमाथिको छलफलको क्रममा छौँ । मेरो बुझाइमा नेपाल सरकारबाट प्रस्तुत बजेट केही हदसम्म सन्तुलित र चलायमान छ । र म सरकारबाट प्रस्तुत ०८१/८२ को बजेटको स्वागत र समर्थन गर्दछु । तर यसो भन्दै गर्दा यो पूर्णरूपमा सर्वगुणसम्पन्न छ भन्ने हैन । त्यहाँ पनि केही कमजोरी पनि पक्कै छ ।

अध्यक्ष महोदय, पहिलो कुरा त बजेट जनतामुखी हुनुपर्दछ । बजेट जनतामुखी हुनलाई जनताबाट चुनिएका जनप्रतिनिधिहरूबाट सिफारिस भएका कार्यक्रमलाई प्राथमिकतामा राख्नुपर्दछ । किनभने जनता र जनताका प्रतिनिधि एक अर्काका पूरक हुन् । जनताका चाहनालाई जनप्रतिनिधिले भन्दा अरुले बुझ्न सक्दैनन् । त्यसैले जति पनि विकासका कार्यक्रम बनाउँदा जनप्रतिनिधिलाई महत्त्व दिन जरुरी छ । तर हामीमा यस्तो परिपाटी छैन । यहाँ जनप्रतिनिधि भन्दा अरुकै चाहनामा बजेट आउँछ र जनप्रतिनिधिका सिफारिसहरू मन्त्रालयका दराजमा पोको पारेर समालिन्छन् । यसो हुँदा जनताका विकासका चाहना एकातिर र बजेट एकातिर हुन जान्छ । यसलाई बुझाउन जरुरी छ । जनप्रतिनिधिका कुरा सुन्नु जरुरी छ । अनि मात्र जनताले चाहेको बजेट आउँछ ।

अध्यक्ष महोदय, प्रस्तुत बजेटलाई अध्ययन गर्दा सरकारले यसलाई आर्थिक समृद्धिको आधारस्तम्भको रूपमा प्रस्तुत गरेको देखिन्छ । तर बजेटको माध्यमबाट सरकार संविधान कार्यान्वयन संघीयता सबलीकरण अर्थतन्त्रको सुधार, उत्पादन वृद्धि, रोजगारीको सिर्जना, सुशासन,

विकासलाई, जटिल सेवा प्रवाहलाई सुधार गर्न सरकार अघि बढेको देखिन्छ । अध्यक्ष महोदय, प्रस्तुत बजेटमा सरकारले आगामी वर्ष ५ लाख सुकुम्वासीको समस्या समाधान गर्ने नीति लिएको छ, जुन स्वागतयोग्य छ । वर्षौंदेखि समस्यामा रहेका सरकारी नीतिबाट पिल्सिएका सुकुम्बासी र कमैयाको माग सम्बोधन गर्नतर्फ सरकार इमान्दार भएर लाग्न जरुरी छ ।यस्तै सरकारले आगामी वर्षमा बन्द उद्योगधन्दा चलाउने र त्यसको लागि निजी लगानीलाई आकर्षित गरी बजेट ल्याएको छ । यस्तै निजी क्षेत्रको सहकारीको खाद्य प्रशोधन उद्योग खोल्ने भनेको छ । आशा गरौं यसले आर्थिक रोजगारको समस्यालाई समाधान गर्नेछ ।र कत्तिको गर्छ । मेक इन नेपाल र मेड इन नेपाल अभियानलाई प्रवर्द्धन गर्ने कुरा यस बजेटमा समेटिएको छ, जुन ठीक छ । यसले देशको बढ्दो बेरोजगारीलाई केही हदसम्म काम गर्ने र स्वदेशी उत्पादनलाई प्रोत्साहन र प्रवर्द्धन गर्ने विश्वास गर्न सकिन्छ ।

अध्यक्ष महोदय, त्यस्तै कृषिलाई व्यवसायीकरण गर्ने कृषि उत्पादन बीउबीजनमा आत्मनिर्भर स्थानीय तहको बालीलाई प्रवर्द्धन गर्ने, सहज कृषि कर्जा प्रवर्धन गर्ने, यो बजेटमा आएको छ जुन एकदम राम्रो छ, स्वागतयोग्य छ । तर "आकाशको फल आँखा तरी मर" भन्ने उखान जस्तै हालत देशका कृषकहरूको छ ।त्यसैले वास्तविक किसान पहिचान गरी उनीहरूसम्म सुविधा पुग्न जरुरी छ । सदा झैं अहिले पनि कृषकको समस्या भनेको रासायनिक मल नै हो । जसको कृषकलाई सहज उपलब्धता हुन जरुरी छ तर जैविक मललाई प्रोत्साहन गर्ने भनी रासायनिक मलमा यसपटक अनुदान रकम घटाएको छ । मलको समस्या समाधान गर्न सरकारले विशेष ध्यान जरुर दिनेछ भन्ने आशा गर्दछु । प्रस्तुत बजेटमा सरकारले सिँचाइ पूर्वाधार प्रणाली व्यवस्थित गर्ने उल्लेख गरेको छ । जसमा थप १५ हजार रेक्टरमा व्यवस्थित सिँचाइ सुविधा पुर्याउने लक्ष्य छ । आशा छ कृषकलाई राहत पुर्याउने छ ।

अध्यक्ष महोदय, ज्येष्ठ नागरिकलाई स्वास्थ्य सेवा लिनको लागि कठिनाइ भएको भन्दै सरकारले घरमै स्वास्थ्य सेवा तथा औषधोपचारको व्यवस्था गर्न बजेटमा भनेको छ । यस्तै सातै प्रदेशमा सुविधासम्पन्न वृद्धाश्रम खोलिने भनिएको छ । यो पनि स्वागतयोग्य नै छ । र यस्तै सरकारले सरकारी तथा गैर सरकारी सङ्गठित क्षेत्रलाई स्वास्थ्य बीमामा आबद्ध गराउने भनिरहेको छ । तर अहिले चलिरहेको स्वास्थ्य बीमाको स्थितिलाई हेर्दा यसमा धेरै सुधार गर्नुपर्ने जरुरी छ । अध्यक्ष महोदय, त्यस्तै बालबालिकामाथिको दुर्व्यवहार महिला हिंसा, मानव बेचबिखन, बलात्कार, छुवाछुत छाउपडी प्रथा, दाइजो, शोषण जस्ता सामाजिक कुरीतिलाई अन्त्य गर्नु सरकारले पहिलो प्राथमिकतामा राखु जरुरी छ । हुन त आगामी आर्थिक वर्षलाई

महिला लगानी वर्षको रूपमा मनाइने भनिएको छ यसलाई सरकारले नारामा मात्र सीमित नगरेर साँच्चै नै यसमा काम गर्न आवश्यक छ । आशा छ सरकार यसमा गम्भीर बन्नेछ ।

अध्यक्ष महोदय, समग्रमा सरकारले आगामी वर्षको बजेटलाई महत्त्वाकाङ्क्षी विकासको योजनाको रूपमा तयार गरेको छ । महत्त्वाकाङ्क्षी विकासको परिकल्पना अनुसार काम हुनेछ भन्ने विश्वास तथा चुनौती भनेको कार्यान्वयनको पाटो हो । सही तरिकाले कार्यान्वयन भएन भने यसको कुनै महत्त्व छैन । त्यसैले यसतर्फ सरकारले गम्भीर भएर सोच्न जरुरी छ । शत प्रतिशत ठीक हुनु सबैको चित्त बुझाउनु अलि गाह्रो नै हुन्छ । त्यसैले आलोचनलाई पनि शक्तिको रूपमा ग्रहण गर्दै सरकारले जनताको पक्षमा यो बजेटलाई अगाडि बढाउनेछ भन्ने म आशावादी छु। धन्यवाद ।

**सम्माननीय अध्यक्ष**ः- माननीय सदस्य श्री जयन्ती देवी राई ।समय ९ मिनेट । यसपछि माननीय सदस्य श्री पूजा चौधरी।

(१२:५५ बजे)**माननीय श्री जयन्ती देवी राई (सभापति, विधायन व्यवस्थापन समिति)**ः- सम्माननीय अध्यक्ष महोदय, यतिबेला हामी २०८१।०८२ को बजेटमाथि छलफल गरिरहेका छौं । र अहिलेको बजेट सैद्धान्तिक रूपमा हेर्दा अत्यन्तै राम्रो छ । र म यो बजेटलाई केही आफ्ना सुझावका साथै हार्दिक स्वागत र समर्थन गर्न चाहन्छु । म माननीय अर्थमन्त्रीज्यूलाई पनि हार्दिक बधाई दिन चाहन्छु । त्यसको साथसाथै विगतको वर्षमै जस्तै हाम्रा सुझावहरू सुझावमा सीमित नहोस् र हाम्रा सुझावहरूले केही ठाउँ प्राप्त गर्नेछ भन्ने कुरामा पनि म आशावादी छु । अहिलेको बजेट वास्तवमा यो अहिलेको अर्थतन्त्र विकासोन्मुख रहेको छ । अलिकति आशामुखी रहेको छ । र पुँजीगत खर्च १% ले भए पनि बढेको छ ।र यसको अमाउण्ट पनि बढेको छ । झण्डै १ खर्ब अहिले १८ खर्ब ६० अर्ब जस्तो विगतमा १७ अर्ब भन्नाले अमाउण्ट पनि बढेको छ । र मूलतः अहिलेको बजेटमा स्पेसिफिक ५ उद्देश्य, ५ प्राथमिकीकरण र ५ वटा चाहिँ रणनीतिहरू सहित आएको हुनाले यसलाई लक्ष्य प्राप्ति गर्न सहज हुन्छ भन्ने कुरामा अलिकति आशावादी भएका छौं । र शिक्षा क्षेत्रमा केही विषयमा पनि १०% ले बढेको छ । र केही नयाँ कार्यक्रमहरू पनि थपिएर आएको छ । जसमा यो ०८१ देखि ०९१ सम्म चाहिँ कृषि लगानीको वर्ष रहनेछ भन्ने जुन घोषणा आएको छ । यो अत्यन्तै राम्रो कुरा हो । कृषि उत्पादनको मूल्य र बजारलाई सुनिश्चित गर्ने यो कार्यक्रम आएको छ । र स्वदेशी उत्पादनलाई प्रोत्साहन गर्ने "मेक इन नेपाल र मेड इन नेपाल" जस्ता कुराहरूलाई

यसले चाहिँ एउटा मान्यता दिएको छ र अभियानको रूपमा निजी क्षेत्रसँग सहकार्य गरिने र घरेलु उत्पादन मदिरालाई ब्याण्ड गरिने हैन यसलाई ब्राण्डिङ गरेर बजारीकरण गर्ने यो विगतदेखि हामीले उठाउँदै आएको कुरा यहाँ सम्बोधन भएको छ अहिले । र महिला उद्यमीद्वारा उत्पादित वस्तुहरू तथा सेवा प्रवर्द्धन गर्ने सार्वजनिक निजी साझेदारीमा काठमाडौंको चोभारमा चाहिँ यो प्रदर्शनीस्थल निर्माण गर्ने महिलाहरूको उत्पादनलाई कोसेली घरको रूपमा चाहिँ स्थापना गर्ने र उत्पादनलाई ब्राण्डिङ गर्ने जस्ता कुराहरू चाहिँ अहिले जुन महिलाहरूको पक्षमा कार्यक्रम आएको छ । र प्रधानमन्त्री छोरी जुन आत्मनिर्भर कार्यक्रम आएको छ यो कार्यक्रमको हिसाबले एकदमै राम्रो छ । तर पनि यसलाई प्रधानमन्त्री छोरी भन्दा पनि प्रधानमन्त्री महिला आत्मनिर्भर कार्यक्रम हुँदा राम्रो । वहाँले सबै छोरीहरूको लागि यो कार्यक्रम भएता पनि तर मान्छेहरूले बुझ्दाखेरि अलिकति अतिरञ्जित गर्ने खालको वातावरण किन सिर्जना गर्ने यो राम्रो मन हुँदा हुँदै पनि यसलाई अलिकति अन्यथा बुझिएको हुनाले यो कार्यक्रम प्रधानमन्त्री-महिला आत्मनिर्भर कार्यक्रम होस् भन्ने, म नाम अलिकति फरक होस् भन्ने चाहन्छु । र हाम्रो आमाबाबुको जीवन अत्यन्तै मार्मिक थियो यो अभियानको रूपमा यो कार्यक्रम र आज यो एकदमै राम्रो छ वृद्धहरूको लागि । महिला हिंसा, शोषण र भेदभाव जस्ता समाजमा रहेका सम्पूर्ण क्षेत्रहरूमा चाहिँ अन्त्य गर्दै सद्भाव र सम्मानजनक वातावरणमा चाहिँ महिलाहरूलाई बाँच्न पाउने किसिमले सिर्जना गर्ने हिसाबले जुन आगामी आर्थिक वर्षलाई लगानी वर्षको रूपमा घोषणा भएको छ । यो एकदमै राम्रो कार्यक्रम रहेको छ । र यति हुँदा हुदै पनि मैले केही आफ्ना सुझावहरू राख्न चाहन्छु । मुख्यतया हाम्रो यो देशलाई आत्मनिर्भर र अर्थतन्त्रलाई आत्मनिर्भर बनाउनको निम्ति मुख्यतय अहिले कृषि नै हो । र हिजोदेखी नै हामीले जुन विगतको कार्यक्रममा पनि छ किसानहरूको लागि मल बीउ समयमा उपलब्ध औजार सिँचाइ अनुदानका कुराहरू हुँदाहुदै यी त छँदैछन् तर पनि मुख्य कुरा मलाई के लाग्छ भने आज किसानहरू बजारको मालिक कहिले हुने ? जबसम्म किसानहरूलाई बजारको मालिक बनाइन्न भने वास्तवमा यी कुराहरूले हामीले सोचेजस्तो त्यसको लक्ष्य प्राप्ति गर्दैनौं र बजारलाई एकदमै चलायमान गर्नुपर्यो र उत्पादनको ग्यारेण्टी आज सरकारले लिनपर्यो किनभने आज हरेक किसानहरूले हिजो अस्ति भर्खरै देखियो कि टमाटरलाई खेतमा जोतेर फाल्दै थिए । आज उनीहरूको उत्पादन बजार नपाएर ग्यारेण्टी नभएर बाटोमा फाल्नुपर्ने, सडकमा फाल्नुपर्ने दूधको मूल्य अहिले पनि नपाएर इलामकै कुरा गर्नुहुन्छ भने त्यहाँका किसानहरूले इलामकै कुरा गर्नुहुन्छ भने त्यहाँका किसानहरूले दूधको मूल्य पाइरहेका छैनन् । डेरीमा बिक्री हुन छोडेका छन् । आज उत्पादन गर्नेहरूको सारा यस्ता किसिमका अवस्था हुँदाखेरि उनीहरूलाई त्यसरी प्रोत्साहित गर्न सकिँदैन ।युवाहरूलाई विदेश पलायनबाट रोक्नपर्यो र उद्योगहरू सिर्जना गरी रोजगारमा केन्द्रित गर्नुपर्यो

। हरेक विकासका योजनाहरू आज रोजगारीमा केन्द्रित हुनुपर्यो । ठुला योजनाहरूमा कति युवाहरूले पाउँदैछन् र साना योजनाहरूमा कति उनीहरूको रोजगारीको ग्यारेण्टी हुन्छ । बाटो खन्ने पुल बनाउने हाइड्रोपावर विद्युत उत्पादन यस्ता यस्ता कुराहरूमा पनि अब हामीले युवाहरूलाई चाहिँ रोजगारीसँग सिर्जना गर्ने माध्यम बनाउनुपर्यो र विकास निर्माणमा युवाहरूलाई त्यसरी जोड्न सक्नु पर्यो । यो राज्यले चाहिँ कति व्यवसायीहरू टिकाउने आँकलन गर्नुपर्यो । र लाइसेन्स दिनुपर्यो । र सिण्डिकेटको आधारमा नयाँ व्यापारीहरूलाई प्रवेश नपाउने स्थिति अहिले छ । यो अवस्थाको अन्त्य गर्नै पर्दछ । र आज साँच्चै भन्ने हो भने ९० प्रतिशत आर्थिक कब्जा चाहिँ १० प्रतिशतको हातमा छ । सबै बिचौलियाहरूको हातमा छ । कि आज विना कुनै श्रम विना कुनै लगानी सबैभन्दा धेरै नाफा खाने हामीले दलाल पुँजीवाद भन्छौं । जबसम्म उनीहरूको कब्जाबाट छुटाइन्नँ भने आज तल्लो वर्गका मान्छेहरूले गरिबहरूले न्याय पाउने अवस्था रहन्न । हरेक ठाउँ र कतिपय ठुलो योजनाहरू साझेदारीबाट निर्माण गर्ने भनिएको छ र त्यसका नाममा चाहिँ कार्यालय खोलेर वर्षौंदेखि बसेका छ त्यसमा हामीले बजेट छुट्याइरहेका छौं । यसले न साझेदारी हुन सकेन भने ती योजनाहरू नै बन्न नसक्ने स्थिति छ । त्यसकारणले यस्ता कुराहरूलाई सकिन्नँ भने हामीले योजनामा खारेज पनि गर्न सक्नपर्यो । राजस्व बाँटफाँटमा हिजो पनि माननीय सदस्यज्यूले कुरा उठाउनुभयो । यो मधेश प्रदेशमा साँच्चै सन्तुलित छैन र अन्त हेरी राजस्व बाँटफाँट सन्तुलित देखिँदैन ।यसकारणले हामीले हरेक ठाउँमा सन्तुलित बजेटको बाँटफाँट हुनुपर्छ भनेका छौं । र बाहिरबाट आउने रेमिट्यान्स वास्तवमा यो मुलुक त यही रेमिट्यान्सले चलेको छ ।त्यो बजेट यति ठुलो एमाउण्टमा छ तर पनि त्यो बजेटलाई हामीले सदुपयोग गरेका छैनौं सही ढङ्गले । त्यसकारणले यसलाई पनि हामीले एउटा उद्योग निर्माण गर्ने र रोजगारी सिर्जना गर्नेको रूपमा चाहिँ बाहिरबाट आएको बजेटलाई हामीले राख्नुपर्दछ । र अर्को कुरा भनेको वैदेशिक रोजगारमा जाने युवाहरूलाई विना धितो उनीहरूलाई ऋण दिने कुरा भनिएको छ त्यो एक हदसम्म राम्रै होला तर पनि के हो भने यो कुराले चाहिँ हामी के बुझ्छौं भने के युवाहरूलाई फेरि विदेशमा पलायन हुन नै बाध्य गराउँदैछौं कि आज ऋण चाहिँ को लाई उपलब्ध गराउने त ? आज यहाँका युवाहरूलाई योजना सहित विना धितो ऋण दिनुपर्यो र रोजगारी सिर्जना उन्मुख हुनुपर्यो । विदेश पलायन हुन रोक्नैपर्यो । सारा शक्तिहरू चाहिँ आज श्रम गर्ने, पसिना बगाउने, देश विकास गर्ने, राष्ट्र निर्माण गर्ने शक्ति चाहिँ हामी बाहिर पठाउँछौं । अझै विना धितो ऋण दिने भनेपछि हामी लक्ष्य प्राप्त गर्न सक्छौं त? आज कसरी बलियो अर्थतन्त्र बनाउन सक्छौं? विद्यार्थीहरूलाई पढ्ने रोजगार गर्ने अवस्थाको सिर्जना गर्नुपर्यो । उनीहरूलाई पढाउने मात्रै हैन । उनीहरू जुन विश्वविद्यालयमा पढ्छन्, कलेजमा पढ्छन्, उनीहरूलाई पढ्ने र रोजगार गर्ने व्यवस्था हामीले गर्नुपर्छ र विभिन्न

विषयहरूको हामीलाई खाँचो छ, आज पहाडतिर हेर्ने हो भने विषयगत टिचरहरू नपाएर चाहिँ हामीले चाहिँ .....(समय सकिएको)

**सम्माननीय अध्यक्ष**:- माननीय सदस्य पूजा चौधरी। यसपछि माननीय सदस्य तुल प्रसाद विश्वकर्मा। पूजा चौधरी । समय ८ मिनेट ।

(१३:०६ बजे)**माननीय श्री पूजा चौधरी (जनता समाजवादी पार्टी नेपाल)**:- सम्माननीय अध्यक्षज्यू, यसपालिको बजेट १८ खर्ब ६० अर्ब ३० करोड ३० लाखको बजेटमा यस आर्थिक वर्षको राजस्वबाट १२ खर्ब ५३ अर्ब ५२ करोडको महत्त्वाकाङ्क्षी लक्ष्य लिएको देखिन्छ ।जसमा आन्तरिक ऋणबाट २ खर्ब ४० अर्ब, वैदेशिक ऋणबाट १ खर्ब ४५ अर्ब ४४ करोड र अनुदानबाट ५२ अर्ब रहेको अवस्थामा ऋणको भारी बोकेर आर्थिक सुधारको वर्ष घोषणा गर्नु आफैंमा गम्भीर प्रश्न छ। राजस्वको लक्ष्य पूरा गर्न राजस्वको दायरा संघ, प्रदेश र स्थानीय तीनै तहमा जाने भएकोले राजस्वको चोरी पैठारी रोक्न तीनै तहको महत्त्वपूर्ण भूमिका रहेको हुँदा साना तथा मझौला अनौपचारिक व्यवसायीहरूलाई पनि करको दायरामा ल्याउनुपर्छ । हाम्रो देशमा अर्थतन्त्रको ४२ प्रतिशत अनौपचारिक क्षेत्र विद्यमान छ ।त्यसैले राजस्व प्रशासनलाई चुस्त दुरुस्त तथा करदातामैत्री बनाउन यस्ता करका दायरामा नआएका व्यवसायीहरूलाई व्यवसाय दर्ता प्रणालीमा आउन आह्वान गर्ने, कर सहजीकरण लोनको प्रक्रियामा पनि सहजीकरण गर्ने बैंकिङ प्रणालीमा लैजाने तथा विभिन्न किसिमका सेवा सुविधाहरू उपलब्ध गराई देश निर्माणको प्रक्रियामा आउन आह्वान गर्नुपर्दछ ।कैयौं कारोबारहरू प्रविधिका कारण हाम्रो रेगुलर चेन भन्दा बाहिरबाट जाने भएकोले करको दायरामा ल्याउन गाह्रो भइरहेको छ, जस्तै विभिन्न सोसल साइट्सबाट गरिने व्यापारहरू, अनलाइन पेमेण्टबाट गरिने व्यापारहरू । त्यसैले एकठाउँबाट गरेको इन्ट्री अथवा transaction सबै ठाउँमा हेर्न सकिने गरी ट्र्याकिङ सिस्टम बनाउन जरुरी छ ।जसले गर्दा केही हदसम्म यस्ता अनौपचारिक व्यापारबाट राजस्व चुहावट नियन्त्रण गर्न सकिन्छ कि भन्ने मलाई लाग्दछ । राष्ट्रिय अर्थतन्त्र विकासका लागि कृषि जलस्रोत पर्यटनको विकासलाई प्राथमिकतामा राखे पनि प्राथमिकता र बजेटको तालमेल नमिलेको भान भइरहेको छ। कृषिको आधुनिकीकरण, यान्त्रिकीकरण र व्यवसायीकरण गरी गरिबी निवारणको कुरा त गरियो । तर प्राकृतिक प्रकोपबाट हुने बालीनालीको जोखिमलाई न्यूनीकरणतर्फ यस आर्थिक वर्षको बजेटमा देखिएन । प्राङ्गारिक मल र जैविक मलको उत्पादन र उपयोगलाई प्रवर्द्धन गरेको देखिन्छ । तर मल कारखानाको यसपालिको बजेटमा कहीं

उल्लेख भएको पाइएन । के जैविक मल र प्राङ्गारिक मलले मात्र कृषकको माग पूरा होला त? संघले राष्ट्रिय गौरव, रुपान्तरणकारी रणनीतिक योजना महत्त्वका ठुला ठुला आयोजनाका मान्यता अनुरूप स्रोत साधनको बाँटफाँट गरेको देखिन्छ ।तर मझौला तथा साना आयोजनाहरूलाई संघ भन्दा प्रदेश र स्थानीय तहबाट सञ्चालन गर्दा अझ प्रभावकारी हुन्छ होला जस्तो लाग्छ । स्वदेशी लगानीलाई प्रोत्साहन गर्ने गरी हाम्रा माननीय अर्थमन्त्रीज्यूले महँगो ब्रिफकेसबाट स्वदेशी झोलामा बजेट सामग्री लिएर बजेट भाषण दिनुभयो जुन स्वागतयोग्य थियो । विदेशी लगानीलाई आकर्षण गर्ने गरी लगानीमैत्री वातावरण निर्माण गरेको देखियो तर लगानीमैत्री वातावरणको सुनिश्चितता गर्न विदेशी सहयोग, अनुदान उत्पादनशील र भौतिक पूर्वाधारको क्षेत्रमा प्रवाह कम देखियो । डिजिटल नेपालको अवधारणालाई सार्थक बनाउन सूचना तथा सञ्चार क्षेत्रको विकास र विस्तारको कार्यक्रम पाएँ तर कुनै समुदाय वर्गमा साक्षरता रेट ४५ प्रतिशत वा त्योभन्दा पनि कम भएको अवस्थामा अशिक्षित व्यक्तिहरूलाई डिजिटल नेपालको अवधारणामा सहभागिता कसरी गराउने? विद्युतीय सवारीमा लाग्दै आएको कर बढेको छ । ५० किलोवाटसम्मका विद्युतीय गाडीमा भन्सार १० प्रतिशत मात्र रहेकोमा अब १५ प्रतिशत भन्सार र ५ प्रतिशत अन्तःशुल्क लागेको छ ।त्यस्तै ५१ किलोवाटदेखि १०० किलोवाटसम्मका गाडीमा २० प्रतिशत भन्सार र १५ प्रतिशत अन्तःशुल्क कर लगाइएको छ । डिजल र पेट्रोलको मूल्य आकाशिँदै गर्दा विद्युतीय गाडी राम्रो अप्सनको रूपमा आएको थियो ।विद्युतीय सवारीमा लगाएको करले कहीं न कहीं जनमानसमा निराशा छाएको छ । प्रत्येक नागरिकलाई आधारभूत स्वास्थ्य सुविधा निःशुल्क उपलब्ध गराउने साथै स्वास्थ्यमा जनताको सरल र सहज पहुँचको कुरा गरिरहँदा औषधीजन्य वस्तुमा कर बढाएको देख्दा निमुखा गरिब जनताहरूको पहुँचमा स्वास्थ्य सेवा सहजै पुग्छ जस्तो लाग्दैन । बजेटमा लेखिएको कुरा र व्यवहारमा धेरै नै फरक पाएँ । एउटा सामान्य चोटपटकमा प्रयोग हुने ब्याण्डेजमा १३ प्रतिशतसम्म भ्याट लाग्ने कुराले आधारभूत स्वास्थ्यलाई निःशुल्क उपलब्ध गराउने कुरामा शङ्का लागेको छ । यस आगामी आर्थिक वर्षलाई महिलामा लगानी वर्षको रूपमा मनाइने कुरा गरिरहँदा महिलाले लगाउने साडीका, सूतीका कपडा आयातमा समेत भ्याट लागेको छ।खरिद मूल्यमा १० प्रतिशत भन्सार शुल्क लाग्ने गरेकोमा अब १३ प्रतिशत भ्याट लागेको छ । विपन्न नागरिकलाई मुटु, क्यान्सर, मृगौला, अल्जाइमर्स, पार्किन्सन्स्, स्पाइनल इन्जुरी तथा हेड इन्जुरी तथा सिकलसेल एनिमिया रोगमा उपचार सहुलियत छ ।तर एसिड पीडितको लागि हाम्रो बजेटमा ठाउँ नपाउँदा मन धेरै दुःखी बनेको छ । शारीरिक मानसिक सामाजिक आर्थिक पीडा सहेर कहिलेसम्म बाँच्ने सरकार ? के यसैलाई महिला लगानी वर्ष भनिन्छ? साथै सरकारी कर्मचारीहरू जसले आफ्नो पसिना एक गरेर सरकारलाई हरेक काममा सघाएका छन् । आज वहाँहरूको तलब वृद्धिको लागि सरकारको

ध्यान जाओस् भन्ने आग्रह गर्न चाहन्छु । २ खर्ब २२ अर्बको विना शीर्षकको बजेटलाई बरु सरकारी कर्मचारीहरूको तलब वृद्धिमा र युवाहरूको रोजगारीमा लगाउने हो भने वहाँहरूको उत्साह र काममा वृद्धि हुने थियो । अन्तमा यो बजेटको अध्ययन गर्दा विभिन्न आयोजनाहरू हेर्दा नेपाल सरकारको बजेट नभई कुनै पार्टीको विशेष बजेट जस्तो लागिरहेको छ। त्यसैले यो बजेट धेरै महत्त्वाकाङ्क्षी र आशावादी देखिए पनि चुनौतीपूर्ण छ । धन्यवाद ।

**<u>सम्माननीय अध्यक्ष</u>**ः- माननीय सदस्य तुल प्रसाद विश्वकर्मा। समय ८ मिनेट । यसपछि माननीय अञ्जना शाक्य ।

**(१३:१२ बजे)<u>माननीय श्री तुलप्रसाद विश्वकर्मा (राष्ट्रिय जनमोर्चा)</u>**ः- सम्माननीय अध्यक्षज्यू, यो प्रस्तुत बजेटको विषयमा विभिन्न कोणबाट छलफल भइहेको छ र समग्रमा यो बजेटको बुँदा बुँदामा नगईकन म यसको समग्र सैद्धान्तिक पक्षको बारेमा केही टिप्पणी गर्न चाहन्छु । यसभन्दा पहिलेका बजेटभन्दा अहिलेको बजेटले केही नयाँपन केही नयाँ कार्यक्रमहरू लिएर आएको छ । र यसले जनतामा केही आशा पनि देखाएको छ । तर समग्ररूपमा हेर्दाखेरि यो बजेट हाम्रो संविधानले स्वीकारेको समाजवाद-उन्मुख दिशातिर जान सकेको छैन । सबभन्दा पहिले यो कुरा मैले चाहिँ यहाँ राख्न चाहेँ । समग्रमा पुँजीवादभन्दा माथि उठेर समाजवादको दिशामा कुनै कार्यक्रम प्रस्तुत गर्न सकेको छैन यो बजेटले ।प्राइभेट उद्योगहरूको बारेमा चर्चा गरिएको छ । तर सार्वजनिक उद्योगको कुरा छैन । त्यसको विषयमा यसमा चाहिँ कुनै खालको कुरा आएको छैन । त्यस्तै वैदेशिक पुँजी र वैदेशिक लगानी भित्र्याउने कुरा गरिएको छ । तर राष्ट्रिय पुँजीको विकास र त्यसको जगेर्ना गर्ने विषयमा कुनै कार्यक्रम अथवा कुने विषय चीजहरू आएको छैन । त्यस्तै उत्पादनको वृद्धि गर्ने कुरा गरिएको छ, उत्पादकत्व बढाउने र त्यसका आधारभूत कुराहरू र त्यससम्बन्धी के के चाहिन्छ त्यो कार्यक्रमहरूको बारेमा बजेट चाहिँ बोलेको छैन ।कृषिको कुरा आएको छ तर भूमिमाथि रहेका सामन्ती स्वामित्व र त्यसलाई उन्मूलन गर्ने कुरा र कार्यक्रम यसमा परेको छैन । आगामी दशकलाई कृषि दशक भनिएको छ तर पहिलेभन्दा कृषिमा बजेट घटेर आएको छ अहिले कम भएको छ । त्यस्तै भ्रष्टाचार समाप्त गर्ने कार्यक्रम र त्यस खालका कुराहरू यसमा देखिएको छैन अहिले । किन भन्दा विकास बजेटको ठुलो हिस्सा हामीले पनि खर्च नहुने कुरा अहिले देखिरहेका छौं विगतका बजेटहरूमा । किनभन्दा त्यसमा प्रशासनबाट नै त्यो कुराको रोक लगाइन्छ। विकास बजेट खर्च गर्ने कुरामा प्रशासनभित्र महत्त्वपूर्ण ठाउँमा बसेका मानिसहरूको अरुचिले गर्दाखेरि

त्यो कार्यक्रम लागू हुन सक्तैन । विकास बजेट खर्च हुन सक्तैन । त्यसैले कहाँ अनियमितता छ।के कारणले उ छ, निक्यौंल गरेर बजेटले त्यसलाई पनि समाधानको रूपमा केही कार्यक्रम ल्याउनुपर्छ भन्ने मैले यहाँ राख्न चाहें । त्यस्तै वैदेशिक ऋणलाई निरुत्साहित गर्नुपर्ने कुरामा त्यसलाई बढाउँदै लगिएको छ, वैदेशिक ऋण चाहिँ बढ्दै गएको छ। विद्युतीय सवारीको करमा वृद्धि गरिएको छ। यसले गर्दा जनतामा निराशा छाएको छ।कर घटाएर विद्युतीय सवारी साधनलाई बढी प्रोत्साहन दिँदाखेरि त्यसले पर्यावरणीय वातावरणमा सुधार आउने अनि पेट्रोल र डिजेलमा हामीले जुन चाँहि ठुलो पैमानामा खर्च गरेका छौं, त्यो बजेट बचत भएर अन्य कार्यमा खर्च गर्न सक्ने सम्भावनामा अत्यन्त वृद्धि हुन्छ । त्यस्तै यहाँ के देखिन्छ भने विदेशी राष्ट्रहरूको इन्ट्रेष्ट के भने नेपालमा कुनै उद्योगधन्दा कलकारखाना खोल्न नदिने, यहाँको श्रमशक्ति विदेशमा आफ्नो देशमा उपयोग गर्ने तर यहाँ आत्मनिर्भर अर्थतन्त्रको विकास हुन नदिने । यस खालको नियत हामीले देखिरहेका छौं ।त्यसैले यहाँ कुनै उत्पादन हुन नदिने उद्योगलाई ऋण नदिने, यस खालको नीतिहरू छन् । त्यसको विरुद्धमा पनि हामीले के गर्नुपर्छ भन्दाखेरि उत्पादन र उत्पादकत्व बढाउनको लागि उद्योग धन्दालाई प्रोत्साहन गर्नको लागि त्यो दिशामा बजेटले ध्यान दिनुपर्यो । युवा जनशक्ति र देशको बौद्धिक जनशक्ति दुवै देशबाट पलायन भइरहेका छन् अहिले । र उनीहरूलाई यहाँ राख्नको लागि यहाँ रोक्नको लागि हामीले त्यस खालको कार्यक्रमहरू, त्यस खालको नीतिहरू लिनुपर्यो बजेटमार्फत् । ठुलो सङ्ख्यामा विद्यार्थीहरू पढ्न विदेश पलायन भएकाले देशको ठुलो धनराशी विदेशिएको छ र यता हाम्रा विश्वविद्यालयहरू खाली हुने अवस्था आएको छ । हाम्रा विश्वविद्यालयहरू चल्न नसक्ने अवस्थामा छन् । के कारणले यस्तो भयो र त्यसमा सुधार कसरी गर्न सकिन्छ ? त्यतातर्फ पनि बजेटले ध्यान दिनुपर्थ्यो, त्यो चाहिँ आएको छैन। राज्यको आवश्यकतानुसार बाहिर पढ्न जाने प्रावधान त हामीले राख्नुपर्छ तर पढ्न गएकाहरू पुनः फर्किएर आउने उनीहरूको ज्ञान, सीप, राष्ट्रकै प्रगति र उन्नतिका निम्ति लागू गर्नुपर्ने खालको व्यवस्था बनाइनुपर्छ, त्यस खालको कार्यक्रमहरू ल्याइनुपर्यो । त्यस्तै ज्येष्ठ नागरिकहरूको स्वास्थ्य उपचारको कुरा हो त्यसको लागि छुट्टै निःशुल्क उपचार गर्ने, छुट्टै एउटा कार्यक्रम आउनुपर्ने हुन्छ, त्यो कुरा चाहिँ बजेटमा देखिएन । आमरूपमा सम्पूर्ण नेपाली नागरिकले निःशुल्क स्वास्थ्यको उपचार पाउनुपर्ने हो तर त्यसमा पनि वृद्धहरूको लागि छुट्टै स्वास्थ्य उपचारको कार्यक्रम ल्याइनुपर्छ । त्यस्तै गरी संघीयताको सबलीकरणको नाममा विदेशी ऋणहरू बढाउँदै लगिएको छ । यसमा पनि वृद्धहरूको लागि छुट्टै स्वास्थ्य उपचारको कार्यक्रम ल्याइनुपर्छ । त्यसैगरी संघीयताको सबलीकरणको नाममा विदेशी ऋणहरू बढाउँदै लगिएको छ । त्यसलाई स्वास्थ्य, शिक्षा, रोजगारी, उत्पादन, उत्पादकत्व वृद्धि आदिमा ध्यान दिनुको बदला हामीले त्यसलाई संघीयता सबलीकरणको नाममा खर्च गर्दै जाने हो भने यो देशमा कति दिन

टिक्न सक्ला संघीयता ? यो विचारणीय प्रश्न आएको छ । हामी सबै यसमा विचार गरौं । ध्यान केन्द्रित गरौं ।यो विदेशी ऋण र जनताबाट उठाएको करले संघीयता धेरै दिन टिक्न सक्दैन । यसलाई हामीले बेलैमा ध्यान पुर्याउनुपर्छ भन्दै यी विषयहरू मैले सैद्धान्तिक पक्ष पाटाहरू थोरै आफुलाई लागेको कुराहरू राखें । यति भन्दै मैले आफ्ना कुराहरू यहीं अन्त्य गर्छु धन्यवाद।

**सम्माननीय अध्यक्ष**:- माननीय सदस्य अज्ञान शाक्य । त्यसपछि माननीय सदस्य नर बहादुर विष्ट। माननीय अज्ञान शाक्य । समय १० मिनेट ।

(१३:१९ बजे)**माननीय श्री अज्ञान शाक्य (मनोनीत)**:-सम्माननीय अध्यक्ष महोदय, अहिले हामी नेपाल सरकारको आर्थिक वर्ष २०८१।०८२ को बजेटको सन्दर्भमा छलफल गरिरहेका छौं ।मुलुकको राजनीति, अर्थतन्त्र, सामाजिक अवस्था, शिक्षा, स्वास्थ्य, सांस्कृतिक उत्थान, वातावरणीय संरक्षण लगायतका विषयहरूलाई समेटेर तर्जुमा गरेको यस बजेट संविधानको व्यवस्था अनुसार माननीय अर्थमन्त्रीले दुवै सदनको संयुक्त बैठकमा जेठ १५ गते प्रस्तुत गर्नुभएको सन्दर्भमा म आफ्ना केही कुराहरू यहाँ राख्ने अनुमति चाहन्छु । १६औं पञ्चवर्षीय योजनामा नेपालको संविधानले संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको माध्यमद्वारा दिगो शान्ति, सुशासन, विकास र समृद्धिको आकाङ्क्षा पूरा गर्ने लक्ष्य राखेको छ।राष्ट्रिय अर्थतन्त्रलाई आत्मनिर्भर, स्वतन्त्र तथा उन्नतशील बनाउँदै समाजवाद-उन्मुख र समृद्ध अर्थतन्त्रको विकास गर्ने राज्यको आर्थिक उद्देश्य रहेको छ। यस्तै नेपालको संविधानको व्यवस्था र भावनालाई हृदयङ्गम गरी नेपाल सरकारले योजनाबद्धरूपमा "समृद्ध नेपाल सुखी नेपाली" को राष्ट्रिय लक्ष्य हासिल गर्न दिर्घकालीन सोच तय गरिसकेको छ। त्यसरी यी सबै तथ्यहरूलाई आत्मसात् गर्दै आगामी आर्थिक वर्षमा यी सबै विषयहरूलाई सम्बोधन गर्न आवश्यक छ। पूर्वाधार र विकासका कामलाई अघि बढाउन, जनतालाई सेवा सुविधा उपलब्ध गराउन, सामाजिक सद्भाव र समानता कायम गरी अघि बढ्न राष्ट्रिय एकता बलियो बनाउन र राष्ट्रियतालाई सुदृढ बनाउन के कति काम गर्न सकिन्छ । ती विषयहरू बजेटमा सम्बोधन हुनुपर्दछ।हामी अल्पविकसितबाट विकासशील राष्ट्रको रूपमा स्तरोन्नतिका लागि सिफारिस भएका छौं। सन् २०२६ मा नेपाललाई अति कम विकसितबाट विकासशील देशमा स्तरोन्नति गर्नुपर्नेछ।यस स्तरोन्नति उपलब्धिसँगै अब आइपर्ने चुनौतीको व्यवस्थापन कसरी गर्ने त? भन्ने प्रश्न उठ्छ। वर्तमान सरकारले ल्याएको बजेटमा अहिलेदेखि नै आवश्यक विषयहरू कार्यान्वयन

गर्दै जानका लागि बजेटमा समावेश गर्नुपर्दछ। हाम्रा अघि केही गन्तव्यहरू छन्, केही लक्ष्यहरू छन्। हो हाम्रो देशमा गरिबी छ। जसलाई हामीले अन्त्य गर्नुछ। यसै सन्दर्भमा संयुक्त राष्ट्रसंघले दिगो विकास लक्ष्य लिएको छ।जुन सन् २०३० भित्र पूरा गरिसक्नुपर्ने हुन्छ । जसमा उल्लेख भए अनुसार हरेक क्षेत्रमा रहेको सबै स्वरूपका गरिबीको अन्त्य गर्नुपर्दछ । यस्तै सन् २०२३ भित्र पूरा गर्नुपर्ने अरु पनि धेरै गन्तव्यहरू निर्धारण भैसकेको हुनाले यस बजेटमा ती कुराहरू प्राथमिकताकासाथ प्रतिविम्बित हुनुपर्दछ।प्रत्येक नेपालीलाई आफ्नो इतिहास र स्वाभिमान, सङ्घर्ष र बलिदान, परिवर्तन र उपलब्धिप्रति गौरवबोध गराउन विद्यालय शिक्षामा नै ती विषयहरू राख्न आवश्यक छ। यस्तै विद्यालय शिक्षादेखि नै असल नागरिक कसरी बन्ने भन्ने विषय, नैतिक शिक्षाका ज्ञानहरू, आध्यात्मिक शिक्षाका ज्ञानहरू समावेश गर्न आवश्यक छ। यसका कार्यान्वयनका लागि बजेटमा विशेष व्यवस्था गरिनुपर्दछ।

सम्माननीय अध्यक्ष महोदय, समग्रमा बजेट सन्तुलित तथा यथार्थपरक नै देखिन्छ। बजेटको प्राथमिकतामा आर्थिक सुधार, निजी क्षेत्रको प्रवर्द्धन, कृषिको व्यवसायीकरण, उर्जा, सूचना प्रविधि, पर्यटन, औद्योगिक विकास र पूर्वाधार निर्माण रहनु स्वागतयोग्य कुरो हो । तर यसको लागि आवश्यक स्रोत परिचालनको समुचित व्यवस्था, प्रशासनिक व्यवस्थामा सुधार र कर प्रशासनमा सुधार, सार्वजनिक ओहदामा बस्ने पदाधिकारीहरूको देश र जनताप्रतिको जवाफदेहितामा संरचनात्मक सुधारको आवश्यकता पर्दछ। कूल गार्हस्थ्य उत्पादनमा ६% को वृद्धिको लक्ष्य राखिए तापनि यसको लागि आवश्यक स्रोत परिचालन अर्थात् थप पुँजीगत लगानीको व्यवस्था निकै चुनौतीपूर्ण रहेको देखिन्छ ।देशको आर्थिक विकास गर्न भनेर सरकारले नै कूल पुँजीगत खर्च रु ३५२ अर्बको प्रक्षेपण गरेको छ। तर आगामी आर्थिक वर्षमा सरकारले यो खर्च गर्न सक्छ कि सक्दैन? भन्ने कुरा विगतका तथ्याङ्कहरूले नै प्रश्न खडा गरिरहेको छ।

सम्माननीय अध्यक्ष महोदय, ६% को आर्थिक वृद्धि हासिल गर्न कम्तीमा पनि १२% ले निजी क्षेत्रमा जाने कर्जा लगानीको परिमाणात्मक वृद्धि हुन जरुरी हुन्छ।जसको लागि आगामी आर्थिक वर्षमा बैंक तथा वित्तीय संस्थाहरूबाट निजी क्षेत्रमा कम्तीमा पनि रू. ६०० अर्बको थप लगानी हुनुपर्दछ । तर सकारले नै रु.३३० अर्ब आन्तरिक ऋण उठाउने प्रक्षेपण गरेकोले यसले स्रोत परिचालनमा अनावश्यक दबाब सिर्जना गर्ने भएकोले निजी क्षेत्रको लागि आवश्यक रकम कसरी जुटाउने हो भन्ने महत्त्वपूर्ण प्रश्न खडा भएको छ। त्यसमा पनि विभिन्न नीतिगत कारणले गर्दा बैंक वित्तीय संस्थाहरूले निजी क्षेत्रलाई कर्जा विस्तार गर्न नसकेको अवस्था छ। यसको लागि नेपाल राष्ट्र बैंकले बैंकहरूको पुँजीकोष वृद्धि हुने, सम्पत्तिको जोखिम भार घटाउने,

कर्जा नोक्सानी व्यवस्थामा सुधार गर्ने, निजी क्षेत्रले सहज तरिकाले कर्जा प्राप्त गर्न सक्ने नीतिगत सुधारका कार्यहरू अविलम्ब गर्नुपर्ने देखिन्छ।

सम्माननीय अध्यक्ष महोदय, अर्थतन्त्रको विकासको लागि नीतिगत स्थिरताको पनि आवश्यकता पर्दछ। सरकार फेरिनु र मन्त्री वा सचिव फेरिनुबाट हचुवा किसिमले तारन्तार नियम, कानुनहरू फेरिनु हुँदैन। उद्योगी व्यवसायीहरूको लागि विश्वसनीय व्यावसायिक वातावरण बनाउन सकिएमा मात्र अर्थतन्त्र विस्तार गर्न सकिन्छ। देशमा रोजगारी बढाउन तथा उत्पादन बढाउन सरकारले निजी क्षेत्रसँग हातेमालो गर्दै हिँड्नुपर्दछ तब मात्र निजी क्षेत्रको मनोबल बढ्दछ । कर प्रशासनमा पनि व्यापक सुधारको आवश्यकता छ। करको दर नबढाई करको दायरा बढाउन जरुरी छ। कर तिर्नेहरूका लागि सहज प्रशासनिक वातावरण बनाउन जरुरी देख्दछु। यसको लागि सबै कर प्रशासकहरूलाई देश र जनताप्रति जवाफदेही बनाउने संयन्त्र बनाउनपर्ने देख्दछु।घर जग्गा व्यवसायलगायत कतिपय अन्य व्यवसायहरू तथा विशेष दक्षता प्राप्त केही क्षेत्रका श्रमिकहरूसमेत चाहेर पनि करको दायरामा आउन सकिरहेका छैनन्। यसको लागि सरकारले उपयुक्त किसिमको छुट, आर्थिक तथा गैर आर्थिक सुविधा दिने गरी सम्मानजनक नीतिगत व्यवस्था गर्नु जरुरी छ। कतिपय आयआर्जनहरू सुषुप्त अवस्थामा रहेकोले राष्ट्रिय आय गणना समेत यथार्थपरक हुन नसकेको अवस्था छ। साथै अनौपचारिक अर्थतन्त्रमा हुने कारोबारले एकातिर राष्ट्रिय आय गणनामा नकारात्मक असर पारेको छ भने अर्कोतिर ती व्यवसायहरूमा हुने आम्दानी करको दायरामा पनि आउन नसकेको अवस्था छ । तसर्थ, अनौपचारिक अर्थतन्त्रमा हुने कारोबारको यकिन गरी राष्ट्रिय आय गणनालाई यथार्थपरक बनाउन सरकारले तत्कालै विशेष अध्ययन गराउन जरुरी देख्दछु। विद्युत् प्रसारण लाइन र वितरण कार्यमा निजी क्षेत्रसमेत सहभागी हुने गरी कानुनमा प्रबन्ध गरिने विषय सकारात्मक देखिन्छ । यस्तै आगामी आर्थिक वर्षमा १६ लाख पर्यटक भित्र्याउने गरी पर्यटन प्रवर्द्धन कार्यक्रम ल्याउनु सकारात्मक छ।तर ती ज्यादै चुनौतीपूर्ण देखिन्छ। यसका लागि आवश्यक पूर्वाधार तयार गर्न समेत बजेटको व्यवस्था गरिनुपर्दछ।यस्तै आर्थिक वर्षलाई सूचना प्रविधि दशकको प्रस्थान वर्ष मान्दै आईटी जनशक्तिलाई फेलोसिप र इन्टर्नसीपका सामान्य कार्यक्रमदेखि अत्याधुनिक आईटी हब निर्माणलगायतका लक्ष्य सकारात्मक रहेको छ।

सम्माननीय अध्यक्ष महोदय, देशको बाह्य क्षेत्र सुविधाजनक भएता पनि आन्तरिक अर्थतन्त्र शिथिल रहेको यो घडीमा पुँजीगत खर्च बढाउन सरकारले अधिकतम प्रयास गर्नु जरुरी छ। अन्तमा महान् सहिदहरूको बलिदानको सम्मान, राष्ट्रिय आवश्यकता, जन चाहना अनुरूप समाजवाद उन्मुख

(१३:२८ बजे)**पीठासीनः-**माननीय उपाध्यक्ष बिमला घिमिरे।

**माननीय श्री अज्ञान शाक्य (मनोनीत)**ः-आर्थिक, सामाजिक रूपान्तरणका लागि सुशासन, विकास, सामाजिक न्यायसहित "समृद्ध नेपाल, सुखी नेपाली" को राष्ट्रिय आकाङ्क्षाको लक्ष्य पूरा गर्ने बाटोमा यस बजेटको कार्यान्वयन पक्ष अवश्य पनि सबल हुनेछ, सफल हुनेछ भन्ने विश्वास गरेको छु। धन्यवाद।

**सम्माननीय अध्यक्ष**ः- माननीय सदस्य नर बहादुर विष्ट । समय १० मिनेट । त्यसपछि माननीय सदस्य पदम बहादुर परियार।

(१३:२९ बजे)**माननीय श्री नर बहादुर विष्ट (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र)**ः- सम्माननीय अध्यक्ष महोदय, हामी आर्थिक वर्ष. ०८१।०८२ को बजेट वक्तव्यमाथि हामी छलफल गरिराखेका छौं । त्योभन्दा पहिला म १९ गते सुर्खेतमा हावा, हुरीका कारण सयौं घरबारविहीन भएर प्रताडित भएका छन्। संघीय सरकारलाई ती घरबारविहीन छाना उडाएर छानाविहीन भएकाहरूलाई राहतको प्याकेज तत्काल देओस् भन्ने म आग्रह गर्न चाहन्छु। आज हामी ०८१।०८२ को बजेट वक्तव्यमाथि छलफल गर्दैछौं । यो भन्दा अगाडि सरकारले आर्थिक वर्षको विनियोजित बजेटमाथिका प्राथमिकता, सिद्धान्तमाथि हामीले छलफल गर्न पाइएन। किनभने प्रजातान्त्रिक अभ्यासले गर्दाखेरि यो भन्दा अगाडि पनि अभ्यास त भएकै थियो।त्यो अभ्यास सम्बन्धित ठाउँमा उभिएर गर्थ्यो यतिबेला चाहिँ रोष्टम घेरेर प्रजातान्त्रिक अभ्यासबाट हामी पनि जनताका सुसूचित हुने अधिकारबाट वञ्चित भयौं।यद्यपि अहिले बजेट वक्तव्यमा सहजतापूर्वक बजेटमाथिका छलफलहरू गर्न पाएका छौं हामीले।त्यसैले म यो खास बजेटको समीक्षा मैले बुझेको यो बजेट ०६५ देखि यता १५ औं योजनासम्म आउँदाखेरि नितान्त यो नेपाली मौलिकताको आधारमा नेपाली जनताको मनमा र विश्लेषणात्मक व्याख्या गरिएको छ।सहजतापूर्वक नेपाली जनताले बुझ्ने गरीकन व्याख्या गरिएको छ।जुन गणतन्त्र आइसकेपछि गणतन्त्रको डेढ दशकमा गरिएका गणतान्त्रिक सरकारले गरेका कामहरूको बारेमा यहाँ सहजतापूर्वक यसको समीक्षा गरेको छ।यसले हामी कति उपलब्धि भयौं, कति अगाडि बढेका छौं भन्ने चाहे त्यो पूर्वाधार होस्, चाहे त्यो अन्य क्षेत्रमा होस् । किनभने हाम्रो २०६४।०६५ मा हामीले ८ खर्बको बजेट थियो भने अहिले हामी १८ अर्ब ६० करोड ३० लाखको बजेट यहाँ प्रस्तुत गर्दैछौं।त्यतिबेला प्रत्येक नेपालीको आय अमेरिकन डलर ४९१ मा

थियो भने अहिले हामी १४५६ मा हाम्रो वृद्धि भएको छ। यसले समग्र रूपमा त्यतिबेला सडक ५००० थियो भने अहिले १८००० कालोपत्रे, १ लाख ५ हजार सडक, ग्रावेल सडकदेखि लिएर सबै सडक यसको टोटल समीक्षा गरेको छ यसले। हामीले कति गर्न सक्यौं र कति गर्न सकेनौं यसका चुनौती र सम्भावनाहरूको बारेमा सविस्तार यहाँ व्याख्या गरिएको छ। किनभने गणतन्त्रमा केही पनि भएन भनेर जुन खालको भाष्य सिर्जना गरिँदैथ्यो। त्यसको प्रत्युत्तर यो बजेट भाषणले मूल प्रस्तावनामा नै सहजतापूर्वक यसले व्याख्या गरेको छ, बुझ्ने गरी गरेको छ। र यसले बजेटका प्राथमिकता, सिद्धान्त र चुनौतीका बारेमा पनि सविस्तार यहाँ राखेको छ। जसले कार्यान्वयन गर्नको लागि सहजता होस् भनेर ५ उद्देश्य छन्। ५ रुपान्तरणकारी क्षेत्रको यहाँ र कार्यान्वयनको क्षेत्र छ, ५ प्राथमिकताकासाथमा अगाडि राखिएको छ। यी जुन खालका सैद्धान्तिक र आर्थिकरूपमा र हामीले कार्यान्वयन गर्ने र यसमा रहेका आर्थिक चुनौतीलाई अगाडि बढाउनको लागि जसरी यहाँ सविस्तार गरिएको छ त्यसैले यो बजेट मौलिक छ, सहजता छ र यसलाई कार्यान्वयन गर्नको लागि यहाँ प्रतिबद्धता र उद्देश्यसहित यहाँ प्रस्तुत गरिएको छ । यो बजेटमाथि म विशेष धन्यवादसहित समर्थन गर्न चाहन्छु। अब यो मूल प्रस्तावना समृद्ध नेपाल, सुखी नेपाली को राष्ट्रिय आकाङ्क्षा, सुशासन, सामाजिक न्याय र समृद्धिको सोच समीक्षा, १६ औ योजना, नेपालको संविधानले १५ औं योजनाको समीक्षासहितको यो बजेट यहाँ प्रस्तुत गरिएको छ। मैले अघि भनें गणतन्त्र दशकको पनि यहाँ समष्टिगत समीक्षा गरिएको छ। विशेष गरेर हामी कृषिलाई प्राथमिकता दिएर, कृषिमा आत्मनिर्भर अर्थतन्त्रको र यो बजेटले कृषिमा आधारित आत्मनिर्भर अर्थतन्त्र विकास गर्नको लागि थुप्रै खालका यहाँ बुँदागत ढङ्गले ३४७ वटा बुँदामा समेटिएको छ। समीक्षा छ यसमा, यसमा कार्यान्वयन गर्ने प्रतिबद्धता छ, लगानी छ, निजी क्षेत्रलाई प्रोत्साहित गरिएको छ। त्यसैले हामी सँधैभरि बजेट बनाउने त गरेका छौं। कार्यान्वयनका चुनौती छन्। लगानीमैत्री बनाउनको लागि आठवटा कानुन एकैचोटी संशोधन गरिएको स्थिति पनि छ। त्यसैले हामी यो बजेटलाई समयसापेक्षता अहिलेको आवश्यकतामा चुनौतीपूर्ण यहाँ माननीय सदस्यहरूले यो महत्त्वाकाङ्क्षी बजेट पनि भन्ने कुरा आयो। स्वाभाविक रूपमा राज्य महत्त्वाकाङ्क्षी नहुँदासम्म राज्य अगाडि बढ्न सक्तैन। राज्यले महत्त्वाकाङ्क्षी हुनैपर्छ। र जुन करका दायराहरू सीमा समस्या छन्, तिनलाई सहजीकरण तरिकाले, सहज तरिकाले जुन खालको करमा चुहावट, भन्सारमा चुहावट छ । त्यसलाई नियन्त्रण गर्ने जुन खालको योजना र कानुन बनाउने प्रतिबद्धता गरिएको छ। निश्चित रूपमा यो भन्दा बढीको बजेट ल्याउन सकिन्छ । जुन खालको नीतिगत ढङ्गले हाम्रो प्रशासनिकमा ब्युरोक्रेसीमा जुन खालको यसलाई आत्मासात् जसरी राजनीतिक पार्टीका लिडरसीपहरूले अगाडि बढाउने सोच छ। त्यो अनुसारको हाम्रो ब्युरोक्रेसीमा केही त्यसको सीमा समस्याहरू छन्, कार्यान्वयनमा समस्या छन्।

सहज तरिकाले सामान्य जनताको पहुँचमा हाम्रो ब्यूरोक्रयाट्स छैन।त्यसैले हामीले राज्य परिवर्तन गर्यौं। राज्यको संरचना परिवर्तन गर्यौं । तर ब्यूरोक्रेसीको चिन्तन र चेतना र त्यसलाई यो गतिमा लिनको लागि हामी चुकेका छौं। त्यसको सुधार गर्ने यहाँ प्रतिबद्धता आएको छ।जुन खालको घरेलु मदिराको ब्राण्डिङ भन्ने छ। त्यस्तै गाँजाको चाहिँ गत साल पनि बजेट अधिवेशनमा आएको थियो।अहिले कार्यान्वयन भएन।यो औषधीजन्य प्रयोजनको लागि गाँजालाई जुन यहाँ अहिले गर्ने प्रतिबद्धता छ।यसलाई कानूनी रूपमा लागू गर्ने गरीकन आउनु जरुरी देख्छु मैले।र त्यस्तै थुप्रै खालका जनतासित सरोकार राख्ने यहाँ कार्यक्रमहरू आएका छन्, ती कार्यक्रमहरू चुनौतीपूर्ण छन् । निश्चित रूपमा चुनौतीपूर्ण रहेका छन्। हामीले कसरी कार्यान्वयन गर्न सक्छौं भने पहिलो प्राथमिकतामा चुनौतीलाई सामना गर्नको लागि अहिलेको अर्थमन्त्री त्यसमा सक्षम हुनुहुन्छ जस्तो लाग्छ मलाई।थुप्रै खालका अघि नै धेरै भनिसकियो यहाँ। कृषिका क्षेत्रमा, उर्जाको क्षेत्रमा, सूचनाको क्षेत्रमा जुन खालको त्रिभुज आकारको आर्थिक प्याकेजको रूपमा अहिलेको प्राविधिक युगमा सूचना, सञ्चारलाई जसरी व्यवस्थित गरेर यसलाई अझ बढी बनाउन सकिन्छ। ३० लाख, ३० अर्बको जुन खालको लक्ष्य राखिएको छ।५ लाखलाई रोजगारी दिने लक्ष्य राखिएको छ।१० लाखलाई अप्रत्यक्ष रोजगारी दिने देखि लिएर थुप्रै खालका सूचीहरू यहाँ छन्।तर मुख्य कुरा चुनौती हामीले सामना गर्न सक्ने यसलाई कार्यान्वयन गर्न चुनौती हो।किनभने यो भन्दा अगाडि पनि धेरै खालका छन्। मैले अघि नै भनें ०६५ देखि अहिलेसम्मको बजेट वक्तव्यमा मौलिकता यहाँ छ।यसलाई गर्ने आत्मविश्वास देखिन्छ, प्रतिबद्धता देखिन्छ।लगनशीलता देखिन्छ र सबैको साझा दस्तावेजको रूपमा यो आएको मैले बुझेको छु। त्यसैले म आग्रह गर्न चाहन्छु। कार्यान्वयनको चुनौतीलाई कार्यान्वयन ढङ्गले अगाडि बढाउनको लागि हामीले जहिले पनि हामीले बजेट १५ गते ल्याउने गर्छौं।कार्यान्वयन असार मसान्तमा हुने जुन समस्या छ। त्यसलाई चाहिँ हामी समयमै गत वर्ष पनि असार र साउनमा सबै गरिसक्छौं भन्ने खालको प्रतिबद्धता थियो।त्यो खालको प्रतिबद्धता अहिले पनि छ तर यथार्थमा यसलाई कार्यान्वयन होस् भन्ने कुरा राख्दै आफ्नो भनाइ अन्त्य गर्छु। धन्यवाद।

<u>**सम्माननीय अध्यक्ष**</u>:- माननीय सदस्य पदम बहादुर परियार । समय १५ मिनेट । त्यसपछि माननीय सदस्य सोनाम गेल्जेन शेर्पा ।

**(१३:३९ बजे)**<u>**माननीय श्री पदम बहादुर परियार (नेपाली कांग्रेस)**</u>:- सम्माननीय अध्यक्ष महोदय, यही जेठ १९ गते तनहुँ जिल्ला लगायत देशै भरिका विभिन्न जिल्लाहरूमा हावा, हुरीका

कारणले विभिन्न कृषि उपजहरूमा क्षति भएको जानकारीमा आएको छ।तसर्थ, म सभाध्यक्ष महोदयमार्फत नेपाल सरकारलाई ती क्षति बेहोरेका कृषकहरूलाई आवश्यकतानुसारको क्षतिपूर्ति दिनुहुनको लागि सभाध्यक्ष महोदयमार्फत माग गर्न चाहन्छु।दोस्रो कुरा प्रत्येक राजकीय पदभार ग्रहण गरिसके पछाडि सामान्यतया १०० दिनलाई सिक्ने समय, जान्ने समयको रूपमा लिइन्छ। मलाई लाग्छ, आज ठ्याक्कै १०० दिन भए जस्तो लाग्छ। पछल्लो चरणमा हामीले निर्वाचित भएर आएको यो १०० दिनमा हामीले जे जे राम्रा कुराहरू सिक्ने मौका पायौं। जे जे नराम्रा कुराहरू देखेर पनि सिक्ने मौका पायौं।ती सबै कुराबाट सिक्नै आगामी दिनमा अझै कर्तव्यनिष्ठ र अझै जिम्मेवार भएर प्रस्तुत हुने प्रतिबद्धता पनि व्यक्त गर्नुपर्दछ जस्तो लाग्दछ। अर्को समग्रमा म जेठ १५ गते माननीय अर्थमन्त्रीले प्रस्तुत गर्नुभएको आर्थिक वर्ष २०८१।०८२ सालको बजेट वक्तव्यका केही राम्रा पक्षहरूलाई मैले बुझे अनुसार यसमा केही राम्रा पक्षहरूलाई उजागर गर्न चाहन्छु । समग्रमा बजेट बाहिर देखिँदाखेरि जमाना नै कस्तो भएछ भने त्यसको भित्री रुप जे जस्तो भएता पनि बाहिर देख्दाखेरि त्यो टिलिक्क, झलक्क एकदमै राम्रो देखिनुपर्ने खालको चाहिँ जमाना आएछ।यो बजेट पनि त्यस्तै तरिकाले बनाइएको छ। असाध्यै राम्रो टिलिक्क,झलक्क पारेर बनाइएको छ । पाँच वटा उद्देश्य प्रष्ट प्रष्टसँग राखिएको छ । पाँच वटा रणनीति भन्नका निम्ति ५ वटा रुपान्तरणकारी क्षेत्र भनेर सर्लक्कक सम्झिनलाई यसो झर्लक्क हेर्नलाई असाध्यै राम्रोसँग देखिने गरीकन बनाइएको छ।विभिन्न आर्थिक करिडोरहरू आर्थिक क्षेत्रमार्फत विकास गर्ने भनेर चाहिँ प्रष्टसँग उल्लेख गरिएको छ। आर्थिक वृद्धि ६% प्राप्त गर्ने भनेर असाध्यै महत्त्वाकाङ्क्षी लक्ष्य राखिएको छ।जबकि औसत आर्थिक वृद्धिदर जम्मा २.९६% अबको ५ वर्षको औसत आर्थिक वृद्धिदर भइरहेको सन्दर्भमा केही वर्ष अगाडि ७% सम्म पनि हामीले आर्थिक वृद्धिदर हासिल गरेका थियौं। तर यो पटक ६% सम्म हासिल गर्न सकिन्छ भन्ने खालको लक्ष्य राखिएको छ।मदिरा र चुरोटमा कर बढाइएको छ। यो त अझै धेरै बढाउनुपर्छ भन्ने मेरो विचार छ किनभने इण्डियामा भन्दा नेपालमा मदिरा र करमा असाध्यै कम कर लगाए जस्तो लाग्छ मलाई। औषधी प्रयोजनको लागि गाँजाको व्यावसायिक उत्पादन थालिनेदेखि लिएर निजगढदेखि ढल्केवरसम्मको क्षेत्रलाई चाहिँ नेपाली गलैंचा करिडोरको रूपमा विकास गर्ने, बङ्करदेखि ब्यारेकसम्मका कार्यक्रम, बुढीगण्डकी, दूधकोशीलगायतका जलाशययुक्त आयोजनादेखि अन्य आयोजनाहरूबाट ९०० मेगावाट बिजुली उत्पादन गर्ने लक्ष्यदेखि लिएर हाम्रो बा-आमा हाम्रो जिम्मेवारी लगायतका कार्यक्रम, तिनाउ र नारायणी नदीमा सिग्नेचर ब्रिज बनाउनेदेखि लिएर मूलपानी क्रिकेट रङ्गशाला विराटनगरको कोइराला रङ्गशालादेखि लिएर राष्ट्रिय गौरवका आयोजनादेखि लैजानेदेखि लिएर प्रत्येक प्रदेशमा १००० युवालाई सीपमूलक तालिम प्रदान गर्नेदेखि लिएर नेपाललाई चाहिँ विवाह गन्तव्य बनाइने र त्यसलाई जनकपुरलाई चाहिँ हब

बनाइने, पृथ्वी राजमार्ग-भच्चेक-मनकामना-बेनीघाटमा पडवे सञ्चालनको लागि सम्भाव्यता अध्ययन गर्ने देखि लिएर त्रिभुज विकास कार्यक्रम, इन्ट्रेस्टिङ एकदमै आशा लाग्ने सुन्दाखेरि कता कता आच्या हुन्छ र भन्या जस्तो पनि लाग्ने खालका सम्मका कार्यक्रमहरू समेटेर यो बजेट ल्याइएको छ।यी बजेटका केही राम्रा कुराहरूसँगै बजेटका केही सैद्धान्तिक पक्षहरू केलाउनु जरुरी छ। पहिलो पक्ष यो बजेट आइसके पछाडि असाध्यै मिश्रित अपनत्व आएको छ।सामान्यतया सत्तारुढ दलले बजेटको सामान्यतया राजनीतिक संस्कारमा त्यसको स्वागत गर्ने हो।त्यसलाई स्वीकार गर्ने र बजेट बनाउँदाखेरि नै सबै सत्तारुढ दलहरूको सल्लाहमा बनाउने चलन हुन्छ, राजनीतिक संस्कार हुन्छ।तर यो पटक बजेट बन्दाखेरि त्यस्तो भएजस्तो घनीभूत रूपले त्यो भएजस्तो देखिएन।बजार, मिडियामा आएका कैयौं कुराहरूले यी कुराहरू भनिरहेका छैनन्। तसर्थ बजेटको अपनत्वका कुराहरूमाथि ज्यादै ठुला प्रश्न चिन्ह उठिराखेको छ।अर्को कुरा रूपान्तरणकारी क्षेत्र भनेर असाध्यै राम्रो शब्द Transformative Sector भनेर एउटा रुपबाट अर्को रूपमा लैजाने भन्ने खालको अर्थमा बजेटमा चाहिँ प्रस्तुत गरिएको छ । तर त्यहाँ भित्र गएर यद्यपि भोली मन्त्रालयगत बजेट हेरिसकेपछाडि त्यसमा अझै विवेचना गर्न सकिएला । तर त्यहाँभित्र राखिएका दुई चार वटा कार्यक्रमहरू हेरियो भने देखि चाहिँ ती Transformative Sector जस्तो देखिँदैन।ती स-साना बिग प्रोजेक्टहरू जस्तो देखिन्छ। तसर्थ त्यसलाई अर्थ मन्त्रालय र सरकारमा रहेका दलहरू, सम्माननीय प्रधानमन्त्री लगायतले विशेष रूपमा हेर्नुपर्ने जस्तो देखिन्छ। मैले सर्सर्ती बिहान १६ औं योजनालाई पनि यो बजेटसँग अलिकति दाँजेर हेरेको सोच र उद्देश्य सम्म ठिकै ठिकै छ। पछि प्राथमिकताका क्षेत्र र क्रियाकलापहरूमा गएर हेर्यो भनेदेखि इण्डिकेटरहरूमा गएर हेर्यो भनेदेखि त्यहाँ धेरै कुराहरू फरक देखिन्छ। तसर्थ, अस्ति भर्खर आफैंले १६ औं योजना बनाउने, यो देशको योजना बनाउने, फेरि बजेट ल्याउँदा चाहिँ त्यसलाई Compliance हुने गरेर नलिएर आउँदाखेरि अलिकति कहीं न कहीं Lapse हरू भएको देखिन्छ।अर्को महत्त्वपूर्ण के पनि छ भने यो बजेटले समृद्ध नेपाल र सुखी नेपालीको लक्ष्य राखेको देखिन्छ। तर मेरो व्यक्तिगत विचारमा यो देशमा अझै पनि २७.२७% गरिबहरू छन्। यसको मतलब प्रत्येक ६ जनामा १ जना व्यक्तिले अहिले पनि खान नपाएर, अहिले पनि विद्यालयमा राम्रोसँग पठनपाठन गर्न नपाएर, अहिले पनि राम्रोसँग आवश्यकतानुसारको लुगा लगाउन नपाएका नागरिकहरू भइरहेको ठाउँमा यो बजेटले गरिबलाई केन्द्रित गरेर चाहिँ खासै कार्यक्रम ल्याएको छैन।। भन्न त सकिन्छ सबै बजेटका क्रियाकलापहरूले गरिबीलाई घटाउने नै हो, त्यसरी blanket रूपमा भन्न सकिन्छ। तर त्यसरी भनेर मात्रै सुख पाइन्छ जस्तो मलाई लाग्दैन। तसर्थ मधेशलाई बजेट हेर्दाखेरि मधेशलाई सबैभन्दा जहाँ सबैभन्दा धेरै जनसङ्ख्या छ। जहाँ सबैभन्दा धेरै विविधता छ। जहाँ सबैभन्दा धेरै गरिबी देखिरहेको छ। साक्षरता दर

कम देखिराख्या छ।त्यस्तो ठाउँमा सबैभन्दा कम चाहिँ बजेट प्रदेशको हिसाबले पर्नु यो पनि ज्यादै दुर्भाग्यपूर्ण कुरा जस्तो लाग्छ मलाई। बजेटका अन्य केही पक्षहरू म तपाईहरूसँग चाहिँ म विश्लेषण गर्न चाहन्छु।यहाँहरूलाई पनि थाहै छ पछिल्ला केही वर्षहरूमा नेपाली विद्यार्थीहरू विदेशमा पढ्न जाँदाखेरि जति सम्पत्तिहरू खर्च हुन्छ। त्यसको दर असाध्यै कहालीलाग्दो तरिकाले बढेको छ। २-३ वर्ष अगाडिसम्म मात्र २४-२५ अर्ब नेपाली सम्पत्ति विदेशमा पढ्न जाने विद्यार्थीहरूले लिएर गएका थिए भने देखि पछिल्लो २ वर्षमा यो सङ्ख्या बढेर लगभग १०० अर्बको हाराहारीमा पुगेको छ।मैले शिक्षा क्षेत्रमा राखिएका कार्यक्रमहरू सर्सर्ती हेरेँ। त्यसलाई एड्रेस गर्ने गरेर खासै कार्यक्रम आएको देखिँदैन। यदि यही क्रम चाहिँ अगाडि बढ्दै जाने हो भनेदेखि हामी असाध्यै ठुलो सङ्कटमा चाहिँ फस्नेछौं।भर्खरै कक्षा ९ मा पढ्दै गरेको १ जना छात्रको बुबाको हैसियतले यो देशमा अहिलेको विद्यमान शैक्षिक संस्थाहरूमा बालबालिकालाई पढाउन कति चुनौतीपूर्ण छ, कति गाह्रो र कति अप्ठ्यारो छ भन्ने कुरा मैले भोगेको छु, मैले त्यो थाहा पाएको छु।तपाईंहरूसँग लाजै नमानीकन भनौं अस्ति भर्खर सांसद भएपछि मैले पढाइरहेको विद्यालयमा असाध्यै महँगो fee भएको कारणले गर्दाखेरि त्यो विद्यालय मैले परिवर्तन गरेर सस्तो विद्यालयमा पढाउनुपर्ने बाध्यता आयो।कक्षा ११, १२ र ब्याचलर लेभलको मास्टर्स लेभलको पढाइ गर्नको लागि कति चुनौतीपूर्ण छ होला? तपाईं हामीले हेरौं ।तसर्थ त्यसलाई एड्रेस गर्ने गरेर शिक्षा मन्त्रालयबाट बजेट आउनुपर्ने ठाउँमा त्यही सामान्य Internship र सामान्य Skill Development का कुराहरूलाई राखेर बजेट आएको छ।यो त्यति सुहाउँदो र समयसापेक्ष छ जस्तो मलाई लागेको छैन। अर्को असाध्यै दुःखपूर्ण कुरा, असाध्यै चित्त नबुझ्ने र जति धेरै आलोचना गरे पनि नपुग्ने कुरा आएको म यो सदनलाई जानकारी गराउन चाहन्छु। केही महिना अगाडि मात्रै मैले नै यहि रोष्ट्रममा उभिएर नेपाल सरकारलाई धन्यवाद दिएको थिएँ कि अति अशक्त र पूर्ण अशक्त, अपाङ्गता भएका व्यक्तिहरूलाई नेपाल सरकारले चाहिँ व्यक्तिगत सहयोगी सेवा दिनको लागि सम्झौता गरेको छ।त्यसको लागि धन्यवाद ज्ञापन गरेको थिएँ।आज ठ्याक्कै ७४-७५ दिन भयो दिपक भण्डारी, प्रेम बुढाथोकीलगायतका साथीहरू शान्ति वाटिकामा धर्ना बसेका छन्।पूर्ण अशक्तता, अपाङ्गता भएका व्यक्तिहरू सरकारले १४ गते सम्झौता गरेर हुन्छ हामी दिन्छौं भनेर भन्यो, कार्यविधि बनाएर अर्थ मन्त्रालय पठायो। अर्थ मन्त्रालयबाट पनि हुन्छ भनेर भनियो । बजेटमा लास्टमा आउँदाखेरि पनि तपाईंहरूको माग सम्बोधन हुन्छ भनेर भनियो तर बजेट पढ्दै जाँदाखेरि केही पनि छैन । यसरी, एउटा अत्यन्त प्रकृतिले पनि गाह्रो बनाएको अत्यन्त कष्टपूर्ण जीवन बाँचिरहेका व्यक्तिहरूलाई सरकारै लागेर चाहिँ ढाँट्ने, सरकार नै लागेर चाहिँ धोका दिनेसम्मको जुन कामहरू भएको छ, यो असाध्यै खेदपूर्ण भएको म यो सभालाई जानकारी गराउन चाहन्छु र

बजेटमा पुरातन तरिकाले केही सामान्य पुनर्स्थापनका कार्यक्रमहरू गर्ने, त्यही पहिलादेखि दिइरहेको तीन पाङ्ग्रे स्कुटरलाई दिइराखेको स्कुटरको छुटलाई दिने र सामान्य चाहिँ स्वास्थ्य बीमालाई प्रवर्द्धन गर्ने कार्यक्रम भन्दा बाहेक अन्य धेरै कार्यक्रमहरू चाहिँ अपाङ्गता क्षेत्रमा नरहेको चाहिनी मैले पाएको छु। सरसर्ती मैले त्यो समानीकरणका पैसाहरू कसरी कसरी गएको छ भनेर बिहान सरसर्ती हेर्दाखेरि यसो कता कता कस्तो देखिन्छ भने जता जता हाम्रा ठुला ठुला मन्त्रीहरू हुनुहुन्छ, जता जता हाम्रा ठुला ठुला नेताहरू हुनुहुन्छ त्यतै त्यतैका जिल्ला, त्यतै त्यतैका स्थानीय तहहरूमा अलि बढी अलि धेरै छानिएर ठुला योजनाहरू गएको जस्तो पनि देखिन्छ। यदि यसरी नै यस्तै खालको राजनीतिक चरित्र यस्तै खालको राजनीतिक इमान्दारिता यस्तै खालको चाहिँ डाडु पन्यू आफ्नो हातमा पर्दाखेरि जहाँ आफूले चाहेको हो त्यहीँ चाहिँ बढी खन्याउने प्रवृत्ति देखाउने हो भनेदेखि यो देश बनाउन बडो मुस्किल पर्दछ।तपाईं हामी जस्तो एउटा पढे लेखेको, समाजलाई परिवर्तन गर्छौं भनेर लडेर आएको नेता गणहरूले पनि फेरि त्यही पुरानो प्रवृत्तिलाई दोहोर्याउने हो भने यो देश बन्नलाई बहुत् धेरै समय लाग्दछ।अझै कठिन हुनेछ। तसर्थ सबैले छातीमा हात राखेर सोच्नुपर्ने बेला आएको छ।यदि यो देश साँच्चै बनाउने हो भने देखि हामी सबै इमान्दार बन्नुपर्दछ। यदि यो देश साँच्चै रूपान्तरण गरेर अर्को ठाउँमा लिएर जाने हो भने देखि तपाईं हामीले सोचेको, तपाईं हामीले जनतालाई भनेको स्थानमा लिएर जाने हो भने, रूपान्तरण गर्ने हो भने देखि हामी आफैं इमान्दार भएर जानुपर्छ र अन्त्यमा अर्थ मन्त्रालयले विना शीर्षकमा ५ वटा एमसीसी बन्ने जत्रो रकम २२२ अर्ब रकम विना शीर्षक जसरी राखेको छ।दाल में कुछ काला है, म यहाँबाट भन्न बाध्य छु, दालमा कुछ काला है । यसरी राख्न पाइँदैन।यसरी विनाशीर्षक, यसरी विना ठुला ठुला परियोजनाहलाई उल्लेख नगरीकन यसरी राख्दाखेरि यसले धेरै संशय पैदा गरेको छ।म चाहन्छु- म सभाध्यक्ष महोदयमार्फत भोली माननीय अर्थमन्त्रीज्यूले यो सभालाई सम्बोधन गर्दाखेरि यसको बारेमा प्रष्टरूपमा चाहिँ जवाफ दिनुहुनेछ भन्ने मैले अपेक्षा गरेको छु र अन्त्यमा यो बजेट समग्रमा ठीकै ठीकै खालको आएता पनि यो देशलाई रूपान्तरण गर्ने हिसाबमा जसरी व्याख्या गरिएको छ। त्यस्तो खालको आउनलाई अझै आएको छैन। यसको खास गरीकन कार्यान्वयन पक्षमा गइसके पछाडि हामीले हेर्नुपर्छ र मन्त्रालयगत बजेटहरू कसरी बाँटफाँट भएका छन् । ती हेरिसकेपछि अझै विस्तृत रूपमा यसलाई व्याख्या गर्न सकिन्छ भन्ने मेरो आफ्नो धारणा राख्दै म यहाँबाट बिदा हुन चाहन्छु।हस्त धन्यवाद। जय नेपाल।

<u>**सम्माननीय अध्यक्ष**</u>:- माननीय सदस्य सोनाम गेल्जेन शेर्पा। समय ११ मिनेट । त्यसपछि माननीय सदस्य गोमा देवी तिमल्सिना।

(१३:५३ बजे)**<u>माननीय श्री सोनाम गेल्जेन शेर्पा (सभापति, संघीयता सबलीकरण तथा राष्ट्रिय सरोकार समिति)</u>**:- अध्यक्ष महोदय, आर्थिक वर्ष २०८१।०८२ को यो बजेटको सम्बन्धमा केही कुरा स्पष्ट गर्न चाहन्छु। यो इकोनोमी भन्ने कुरा अलिकति जटिल। हिजो हामीले सोचेको इकोनोमी अर्कै थियो।गाउँ घरमा बस्थ्यौं, खान्थ्यौं। सहरमा केही मान्छेहरू बस्थ्यो र गाउँ, घरको मान्छेहरू साग उमाथ्र्यो, चामल उब्जनी गथ्र्यो र त्यहीँबाट आत्मनिर्भर गथ्र्यो र इकोनोमीसँग लेनदेन थिएन।र सहरका बजारका केही मान्छेहरूले मात्र इकोनोमीमा चलखेल गथ्र्यो। तर आज गाउँमा उत्पादन हुन छाडेको छ।सबै मान्छे इकोनोमीसँग जोडिएको छ। विदेशमा जान्छ, पैसा कमाउँछ, सबै मान्छे इकोनोमीसँग जोडिएको छ।हिजोको अवस्थामा हामीले धेरै अप्ठ्याराहरू भोग्यौं। लगभग लगभग १९-२० वर्ष हाम्रा माओवादी युद्धमा भोग्यौं।त्यसैगरी अरु धेरै समस्याहरू भोग्यौं। तैपनि हाम्रो इकोनोमीहरू ल्याप्स भएन, केही भएन।देशले इकोनोमीको ठुलो सङ्कट बेहोर्नुपरेन। तर आज अवस्था जटिल छ।हामीले यस्तै अवस्थामा रहने र हामीले इकोनोमीमा केही कदम नचाल्ने हो भने अब हिजोको जस्तो केही सङ्कट पर्यो केही हुँदैन पशुपतिको भरोसामा हाम्रो देश चल्छ भन्न छाडे हुन्छ।त्यसकारण यो भयङ्कर खतरा, स्थितिमा पुग्न सक्छ।त्यसकारण इकोनोमीमा हामी अलिकति सिरियस हुनुपर्छ।अझ म त के भन्छु भन्दाखेरि देशको इकोनोमी यस्तो जटिल अवस्थामा छ जस्तो मलाई लाग्दछ।अब बजेटको सकारात्मक पक्ष हुँदा हुँदै पनि हामी अलिकति विवेक भएको भनेर हामीलाई चुनेर पठाएको छ।यसको विषयमा नबोल्दाखेरि अहिले सामाजिक सञ्जाल सबै कुरामा हात उठाउनेहरू विवेकै नभएर चाहिँ रोष्टममा उभिएको हो जस्तो लाग्दछ। त्यसकारण केही विवेकका आफुलाई लागेका कुराहरू यहाँ प्रस्तुत गर्न खोजेको छु।अब यो इकोनोमीलाई हामीले अलिकति हेर्ने हो भने बैंकमा पैसा धेरै बचत भएको छ। बैंक चलायमान हुन सकेको छैन।अर्कोतिर बजार शिथिल छ। बजारमा चाहिँ पैसा चलखेल गर्न सकेको छैन।यो इकोनोमीले चाहिँ कति महत्त्व राख्छ भन्ने कुरातर्फ पनि हामी जान चाहन्छौं।र सरकारले यो इकोनोमीलाई चाहिँ चलायमान बनाउनको लागि सरकारले ९० अर्ब जति पैसा भुक्तानी गर्नुपर्ने रहेछ ठेकेदारको पैसा, सबै कुरा, यताउति निर्माण सिर्माण, विकास निर्माणका कुरा भुक्तानी गर्नुपर्ने रहेछ। यो पैसा जबसम्म सरकारले भुक्तानी गर्न सक्दैन। बजार चलायमान हुन सक्दैन । किनभने यो ठेकेदारको पैसा मात्र हैन, भुक्तानको पैसा मात्र हैन। यसले सिमेन्ट उद्योगको पैसा तिर्न सकेको छैन । उद्योगको पैसा तिर्न सकेको छैन। ज्यालादारी मजदुरको पैसा तिर्न सकेको छैन।अलकत्राको पैसा तिर्न सकेको छैन। फलामको पैसा तिर्न सकेको छैन। रडको पैसा तिर्न सकेको छैन।त्यसकारण हाम्रो उद्योगधन्दाहरू कसरी चाहिँ चलायमान हुन सक्छ ।यसमा

सरकारले बजेटमा कुनै पनि कुरा उल्लेख गरेको छैन। यसप्रति म सरकारको ध्यानाकर्षण गर्न चाहन्छु।त्यसकारण बजार चलायमान बनाउने हो भने आर्थिक चलायमान बनाउनुपर्छ।यो आर्थिक चलायमान बनाउने भनेको सरकारले जुन किसिमको दायित्व निर्वाह गर्नुपर्ने हो। त्यो दायित्व निर्वाह गरेर सरकारले त्यो पैसा दिनुपर्छ जस्तो मलाई लाग्दछ। अर्को हामी संघीयतामा गैसकेका छौं।हाम्रो बजेट कस्तो बनाउने भन्ने कुरा हाम्रो एउटा गोल हुन पर्यो।हामीले बजेट बनाउँछौं ।पपुलारिटी गेन गर्छौं। सबै कुरा गेन गर्छौं।तर हाम्रो गोल संघीयता प्रणालीलाई सबलीकरण गर्ने, हाम्रो गोल समाजवादी अर्थतन्त्रमा जाने हाम्रो संविधानले नै उल्लेख गरेको छ।यो गोलमा जानको लागि हाम्रो बजेटहरू निर्माण हुनुपर्दछ। तर दुःख के लाग्दछ भन्दाखेरि यो गोललाई टार्गेट नगरीकन हाम्रा बजेटहरू बन्न थालेको छ।हामी कति पपुलर हुन्छौं। कहाँ के गर्दा हुन्छ भनेर हाम्रो गोललाई म्याच गर्दैनौं। अब यो हाम्रो दिगो विकासका कुराहरू छन्, अन्तर्राष्ट्रिय रूपमा गरेका सन्धि-सम्झौताका कुराहरू छन्।त्यसलाई छाडेर अहिले हामीले प्रपर यहाँ सोध्नुपर्ने कुरा चाहिँ संघीय प्रणालीमा हाम्रो अर्थतन्त्रहरू कसरी जान्छ? हाम्रो वित्तीय कुराहरू कसरी जान्छ? भनेर सोध्न जरुरी छ भने अर्को अर्कोतिर हामी कस्तो खालको समाज बनाउँदैछौं, हामी कसरी सोसलिजममा जान चाहन्छौं भनेर हाम्रो अर्थतन्त्रहरूलाई अगाडि बढाउन चाहिँ हामीले खोज्नुपर्छ जस्तो मलाई लाग्दछ। र हामीले यो बजेटमा व्यवस्था गरे अनुसार हामीलाई ठूलो आशावादी के थियौं भने यो देशको सम्माननीय प्रधानमन्त्रीज्यूले हरेक ठाउँमा प्रतिबद्धता व्यक्त गर्नुभयो।संघीय प्रणाली र संघीय व्यवस्थालाई म एकदम राम्रो बनाउँछु भनेर जुन किसिमले चाहिँ वहाँले प्रतिबद्धता व्यक्त गर्नुभयो त्यो अनुरूपको हामीले बजेटमा ल्याउन सकेनौं। ससर्त अनुदान धेरै बढेको छ। समानीकरण अनुदान घटेको छ।र प्रदेशमा जाने, स्थानीय सरकारमा जाने अनुदानहरू घटेको छ। यसले के देखाउँछ भन्दाखेरि हामीले अब संघीय सबलीकरण गर्नुको सट्टा अझै पनि मिनिमाइज गरेर सबलीकरण गर्न सकेनौं कि भन्नेतर्फ हाम्रो प्रश्नवाचक चिन्ह छ।त्यसकारण यतातिर सरकारले सोचोस्। किनभने यो संघीय व्यवस्थाको एउटा चाहिँ भाग लिने, एउटा चाँहि अपनत्व लिने भन्ने प्रधानमन्त्रीज्यू अहिले सत्तामा हुनुहुन्छ। त्यसकारण म प्रधानमन्त्रीको पनि संघीयता व्यवस्थाको सबलीकरणतिर अलि ध्यान, वित्तीय संघीयतातर्फ प्रधानमन्त्री र अर्थमन्त्रीको ध्यानाकर्षण गर्न चाहन्छु।र हामीले सोचे अनुसारको जुन किसिमको संघीय व्यवस्था छ।त्यो संघीयता व्यवस्थामा हामीले चाहिँ केही गर्न सकिरहेको छैनौं।तर दोष कहाँ दिइरहेको छ भने प्रदेश Failure भयो, स्थानीय तहहरू Failure भयो। म त के भन्छु भन्दा यो स्थानीय तह, प्रदेश तह Failure हुनु भनेको हाम्रो संविधान Failure हुनु हो।त्यसकारण यो संविधानको चाहिँ Failure हुन नदिन चाहिँ पहलकदमी केन्द्रीयस्तरबाट लिनुपर्छ। त्यसकारण आज यो संघीयता व्यवस्था कुनै पनि मानेमा फेल हुन्छ भन्यो भने केन्द्रिय

सरकारको अनुदारवाद र केन्द्रीय सरकारको पहलकदमी नभएको कारणले संघीयता फेल हुन्छ नत्रभने प्रदेशले फेल गराएको हैन, स्थानीय तहले फेल गरेको हैन। स्थानीय तहले त खोजिरहेको छ हाम्रो अधिकार चाहियो। हामिलाई चाहिँ यो भएन । हामीलाई वित्तीय, प्रशासनिक, राजनीतिक चाहियो भनेर। राजनीतिक संघीयतामा त हामी केही कुरामा सफल भएका छौं । तर आज हामी प्रशासनिक संघीयतामा हामी सफल हुन सकेका छैनौं।कर्मचारी नियमावली कहाँ छ? कुन रूपमा छ? यो हामीले भेट्न सकिरहेका छैनौं।शिक्षा नियमावली कहाँ छ? शिक्षा ऐन कहाँ छ? निजामती कर्मचारी ऐन कहाँ छ? हामीले भेट्न सकिरहेका छैनौं।यो छिटोभन्दा छिटो पारित गर्न जरुरी छ। त्यस्तै आज वित्तीय संघीयतामा पनि हामीले गएर यो बजेट बाँटफाँटको कुरालाई हामीले सिरियसली सोच्न जरुरी छ जस्तो मलाई लाग्दछ । र हामीले जुन किसिमले धेरै कुराहरू गर्यौं। यसमा सानसाना कुराहरू आएको छ। हामीलाई लाज लाग्दो कुरा के भइरहेको छ भने सगरमाथा अन्तर्राष्ट्रिय दिवस मनाउने। यो विदेशले गरिसक्यो सबै। अन्तर्राष्ट्रिय रूपमा न्यूयोर्कमा मनाउँछ, जापानमा मनाउँछ, ब्रिटेनले मनाउँछ अन्तर्राष्ट्रिय सगरमाथा दिवस। तर आज मात्र हाम्रो सरकारले चाहिँ सगरमाथा चिन्यो कि जस्तो मलाई लाग्दछ। त्यसकारण यस्तो कुराहरूलाई त्यसलाई फेरि त्यति ठुलो कुरा नगरीकन सम्मान गर्ने क गर्ने भनेर सानो कुरालाई ठुलो पारेर चाहिँ बजेटमा ल्याएको छ। यो बजेटमा राख्नुपर्छ जस्तो पनि मलाई लाग्दैछ।अस्ति मैले सुनें कुनै व्यक्तिलाई, कुनै व्यक्तित्वलाई रु. १ लाखको पुरस्कार र एउटा प्रमाण पत्र दिइयो रे । यही हो त अन्तर्राष्ट्रिय रूपमा हामीले सगरमाथा दिवस मनाउने भन्ने आज हामीले चाहिँ १६ लाख पर्यटक ल्याउने भनिराखेका छौं। भएको कुराहरूलाई हामीले व्यवस्थित गर्न सकिरहेको छैनौं।हिमालमा जाने पर्यटकहरूलाई सुलभ तरिकाले हवाई व्यवस्थापन गर्न सकिरहेका छैनौं। हामीले बारम्बार यो सदनमा के कुरा उठायौं भन्दाखेरि त्यो हवाई व्यवस्थापन गर्नको लागि ट्राफिक जाम छ त्रिभुवन विमानस्थलमा? त्यसकारण पहाडी क्षेत्रमा एउटा चाहिँ यो क्षेत्रीय विमानस्थलको चाहिँ विकास गर्नुपर्छ। पूर्वमा एउटा, मध्यमा एउटा र पश्चिममा एउटा गर्न पाए तीनवटा चाहिँ पहाडी क्षेत्रमा हामीले क्षेत्रीय विमानस्थल चाहिँ डेभलप गर्न पायौं भने एउटा ठुलो प्लेनले त्यहाँ लाने, त्यहाँबाट सानो प्लेनले चाहिँ सेड्युल फ्लाइट गरेर चाहिँ सम्बन्धित ठाउँहरूमा पुर्याउने।१४-१५ सिटेले पुर्याउने व्यवस्था भयो भने हाम्रो पर्यटनलाई सुलभ हुन्छ भनेर हामीले बारम्बार भनेका थियौं। तर यो बजेटमा त्यो खालको व्यवस्था पनि हुन सकेन किनभने त्यो व्यवस्था गर्नको लागि धेरै बजेटहरू पनि चाहिँदैनथ्यो। थोरै बजेटले हुन्थ्यो।एक अर्ब डेढ अर्ब खर्च गर्यो भने त्यो बजेटले हामी ३-४ ठाउँलाई चाहिँ हामी क्षेत्रीय विमानस्थलको रूपमा विकास गर्न सक्थ्यौं।तर हामी १६ लाख पर्यटन ल्याउन भनिरहेका छौं। भएको कुरालाई पनि व्यवस्थापन गर्न सकेका छैनौं। पर्यटन भनेको भएको

कुरालाई व्यवस्थापन गरेर अर्को ठाउँमा पनि हामीले त्यसलाई अलिकति राम्रो खालको पर्यटनको विकास गर्न सक्दछौं भन्ने मान्यताको आधारमा विकास गर्न सक्यौं भने पर्यटन नेपालमा असीम सम्भावनाहरू छ। अनि लुम्बिनीको कुरा आयो। अब लुम्बिनीलाई चाहिँ बच्चा जन्माउन जाने Birth Center को रूपमा विकास गर्ने भनेर आयो। यो हाम्रो बुद्ध धर्मको मान्यता अनुसार कतिको राम्रो छ। हाम्रो विश्वासमा आँच पुग्छ कि पुग्दैन? भन्नेतिर पनि एक चोटी सोचौं। हामी के भन्छौं भने त्यो ठाउँमा गएर जन्मियौं भने राम्रो भन्छौं। तर कुनै देवीको थानमा, पवित्र ठाउँमा बच्चा जन्माउनु भनेको त राम्रो मान्दैनौं हामी बुद्धिस्टहरू।त्यसकारण यो कार्यक्रम कसरी आयो? त्यसलाई राम्रो खालको व्यवस्थापन गरेर त्यहाँ पूजा गर्ने, बुद्धको दर्शन गर्ने त्यस्तो खालको ठाउँको रूपमा चाहिँ विकास गर्नु पर्छ जस्तो मलाई लागेको छ, यसतर्फ पनि सरकारको ध्यान आकर्षण गर्न चाहन्छु। तपाईंहरू धेरै कुरा त हामी अब नास्तिक भएका छौं। हामीलाई यो धर्म कर्म प्रति विश्वास छैन, केही छैन भनेर हामी उभिन्छौं। तर त्यो धर्म कर्म मान्ने मान्छे जाने ठाउँ हो लुम्बिनी भनेको। त्यसकारण त्यो धर्म कर्म मान्ने मान्छेको आस्थामा चाहिँ हामीले कति प्रहार गयौं भनेर सोच्न एकचोटी अर्थमन्त्रीज्यू लगायत नेपाल सरकारलाई म ध्यानाकर्षण गराउन चाहन्छु। र अन्त्यमा बजेटको सकारात्मक पक्षहरूलाई समर्थन गर्दै मैले जुन किसिमका आफ्ना यसलाई विरोध भन्दा पनि बजेटको सुझावको रूपमा यो सरकारले लिइदिनुहुनेछ भन्दै मेरो यो बजेटसम्बन्धी केही शब्दहरूलाई यहीं समाप्त गर्दछु। धन्यवाद।

**<u>सम्माननीय अध्यक्ष</u>**:- माननीय सदस्य गोमा देवी तिमल्सिना। समय ७ मिनेट । त्यसपछि माननीय सदस्य तारामान स्वाँर।

(१४:०६ बजे)**<u>माननीय श्री गोमा देवी तिमल्सिना (नेपाल कम्युनिष्ट पार्टी, एकीकृत समाजवादी)</u>**:- सम्माननीय अध्यक्षज्यू, अध्यक्षज्यूको अनुमतिले म आफ्नो कुरा राख्न गइरहेको छु।सर्वप्रथम म अस्ति शुक्रबार र शनिबार आएको ठुलो हावा, हुरीले चितवन र नवलपरासीमा केरा खेती र मेवा खेतीलाई सख्त नष्ट बनाएको छ।त्यस किसानहरूको लिजमा जग्गा लिएर खेती गरेका फलफूल खेती त्यहाँ सरकारको ध्यान पुर्याउनको लागि म अध्यक्षज्यूमार्फत त्यहाँ किसानहरूलाई के गरेर वहाँहरूलाई सहयोग पुर्याउन सकिन्छ। यो सरकारको ध्यान पुगोस् भन्ने म अनुरोध गर्न चाहन्छु। यो अहिलेको बजेट ०८१।८२ को पुस्तिका हाम्रो सबैको हात हातमा छ।अत्यन्तै राम्रो, अत्यन्तै मेहनतकासाथ अर्थमन्त्रीज्यूले प्रस्तुत गर्नुभयो।हामी सबैले ताली बजायौं। सबैले समर्थन गयौं।हाम्रो यसमा विमति रहेन। हामी सरकार पक्षका पनि रहेछौं।

त्यसैले पनि हामीले विरोध भन्दा पनि समर्थनै गर्यौं। यसमा समर्थन छ। तर समर्थन हुँदाहुँदै पनि यो बजेटलाई हामी पास गर्ने हामी पक्ष विपक्ष हामी सबैको जिम्मेवारी हो। हामी सबैले समर्थन गरेका छौं। यो समर्थन गर्दा गर्दै पनि यसभित्र रहेका कमीकमजोरीलाई हामी सत्ता पक्ष भए पनि प्रतिपक्ष भए पनि उठाउन सान्दर्भिक हुन्छ भन्ने म चाहन्छु। अब अरुले धेरै कुराहरू उठाइसक्नुभएको छ। म सोझो कुरा मात्रै भन्न चाहन्छु। यो सरकारले जहिले पनि नीति ल्याउँदाखेरि अस्ति नै नीति कार्यक्रममा पनि त्यो एकदमै राम्रो आयो। अहिले बजेटमा पनि राम्रो आयो। औद्योगिक क्षेत्रका कुराहरू आएका छन्, कृषिका कुराहरू आएका छन्, फलफूल खेतीका कुराहरू आएका छन्, सबै कुराहरू आएका छन् । कृषिलाई यति राम्रोसँग आको छ, एक पन्नामा एक चोटि, अर्को पन्नामा दुइ पन्ना छुटयाएर कृषिकै कुरा आएको छ, त्यसमा एउटै विषयलाई रेगुलर एउटै बुँदामा पनि अन्त्य गरिएको छैन। त्यसे गर्दाखेरि ओहो यो त धेरै आएछ। धेरै हो यो भन्ने परोस् भन्ने ठानेर हो कि के हो ? त्यसरी आएको छ। तर एउटै सिरियलमै आए पनि कति आयो भन्ने कुरा हिसाबकिताब निस्किहाल्छ त्यति धेरै कुराहरू आउँदा आउँदै पनि कृषिको बजेट त घटेकै छ। अनि बजेट घट्छ, कार्यक्रममा आउँछ। अनि कसरी त्यो कहाँ हुन्छ। यो एउटा शङ्कै गर्नुपर्ने कुरा भन्ने कि यसलाई कसरी पूरा हुन्छ भनेर सोध्ने? यो कुरा रह्यो। अब यता विदेश जाने श्रमिकहरूलाई हामी नेपालमै राख्ने, आफ्नो देशमै राख्ने, उत्पादनमा जोड्ने भन्ने कुरा गर्छौं। अनि विदेश जानको लागि हामी निर्व्याजी, विनाधितो रकम उपलब्ध गराउँछौं। धितो राखेर ऋण खोजेर त उ विदेश जान तयार छ भने झन् हामी धितो नै नराखीकन ऋण दिन तयार छौं भने अनि हाम्रो देशका युवाहरूलाई फेरि पनि बाहिर अलि धेरै जाउ भनेर पठाउन खोजेको त हैन भन्ने मलाई लागेको छ। यसमा मेरो प्रश्नवाचक नै छ मेरो यसमा। अब देशमा उद्योगधन्दाको कुरा गरिरहिएको हुन्छ। यहाँ कञ्चनपुर, बाँके, रुपन्देही, चितवन, मकवानपुर, औद्योगिक क्षेत्रको कुरा गरिएको छ। यो कुरा गरेको धेरै वर्ष भइसक्यो। चितवनको शक्तिखोरमा, मकवानपुरको मयुरधापमा औद्योगिक क्षेत्र बन्छ भनेको धेरै वर्ष भैसक्यो। तर अहिलेसम्म त्यसको डीपीआर पनि छैन बजेटिङ पनि छैन, कुनै योजना पनि छैन । अनि यो सबै ठाउँमा कसरी औद्योगिक क्षेत्र बन्छ। यहाँ यसपल्टको उसमा चाहिँ के भनिएको रहेछ भने साझेदारीको कुरा ल्याइएको छ। त्यो साझेदारी कसरी हो त कोसँग हो? कोसँग कुरा गरियो साझेदारी काम गर्नको लागि? हामीले कसरी डीपीआर तयार गर्न थाल्यौं । त्यो कुनै योजना छैन। योजना बेगर कुरा मात्रै लेखेर हुँदैन। काम कसरी गर्ने । बरु थोरै गरौं। काम गरौं। परिणाममुखी काम गरौं । अनि मात्रै हामीलाई जनताले पत्याउँछन्। जनताले पत्याउने कुरा गरौं। अनि हामी त्यसरी सफल हुन सक्छौं। अब त्यो सँगसँगै जीर्ण उद्योगको पनि कुरा गरिएको छ। अहिले कतिवटा उद्योग थलै पर्न लागिसके। जस्तै हेटौंडा सिमेण्ट उद्योग, उदयपुर सिमेण्ट

उद्योग, यी ठुला भारी उद्योगहरू हुन्। यी अहिले जीर्ण बन्दैछन्।यी उद्योगहरू किन जीर्ण बने। नेपालमा माटो पाइन्छ, चुनढुङ्गा पाइन्छ। कोइला पनि पश्चिम हाम्रो दाङतिर निस्किन्छ।केही केमिकलहरू मात्र बाहिरबाट ल्याउने हो।तर त्यो कारण के हो भने जुन सरकार आयो।अहिले पार्टी पनि मिलिजुली छ।अनि जसको उद्योग मन्त्री बन्यो।अनि त्यो उद्योग मन्त्रीले आफ्नो मुताविक त्यहाँ अध्यक्ष पठाउने । अनि त्यहाँको एउटा जिम्मेवार पदमा पनि आफ्नै मान्छे पठाउने। अनि कार्यकर्ता भर्ती गर्ने। फेरि त्यो उद्योगले नधाने त्यहाँ पनि फेरि मान्छे चाहिँ त्यहाँ फेरि भर्ती गर्या गर्यै गर्ने । यो कारणले गर्दाखेरि यी भारी उद्योगहरू जीर्ण भएका हुन्।त्यसो भएको हुनाले यी उद्योगहरूलाई कसरी जोगाउने भन्ने विषयमा छिटोभन्दा छिटो सरकारले सोच्नुपर्छ भन्ने कुराहरू म यहाँ राख्न चाहन्छु। जस्तै ..... (समय सकिएको)

**सम्माननीय अध्यक्ष**:- माननीय सदस्य तारामान स्वाँर।समय १० मिनेट । त्यसपछि माननीय सदस्य विष्णु देवी पुडासैनी।

(१४:१३ बजे)**माननीय श्री तारामान स्वाँर (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र)**:- सम्माननीय अध्यक्ष महोदय, माननीय अर्थमन्त्रीज्यूले आर्थिक वर्ष २०८१।८२ का लागि यही जेठ १५ गते संघीय संसदको संयुक्त बैठकमा पेश गरेको बजेटमाथि हामी छलफल गरिरहेका छौं।बजेटका असल पक्ष र कमजोर पक्षबारे छलफल गर्नुभन्दा पनि आ-आफ्नै सोच र दृष्टिकोण अनुरूप मात्रै चर्चा परिचर्चा भइरहेको मैले महसुस गरिरहेको छु।अत्यन्तै जटिल अन्तर्राष्ट्रिय अवस्था र राष्ट्रिय अर्थतन्त्र शिथिल हुनुका साथै राजनैतिक अस्थिरताको अवस्थामा आएको यो बजेट धेरै महत्त्वाकाङ्क्षी नभएर सकेसम्म वस्तुवादी, सन्तुलित र समावेशीका रूपमा आएको छ।स्रोतको अभावलाई आत्मसात् गर्दै बजेट न त धेरै सानो न त धेरै ठुलो आकारको र न त वितरणमुखी नै छ। यो सन्तुलित नै रहेको छ।बजेटको उद्देश्य र प्राथमिकता पनि समयानुकूल नै छन्।आर्थिक वृद्धिको लक्ष्य र राजस्व लक्ष्य समेत पूरै गर्न नसकिने खालका छैनन्।कृषि, पर्यटन, उर्जा, सूचना प्रविधि र उत्पादनमूलक क्षेत्रमा बजेट केन्द्रित रहेको छ।अर्थतन्त्र सुधारका लागि पुरानासहित थुप्रै नयाँ थप सकारात्मक कार्यहरू ल्याइएको छ।त्यसर्थ यो बजेटलाई स्वागत गर्नुका साथै यसको सफल कार्यान्वयनको लागि सरकार प्रतिबद्ध रहने अपेक्षासहित बजेटको मूल स्पिरिटलाई समर्थन गर्दै आफ्ना केही जिज्ञासा र सुझावहरू राख्न चाहन्छु।

सम्माननीय अध्यक्ष महोदय, आर्थिक वर्ष ०८१।०८२ को बजेट सबै हिसाबले समावेशी सन्तुलित र आर्थिक शिथिलता र निराशा चिरेर केही आशा जगाउने खालको भएता पनि

सुदूरपश्चिमका भने यो बजेट आशा जगाउने खालको छैन। विगतमा सुदूरपश्चिमका सन्दर्भमा नीति तथा कार्यक्रममा उल्लेख भए पनि बजेटमा समावेश नगरिने बजेटमा समावेश भए न्यून बजेट विनियोजित हुने जस्ता कारणले विकास निर्माणका कामले गति लिन नसकेको तितो व्यवहार यसपालि पनि दोहोरिएको छ। सुदूरपश्चिमलाई धार्मिक पर्यटन आर्थिक हब बनाइने, ४०० केभी प्रसारण लाइनको सेती करिडोर तथा डोटी सिलगढीलाई सांस्कृतिक सहरका रूपमा विकास गरिने नयाँ योजनासहित बाँकी पुराना योजनाहरूको नै निरन्तरता रहेको छ। नीति तथा कार्यक्रममा घोषणा भएका मेगा फुट पार्क एवम् कैलालीको गेटास्थित सहिद दशरथ चन्द स्वास्थ्य विज्ञान विश्वविद्यालयमा ३०० शय्याको सञ्चालन लगायतका विषय पनि समेटिएका छैनन्। मानव विकास सूचकाङ्क, वित्तीय पहुँच, पूर्वाधार र मानव संसाधनमा धेरै पछाडि परेको सुदूरपश्चिम लक्षित जति कार्यक्रमहरू आउनुपर्ने हो त्यति नआएकोले सुदूरपश्चिम उत्साहित हुन सकेको छैन।

सम्माननीय अध्यक्ष महोदय, विगतका कार्यक्रम र योजनाहरूले सोचे अनुसारको प्रतिफल दिन नसक्नुका कारणहरूको खोजी गरिनु पर्दछ। राजस्व सङ्कलन लक्ष्य भन्दा धेरै कम रही लक्ष्य पूरा हुन नसकेको अहिलेको अवस्थामा राजस्व असुली र वृद्धिका गम्भीर रूपले सोच्नुपर्दछ। पुँजीगत खर्च घट्दै जानु र साधारण खर्च बढ्दै जानु हाम्रो बजेटको मुख्य समस्याको रूपमा रहँदै आएको छ। हाम्रो पुँजीगत बजेट अर्थात् विकास बजेट त्यसै पनि सानो आकारको हुने र त्यो पनि खर्च हुन नसकेर प्रत्येक वर्ष फ्रिज हुने अवस्थालाई बदल्नुपर्दछ। त्यसको लागि स्रोतको व्यवस्थापन र परिचालन सही ढङ्गले गरिनुका साथै हाम्रो खर्च गर्ने क्षमतालाई बढाउन आवश्यक छ। स्रोतहरूको कमीलाई पूरा गर्न आवश्यकताभन्दा बढी बाह्य र आन्तरिक ऋणको भार बढाउनु हाम्रो जस्तो कमजोर अर्थतन्त्र भएको देशको लागि आत्मघाती हुनेतर्फ सबैले सोच्नुपर्दछ। बजेटमा उल्लेख गर्ने तर कार्यान्वयन नगर्ने रोगबाट हामी मुक्त हुन सकेका छैनौं। त्यसर्थ कार्यान्वयनको सुनिश्चितता हुने संयन्त्रको निर्माण गरिनुपर्दछ। बजेट उत्पादन उत्पादकत्व र रोजगारी बढाउने आयात प्रतिस्थापन गर्ने र कृषि तथा खाद्य उद्यमलाई प्राथमिकता दिने गरी कृषि क्षेत्रमा बजेटले विशेष जोड दिएको छ। अन्नपात तरकारी पशु तथा मत्स्य उत्पादनमा र फलफूलमा आत्मनिर्भर हुने कार्यक्रमहरू ल्याइएका छन्। निश्चय नै यो स्वागतयोग्य छ। र दृढतापूर्वक कार्यान्वयन भएमा अर्थतन्त्र सुधारको दिशामा यो एउटा कोसेढुङ्गा साबित हुनेछ। यस अघि कृषि क्षेत्रमा बाँडिएको अर्बौं रकमको अनुदानको न त उचित र सही ढङ्गले प्रयोग भएको छ। न त्यसले उत्पादन र रोजगारीमा वृद्धि गरेको छ। न त युवा पलायनमा नै कमी आएको छ। यसको कारण खोजी समाधान गरिनुपर्दछ । त्यस्तै कृषि क्षेत्रका लागि महत्त्वपूर्ण र आवश्यक एकीकृत कृषि ऐन तत्काल निर्माण गरिनुपर्दछ। हाम्रा सीमाहरू खुला रहेसम्म हामी

कृषि लगायतका क्षेत्रमा कसरी आत्मनिर्भर रहन सक्छौं। यसबारे गम्भीरतापूर्वक सोचिनुपर्दछ। कृषिमा लगानी दशकको घोषणा गरेर निजी क्षेत्र र विकास साझेदारहरूलाई आकर्षित गर्न खोजेको छ। हाम्रो देशमा कृषि क्षेत्रमासमेत दलाल पुँजीवाद हावी भएको अवस्थामा लगानीका लागि विदेशी पुँजी भित्र्याइनुले हाम्रो कृषि क्षेत्रको विकासमा नकारात्मक असर त पर्दैन? भन्नेतर्फ सरकारले सजग भएर सोच्नुपर्दछ। निश्चय नै कृषिलाई संरक्षणको आवश्यकता छ र सरकारले नै कृषि क्षेत्रको संरक्षण गरी कृषिको विकास गर्नुपर्दछ। त्यसका लागि कृषिलाई चाहिने महत्त्वपूर्ण वस्तु कृषि ऋण औजार मल बीउ र उपकरण आदिको व्यवस्था सरकारले गर्नुका साथै बजारको मूल्य तोकी सरकारले नै बजारको व्यवस्थापन गर्नुपर्दछ।

सम्माननीय अध्यक्ष महोदय, हाम्रो संविधानले स्पष्ट रूपमा उल्लेख गरेको समाजवाद-उन्मुख अर्थतन्त्रको विकास गर्ने राज्यको आर्थिक उद्देश्यलाई हामी सबैले सिद्धान्त रूपमा त स्वीकारेका छौं तर व्यवहारमा भने नवउदारवादी पुँजीवादलाई नै लागू गरिरहेकाले पुँजीवादी दोष र त्यसले निम्त्याउने नराम्रा परिणाम विकृति र आर्थिक सङ्कटबाट हामी मुक्त हुन सकेका छैनौं। उत्पादन बढाउने हामी सबैको मुख्य उद्देश्य हुने गरेको छ। उत्पादन बढाउनु वा बढ्नुले मात्र समाजवाद उन्मुख अर्थतन्त्रको आधार तयार हुँदैन। त्यसका लागि उत्पादन बढाउनुका साथै त्यसको न्यायपूर्ण र समान वितरण गुणस्तरीय शिक्षा स्वास्थ्य सामाजिक सुरक्षामा ठोस आधार तयार गर्ने योजना हुन आवश्यक छ। त्यसर्थ संविधानलाई आत्मसात् गरेर समाजवाद-उन्मुख अर्थतन्त्रको नेपाली मोडल निर्माण गरी अर्थतन्त्रको मोडलमा रूपान्तरण गर्न अब ढिलाइ नगर्न अब सरकार र सबैलाई आग्रह गर्दै आफ्ना भनाइ यहीं अन्त गर्दछु। धन्यवाद।

**सम्माननीय अध्यक्ष**:- माननीय सदस्य विष्णु देवी पुडासैनी। समय १० मिनेट । त्यसपछि माननीय सदस्य सुमित्रा बिसी।

(१४:२३ बजे)**माननीय श्री विष्णु देवी पुडासैनी (नेपाल काँग्रेस)**:- सम्माननीय अध्यक्ष महोदय, माननीय अर्थमन्त्रीज्यूले संघीय संसदको संयुक्त बैठकमा आगामी आर्थिक वर्षका लागि पेश गर्नुभएका बजेटका बारेमा आफ्ना केही भनाइहरू राख्न गइरहेको छु। सरकारको तर्फबाट माननीय अर्थमन्त्रीज्यूले पेश गर्नुभएको आर्थिक वर्ष २०८१।०८२ को बजेट वक्तव्य ऐतिहासिक हुने र यसले सुशासन एवम् समृद्धि हासिल गर्ने कोसेढुङ्गाको रूपमा काम गर्ला भन्ने हाम्रो अपेक्षा थियो। र सोही अपेक्षाकासाथ हामीले संसदमा माग गरिरहेको संसदीय छानबिन समिति गठनको विषयमा अधिकतम लचकताकासाथ प्रस्तुत भइ एक जिम्मेवार प्रतिपक्षको भूमिका

कुशलतापूर्वकका साथ निर्वाह गरी अवरुद्ध संसदलाई सुचारु गर्ने पहलकदमी गरिएको कुरा सम्मानित सदनका समक्ष पुनः भन्न चाहन्छु।

सम्माननीय अध्यक्ष महोदय, आगामी वर्षको लागि सरकारको तर्फबाट पेश गरिएको आर्थिक विषयमा उल्लेख गरिएको पडवे सञ्चालनका लागि अध्ययन गर्ने, लगानीको मोडालिटी तयार गर्ने र नमूनाका लागि काठमाडौं उपत्यकाका केही नदीहरूमा सञ्चालन गर्ने भन्ने विषयका यस बजेटमा गरिएको सकारात्मक पक्षको रूपमा मैले लिएको छु।सार्वजनिक सवारीको व्यवस्थापन गर्न नसकिएको कारण आम नागरिकहरूले सार्वजनिक सवारी साधनको प्रयोगमा झेल्नुपरेको दुःख कष्टको न्यूनीकरणका लागि पडवे वरदान सावित हुनसक्ने देखिएको छ।तर सरकारले यस व्यवस्थालाई विभिन्न बहानामा अल्मल्याउने काम नगरोस् र पहिलो चरणमा नमूनाको लाग विधेयकमा उल्लेख गरिएको स्थानको अतिरिक्त वीरगञ्जबाट चोभारमा रहेको सुख्खा बन्दरगाहसम्म मालवाहक वस्तुहरूलाई ल्याउन र नेपालगञ्जबाट डोल्पासम्म पर्यटक प्रवर्धन गर्नसमेत सञ्चालनमा चासो देखाओस् भन्ने सुझाव दिन चाहन्छु।यस अतिरिक्त सरकारले आर्थिक विधेयकमा प्रस्तुत गरेका विषयहरू विगतका विनियोजन विधेयकको निरन्तरता मात्र रहेको र खासै नयाँ व्यवस्था गर्नेतर्फ सरकारको ध्यान गएको देखिँदैन। केही वर्ष देखि नै अर्थतन्त्रमा सङ्कट देखिंदै आएको छ।राजस्व सङ्कलनको लक्ष्य प्राप्त गर्न सकिएको छैन।पुँजीगत खर्च बढाउन सकिएको छैन।जसका कारण भएका रोजगारीका अवसर पनि गुम्दै गएको र नयाँ रोजगारीको अवसर सिर्जना गर्न सकिएको छैन। ठुला उद्योग लगायत सहर बजारका अधिकाङ्श सटरहरू बन्द हुँदै गएका र अवसरको खोजीमा नेपाली युवाहरू विदेशिने क्रम तीव्र रूपमा बढ्दै गएको तथा आर्थिक अनियमितता दर बढ्दै गएको तीतो सत्य हाम्रो सामु छर्लङ्ग र छरपष्ट देखिएको छ।मुलुकको अधिकाङ्श जनसङ्ख्या कृषिमा निर्भर रहेका छन्। अधिकाङ्श जनताको रोजिरोटी कृषि क्षेत्रबाटै चलेको तथ्य हाम्रो सामु स्पष्ट नै छ।कृषिको व्यवसायीकरण, आधुनिकीकरण, उत्पादन र उत्पादकत्व अभिवृद्धि गर्ने, कृषिमा लगानी दशक घोषणा गरेको सरकारले सो क्षेत्रको विकास र संवर्द्धनका लागि पर्याप्त बजेट विनियोजन गर्नुपर्छ भन्ने भुलेको देखिन्छ।सरकारले यस क्षेत्रको सुधारका लागि ल्याएको कार्यक्रम र विनियोजित बजेट देख्दा सरकारले यस बजेटबाट निम्न तथा निम्न मध्यम वर्गका किसानहरूलाई उपेक्षा गरेको त हैन ?

भन्ने प्रश्न पनि उठ्न सक्छ।अधिकाङ्श युवाहरू अवसरको खोजीमा विदेशीको तथ्य प्रकाशन गर्ने सरकारले उनीहरूलाई स्वदेशमै रोजगारको अवसर सिर्जना गर्न ल्याएको कार्यक्रम र बजेट हाल पनि कागजमा मात्रै सीमित हुने देखिन्छ। त्यस्तै गरी आधार धर्ती ढाकेका महिलाहरूको सशक्तीकरण गर्ने उनीहरूलाई पनि सकारात्मक राज्य सञ्चालनको महत्त्वपूर्ण

पक्षका रूपमा अगाडि ल्याउन यस बजेटले खासै सकारात्मक पहलकदमी गरेको देखिँदैन। भोलिका कर्णधार विद्यार्थी बालबालिकाहरूको गुणस्तर शिक्षा स्वास्थ्यको लागि सरकारले खासै सकारात्मक कार्यक्रम ल्याएको पनि छैन देखिँदैन। भटाभट बन्द हुँदै गएका सटरहरू पुनः खुलाउन पहलकदमी लिन सरकारले बजेटमा खासै व्यवस्था गर्नपर्नेमा सोतर्फ पनि ध्यान दिएको देखिँदैन। कर्मचारीलाई तलब वृद्धि गर्न नसकेको सरकारले जेष्ठ नागरिक, एकल महिला, दलित, जनजाति, लोकतन्त्र, संघीयता र गणतन्त्र प्राप्तिका लागि विभिन्न समयमा भएका आन्दोलनमा आफ्नो प्राण आहूति दिने सहिद परिवार घाइते एवम् अपाङ्ग भएका नागरिकहरूका लागि समेत थप भत्ता सुविधाको व्यवस्थाप्रति अनुदार बनेर उनीहरूको योग्यताको अवमूल्यन गरेको त छैन भन्ने प्रश्न उठिरहेको छ। अध्यक्ष महोदय १८ खर्ब हाराहारी रहेको बजेटमा करीब १२ खर्ब राजस्वबाट प्राप्त हुने र बाँकी करीब ६ खर्ब ऋण सहयोग हुने भन्ने उल्लेख गरिएको छ। जसमध्ये करीब ११ खर्ब बजेट चालू खर्चमा नै सकिने र करीब ३ खर्ब बजेट ऋण तिर्नका लागि ऋण लिनुपर्ने तथा पुँजीगत खर्च पनि ऋण सहयोगमा नै भर पर्नुपर्ने अवस्था सिर्जना हुनु चिन्ताको विषय हो भन्ने मलाई लागेको छ। अर्थतन्त्र चलायमान हुन नसकेको कारण लक्ष्य अनुसार राजस्व सङ्कलन हुन नसकेको कारण यस परिस्थितिमा पनि सरकारले लक्ष्य बमोजिमको राजस्व सञ्चालन गर्ने भन्ने विश्वास घट्दै गएको छ।

अध्यक्ष महोदय, ऋण तिर्नका लागि ऋणको पासोमा हामी फस्दैछौं। यस्तो अवस्थामा २०२६ मा अतिकम विकसित मुलुक, विकसित मुलुकसँग स्तरोन्नति हुने सहस्राब्दी विकास लक्ष्य हासिल गर्ने समृद्ध हासिल गर्ने जस्ता कुरामा कागजमा मात्र सीमित हुने त हैन? भन्ने महसुस भइरहेको कुरा सम्मानित सदनसमक्ष म अवगत गराउन चाहन्छु। साथै सम्माननीय अध्यक्ष महोदय, अन्त्यमा यस बजेटमा केही राम्रा पक्ष समेटिएको भए पनि कमजोरीहरू धेरै रहेका छन्। आर्थिक विधेयकमा उल्लिखित कार्यक्रमहरू प्रभावकारी ढङ्गले कार्यान्वयन गर्ने क्षमता सरकारमा देखिँदैन। यद्यपि जनकल्याणकारी कार्यमा सरकारको ध्यान पुगोस्। सुशासन, विकास र समृद्धि हासिल गर्न नेपाली जनताको विश्वास जित्न सरकार सफल होस् भन्ने शुभकामना दिँदै बिदा हुन्छु। धन्यवाद। सबैको जय होस्। जय नेपाल।

(१४:३२ बजे)<u>माननीय श्री सुमित्रा बि.सी.(नेपाल कम्युनिष्ट पार्टी, एमाले)</u>:- सम्माननीय अध्यक्ष महोदय, १६औं अधिवेशनको ११औं बैठकमा आर्थिक वर्ष २०८१।०८२ को अनुमानित बजेटमाथि सामान्य छलफल गरिरहँदा विभिन्न शीर्षकमा ७३ पेज, ३४७ बुँदामा मेहनतका साअथ लिपिबद्ध भएर आएको छ। बजेटमा केही राम्रा पक्षहरू छन्, यसलाई म समर्थन गर्न चाहन्छु र

केही अपुरो भएको मलाई महसुस भइरहेको छ तर पनि म समर्थन गरिरहेको छु।बुँदा नं ४ मा समृद्धि नेपाल सुखी नेपालीको राष्ट्रिय आकाङ्क्षा पूरा गर्न आर्थिक सुधारका कार्यक्रमहरू अगाडि बढाउन, आगामी आर्थिक वर्षलाई सुधारको वर्ष घोषणा गर्नुभएको छ। यो राम्रो कुरा छ। बुँदाको ७ नम्बरमा अर्थमन्त्रीले सबैको सुझाव लिएर बजेट ल्याएको कुरा त राख्नुभएछ।तर मलाई लाग्छ सत्तामा साझेदार दलहरू नै छलफलमा नभएको बुझिएको छ।यो छलफलमा सबैलाई सामेल गर्न पाएको भए शायद यो भन्दा अलि राम्रो हुन्थ्यो होला। यसमा कमजोरी भयो कि जस्तो मलाई लाग्यो। माननीय सदस्यहरूको पनि सुझाव लिएको छु भन्नुभएको छ।म पनि एउटा माननीय भएको हैसियतले मैले थाहा पाएनछु जस्तो मलाई लाग्यो। र बुँदा नं.१८ मा आधारभूत स्वास्थ्य सेवा गर्न हरेक वडामा एक आधारभूत स्वास्थ्य सेवा सञ्चालन गर्ने कुरा पनि ल्याउनुभएको छ। यो चाहिँ राम्रो छ। तर निर्माण सम्पन्न भएका ५, १० र १५ शय्याका आधारभूत अस्पतालहरू विधि तय गरी सञ्चालन गरिनेछ भन्नुभएको छ। कहिलेसम्म यो सम्पन्न हुन्छ। यो पनि आउन पाएको भए राम्रो हुन्थ्यो।अस्पताल पनि बन्दैछन्। र यो स्थानीय तह ७५३ पालिका र ६७४३ वडा छ। यिनीहरूमा सञ्चालन गर्नका निम्ति के बजेटले हामीलाई पुग्छ होला ? अर्थमन्त्रीज्यूले शायद यसको जवाफ दिने बेलामा भन्नुहुनेछ। हामीले जतिबेला ०७७।०७८ तिर नेकपा(एमाले) ले नेतृत्व गरिरहेको सरकार माननीय पूर्व प्रधान मन्त्री केपी शर्मा ओलीज्यूले एकै दिनमा ३९६ स्वास्थ्य सेवाको शिलान्यास गर्नुभएको थियो। त्यसको बारेमा पनि के भइरहेको छ होला अहिले जानकारी पाउन पाए राम्रै हुन्थ्यो होला। बुँदा नं १८१ मा अर्थमन्त्रीको ध्यानाकर्षण गर्न चाहन्छु।मृगौला प्रत्यारोपण र डायलासिस सेवा लिने बिरामीहरूको लागि प्रतिव्यक्ति प्रतिमहिना ५००० खातैमा जाने भन्ने कुरा छ।यो शायद अहिले गइरहेको होला।तर यो मृगौला डायलासिस गर्ने एक त यो आफैंमा महँगो छ।त्यो डायलासिस गर्दा राख्ने औषधी झनै महँगो हुने भएको कारणले यसको बारेमा पनि थप केही आउन पाएको भए राम्रो हुन्थ्यो।यहाँ चाहिँ एउटा पेन्सन खाने पेन्सनरलाई यो सेवा नदिने भन्ने चर्चा पनि आएको छ र यो प्राविको एउटा टिचरले कति पेन्सन पाउँछन् र यो डायलासिस गर्दा र त्यसको औषधी महिनामा ३०-४० हजार रुपियाँको औषधी महिनामा खानुपर्ने भएको कारणले यसलाई यो महँगो भार कसरी धान्न सक्छौं र यसको बारेमा सरकारले केही नीति ल्याउने र बजेट छुट्याउने काम गर्न पाएको भए यो अलि जनपक्षीय हुन्थ्यो कि भन्ने मलाई लाग्छ।जटिल रोगहरूको बारेमा जुन ढङ्गले उपचारहरू गर्नका निम्ति सरकारले १ लाखसम्म निःशुल्क गरेको छ।त्यो निःशुल्क गर्ने कुरो १ लाख रुपैयाँ पाउने मान्छे हाम्रो हरेक प्रदेशमा यसको सुविधा नभएको कारणले राजधानी आउनपर्ने भएको कारणले त्यो आउन नसक्ने आर्थिक स्थिति भएका तल्लास्तरका जनताहरूको पहुँचमा यो छैन।त्योसम्म पहुँचमा पुर्याउनका निम्ति सरकारले यो जटिल खालका रोगको

उपचार गर्नको निम्ति त्यस्तो खाले पनि नीति, कार्यक्रम बजेटमा ल्याउन पाएको भए राम्रो हुन्थ्यो।र यो पर्यटकहरू भित्र्याउने भनिएको छ।पर्यटकहरू त आउँछन् तर नेपालमा दुई खाले सिस्टम भएको हामी सबैलाई थाहा छ। त्यही ठाउँमा जाँदा नेपालीलाई एउटा र पर्यटकहरूलाई एउटा भएको कारणले बाहिरबाट पर्यटकहरू ल्याउँदाखेरि उनीहरूलाई मर्का पर्ने भएको कारणले उनीहरू धेरै आउँदैनन्। १६ लाख पर्यटक ल्याउनका निम्ति हामीले यसको बारेमा पनि केही व्यवस्था गर्न पाएको भए राम्रो हुन्थ्यो।थुप्रै कुराहरू सुझाव दिने कुराहरू थियो।यो लामो आर्थिक वक्तव्यमा सुझाव दिनको निम्ति हामी ..... (समय सकिएको) ।

**सम्माननीय अध्यक्ष**:- माननीय सदस्य मदन कुमारी शाह गरिमा।समय ८ मिनेट । त्यसपछि माननीय सदस्य विष्णु बहादुर विश्वकर्मा।

(१४:४० बजे)**माननीय श्री मदन कुमारी शाह (गरिमा) (नेपाल कम्युनिष्ट पार्टी, एकीकृत समाजवादी)**:- सम्माननीय अध्यक्षज्यू, आर्थिक वर्ष २०८१।०८२ को राजस्व र व्ययको वार्षिक अनुमानमाथि छलफल गरिरहँदा सर्वप्रथम म प्रस्तुत बजेटको समर्थन गर्दछु। धेरै अर्थमा यो बजेट राम्रो छ भन्ने अर्थमन्त्रीज्यूले जसरी आगामी आर्थिक वर्षलाई आर्थिक सुधारको वर्ष घोषणा गर्दै आमनागरिकमा आत्मविश्वास र आशा जगाउने विश्वास व्यक्त गर्नुभएको छ।त्यसरी नै सङ्कल्परत रहनुहुनेछ भन्ने म आशा प्रकट गर्न चाहन्छु। बजेटले विकासको गति तीव्र नहुनुका कारण र अर्थतन्त्रमा लामो समयदेखि रहेको संरचनात्मक समस्या पहिचान गरेको छ।कारण र समस्या पहिचानपछि प्रस्तुत उपायहरू कार्यान्वयन हुन सके हाम्रो अर्थतन्त्र एक पाइला भए पनि अगाडि बढ्न सक्छ भन्ने मलाई लाग्दछ। तर समस्या पहिचान र उपाय सुझाउने मामिलामा हाम्रो समस्या छैन, समस्या छ त कार्यान्वयनको। जति नै राम्रा कार्यक्रम घोषणा भए पनि कार्यान्वयन पक्ष फितलो भयो। कार्यान्वयनमा पारदर्शिता, इमान्दारिता र प्रतिबद्धता रहेन भने सुखी नेपाली समृद्ध नेपालको लक्ष्य नारामा सीमित रहनेछ। तसर्थ प्रस्तुत कार्यक्रमहरूको कार्यान्वयनमा सबैभन्दा बढी ध्यान दिन आवश्यक छ भन्ने मलाई लाग्दछ।यो बजेटको समर्थन गर्दै म आफ्ना केही सुझावहरू राख्दै बजेटमाथि रहेका आफ्ना जिज्ञासाहरूको स्पष्टताका लागि माननीय अर्थमन्त्रीज्यूलाई अनुरोध गर्न चाहन्छु। बजेटले तय गरेका ५ उद्देश्य र ५ प्राथमिकता राम्रा छन्। यो बजेटले महिलामा लगानी वर्ष, स्वास्थ्य, शिक्षा, पर्यटन, कृषि, सूचनामा प्राविधिक क्षेत्रका १००० युवालाई फेलोसिप दिने, राष्ट्र निर्माणमा युवा परिचालन कार्यक्रम, नेपालको पहिलो मेडिकल विश्वविद्यालय सहीद दशरथ चन्द स्वास्थ्य विज्ञान विश्वविद्यालय सञ्चालन गर्ने,

रक्सी र चुरोटमा कर वृद्धि, हाम्रो बा-आमा हाम्रो जिम्मेवारी जस्ता कार्यक्रमहरू राम्रा र नवीन छन्।यसको लागि म यो सरकारलाई हार्दिक धन्यवाद दिन चाहन्छु। यति भनिरहँदा मलाई लागेको यो बजेटले जसरी खेलकूदलाई प्राथमिकतामा राखेको छ।त्यसै गरी योग ध्यानको क्षेत्रलाई पनि प्राथमिकतामा राखेको भए धेरै राम्रो हुन्थ्यो भन्ने मलाई लाग्दछ।हामी भनिरहेका छौं, हामीसँग यस्ता योग र ध्यान गर्ने स्थलहरू छन्।जो विश्वमै प्रख्यात छन्। उदाहरणको लागि खप्तड, खप्तड बाबाले ५० वर्ष एक छाक खाएर ध्यान गरेको क्षेत्र, त्यसलाई हामी अन्तर्राष्ट्रिय ध्यान केन्द्र किन घोषणा गर्न चाहँदैनौ वा सक्दैनौं।यो बजेटले ठुला बडा नेताज्यूहरूको क्षेत्रमा ध्यान दिएर आर्थिक करिडोर बनाएको हो कि भन्ने मलाई लाग्दछ।यद्यपि आर्थिक करीडोर बनाउने कुरा धेरै राम्रो कुरा हो।तर पिछडिएको क्षेत्रलाई विकासको उपहार दिन क्षतिपूर्ति गर्ने गरी प्राथमिकतामा राखेको भए धेरै राम्रो हुन्थ्यो कि।कृषिलाई पहिलो प्राथमिकतामा राखिएको छ तर बजेट घटेको छ।कसरी भन्ने यो पहिलो प्राथमिकतामा परेको छ भनेर।यो आफैंमा विरोधाभाष छ।आलु, प्याज र स्याउमा भ्याट घटाउने काम भएको छ।मैले नबुझेको हो वा म बुझेर भनिरहेको छु।यदि विदेशबाट आउने आलु, प्याज र स्याउमा भ्याट घटाइयो भने हाम्रा नेपाली किसानहरूले उत्पादन गरेका आलु, प्याज र स्याउले त्यसको कम्पिटिसन गर्न सक्छ? सक्दैन जस्तो लाग्छ। यसले हाम्रा किसानहरूलाई ठुला मर्का पर्छ कि भन्ने मलाई लागिरहेको छ।पर्यटन, १६ लाख पर्यटकलाई वार्षिक रूपमा भित्र्याउने हामीले योजना अगाडि सारेका छौं।हो अवश्य पनि पर्यटनमा प्रचुर सम्भावनाहरू छन्। तर त्यसो भनिरहँदा पर्यटनको पूर्वाधारहरूको विकासका लागि के योजना छन्? यो हेर्न त बाँकी नै छ।आशा गर्छु ती पूर्वाधारहरूका कार्यक्रम अवश्य पनि हामीसँग छन्। उद्योग, हामीले वैदेशिक रोजगारमा जाने युवाहरूलाई विना धितो ऋणको व्यवस्था गरेका छौं। त्यो गर्न हुन्न भन्ने मेरो मान्यता हैन। गर्नुपर्छ।तर यही विना धितो ऋणको व्यवस्था स्वदेशमै घरेलु उद्योगधन्दा गर्ने युवाहरूलाई उपलब्ध गराएको भए, युवा विदेश पलायन भए भनेर जुन रोइलो हामी गरिरहन्छौं।यो रोइलो रोकिन्थ्यो कि।मेरो यो जिज्ञासा।वातावरणमा हरित ग्यास उत्सर्जनले हाम्रा हिमालहरू पग्लिरहेका छन्, नाङ्गा भइरहेका छन्।हामी चिन्ता पनि गरिरहेका छौं।हामीले त्यसकोलागि विद्युतीय गाडीहरूलाई बढीभन्दा बढी प्रयोग गर्नुपर्छ पनि भनिरहेका छौं। तर यो बजेटले विद्युतीय गाडीमा नै कर वृद्धि गरेको छ।यो विद्युतीय गाडीमा कर वृद्धि र वातावरण एकापसमा मेल खान्छ कि खाँदैन। मेरो जिज्ञासा रहेको छ।उर्जा, म सुदूर पश्चिमबाट प्रतिनिधित्व गर्छु। हाम्रा लागि उर्जाको क्षेत्र विशेष गरेर पश्चिम सेती रेगिस्तानमा, मरुभूमिमा मृगले पानी देखे जस्तै भएको छ।यो बजेटले केही सम्बोधन गर्छ कि भन्ने लागेको थियो। खै मैले नसुनेको हो वा मैले नभेटेको हो।यो पश्चिम सेती मैले कतै पनि भेटिन।यहाँ ५ लाख भूमिहीनलाई लालपूर्जा

वितरण गर्ने कुरा आएको छ। म के कुरामा मान्यता राख्छु भने जग्गा वितरण गरेर गरिबीको समस्याको समाधान हुँदैन। जग्गा बाँडेर हामी आवासविहिनहरूको समस्या समाधान गर्न सक्दैनौं। त्यसो भएको कारण यो लालपूर्जा बाँड्ने भन्दा पनि कसरी वहाँहरूलाई रोजगारमा लगाउने उत्पादनशील कार्यमा लगाउने भन्नेतिर ल्याएर व्यवस्थित, एकीकृत आवासको व्यवस्थातिर गएको भए राम्रो हुन्थ्यो कि भन्ने मलाई लागेको छ। यो बजेटले यद्यपि हेर्न बाँकी छ। मन्त्रालयगत बजेट विनियोजन कसरी हुन्छ? तर पनि सरसर्ती हेर्दा यसले सन्तुलित क्षेत्रीय विकासको अवधारणालाई सम्मान गर्न सकेको छैन भन्ने मलाई लागिरहेको छ। यहाँहरू सबैलाई थाहा छ। अहिले पनि सबैभन्दा पिछडिएको, सबैभन्दा गरिबीमा बाँचेको सुदूरपश्चिम प्रदेशमा १४.१६% गरिबी छ। सातौं नम्बरको प्रदेश गरिबीमा सबैभन्दा अगाडि छ। यो बजेटले क्षतिपूर्ति दिने गरी त्यस्ता कार्यक्रमहरू ल्याएको भए राम्रो हुन्थ्यो भन्ने मलाई लागिरहेको छ। सुदूरपश्चिमलाई हेर्ने दृष्टिकोणमा केन्द्रले, काठमाडौंले थोरै भए पनि परिवर्तन ल्याउनुपर्छ भन्ने मलाई लाग्दछ। सेती लोकमार्ग २०६५।०६६ को बजेटले ..... (समय सकिएको)

**सम्माननीय अध्यक्षः**- माननीय सदस्य विष्णु बहादुर विश्वकर्मा। समय १० मिनेट । त्यसपछि माननीय सदस्य युवराज शर्मा।

(१४:४८ बजे)**माननीय श्री विष्णु बहादुर विश्वकर्मा (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र)**:- सम्माननीय अध्यक्ष महोदय, आर्थिक वर्ष २०८१।०८२ को बजेटमाथि हामी छलफल गरिरहेका छौं। सर्वप्रथम त जातीय भेदभाव तथा छुवाछुत १८ औं राष्ट्रिय दिवसको पावन अवसरमा देश विदेशमा रहनुहुने सम्पूर्ण महानुभावमा शुभ कामना व्यक्त गर्न चाहन्छु। आर्थिक वर्ष ०८१।०८२ को बजेटले अत्यन्तै राम्रो सन्देश दिएको छ। भनिन्छ मर्निङ शो द डे, यो बजेटको कार्यदिशा स्पष्ट पारिएको छ। ५ वटा उद्देश्यमा आधारित छ। ५ वटा प्राथमिकतामा आधारित छ। ५ वटा आर्थिक सुधारका रणनीतिहरूमा आधारित छ। र ५ वटा रूपान्तरणकारी क्षेत्रमा आधारित छ। यसो हुँदाखेरि यो बजेट अत्यन्तै वैज्ञानिक छ, सान्दर्भिक छ र वस्तुवादी छ। त्यसैले म यसलाई समर्थन गर्न चाहन्छु।

सम्माननीय अध्यक्षज्यू, कृषिमा आधुनिकीकरण, व्यवसायीकरण, बजारीकरण, कृषिमा लगानी दशक घोषणा गरिएको छ। बाँझो जग्गा र नदी उकास, जग्गा सदुपयोग, सामूहिक खेती, करार खेती, तरकारी खेती प्रवर्धन गर्नु, खाद्य प्रशोधन उद्योगको स्थापना गर्नुले कृषि क्षेत्रलाई उत्साहित बनाएको छ। कृषि कर्जा सहकारीको समन्वयमा एकीकृत उत्पादन र बजारीकरण

कार्यक्रम, जडिबुटी खेती, चक्लाबन्दी, व्यवसायीलाई ब्याज अनुदान, मेशिनरी औजारमा आयातमा कर छुटले कृषि व्यवसायीलाई उत्साहित पारिरहेकै छ। खाद्य प्रशोधन उद्योग स्थापना हुँदैछ।५ वर्षभित्र देशलाई फलफूलमा आत्मनिर्भर बनाउने प्रतिबद्धता बोकेको छ।२ वर्षभित्र पशुपंक्षी र माछा उत्पादनमा पूर्ण आत्मनिर्भर देश बनाउने यसले प्रतिबद्धता बोकिरहेकै छ। हिमाली जिल्लाहरूलाई समृद्धि गर्नको निमित्त हिमाली समृद्धि कार्यक्रम। कृषिमा आत्मनिर्भर बनाउन तराई मधेशमा स्यालो तथा ट्युववेल सिँचाइ । हिमाल, पहाडमा एकीकृत नदी बेसिन सिँचाइ कार्यक्रम, स्थानीय तहमा लिफ्ट सिँचाइ कार्यक्रम यसले ल्याएको छ।एकीकृत कर्णाली सिँचाइ विकास आयोजना छ।भूमिगत जल भण्डारण र पुनर्भरण कार्यक्रम यसले ल्याएको छ।समृद्ध कर्णाली उद्यमशील कार्यक्रम यसले बोकेर आएको छ।त्यसैले कर्णाली लगायत कृषि क्षेत्रमा काम गर्ने व्यवसायीहरूलाई उत्साहित बनाएकै छ।राष्ट्रपति जलवायु परिवर्तन व्यवस्थापन कार्यक्रम, नवप्रवर्तन, स्टार्ट अप, राष्ट्रिय अभियान, बिजनेस इन्नोभेसन सेन्टर स्थापना, स्टार्ट अप सहुलियत कर्जाको व्यवस्था गरिनु, आलु, प्याज, स्याउलगायत तरकारी र फलफूलमा भ्याट खारेजी गरिनु, मदिरा, बियर, सुर्ती, चुरोटमा अन्तःशुल्क वृद्धि गरिनुले आन्तरिक उत्पादनलाई टेवा पुर्याइरहेकै छ।रानी जमरा सिँचाइ, सिक्टा सिँचाइ, बबई सिँचाइ, महाकाली सिँचाइ, मध्य तराई सिँचाइ, एकीकृत कर्णाली सिँचाइ, तराई मधेश भूमिगत सिँचाइ, आदि सिँचाइ आयोजनाको विस्तार र विकासले कृषि उत्पादनमा, कृषि उत्पादकत्वमा वृद्धि हुने निश्चित गरेको छ।वैदेशिक रोजगारमा गएका व्यक्तिहरूको लगानीमा ७७.८ मेगावाट धुन्सा, ६०.३ मेगावाटको सिम्बुवा जलविद्युत् आयोजनाको निर्माण गरिने जुन व्यवस्था गरेको छ। यसले विदेशी रोजगारमा जाने युवालाई उत्साहित बनाएको छ।कर्णाली करिडोर मा ४०० के. भि. प्रसारण लाइनलगायत लाइन निर्माण प्रक्रिया सम्पन्न गर्ने, अन्तरदेशीय प्रसारण लाइन निर्माणले उत्पादन, रोजगारी, निर्यात र अर्थतन्त्रमा टेवा पुग्ने निश्चित गरेको छ।नेपाललाई सूचना प्रविधिको हबको रूपमा विकास गर्नु, कृत्रिम बौद्धिकताको विकास र प्रवर्द्धन गर्नु, १० वर्षमा ३० खर्बको निर्यात गर्नुले र ५ लाख प्रत्यक्ष र १० लाख अप्रत्यक्ष रोजगारी सिर्जना गर्नु र यो दशकलाई सूचना प्रविधिको दशक घोषणा गर्नुले आईटी क्षेत्रमा काम गर्ने युवाहरूलाई उत्साहित बनाइरहेकै छ।नेपालमा १६ लाख पर्यटन भित्र्याउने, बुद्ध, शिव, रामायण, किराँत साँस्कृतिक परिपथहरूको निर्धारण, टाकुरा पर्यटकीय गन्तव्यको निर्धारण, ग्रेट हिमालयन ट्रेल, गुरिल्ला ट्रेल लगायत पूर्वाधार विकास कार्यक्रमहरू यसले बोकेर ल्याएको छ, प्रतिबद्धता गरेको छ।जनकपुरलाई वेडिङ सेन्टर, वेडिङ हब, लुम्बिनीलाई  बर्थिङ हब, यसले पर्यटन विकासमा कोसेढुङ्गाको रूपमा रहने निश्चित छ।आन्तरिक विमानस्थलको स्तरोन्नति र त्यहाँ शीत भण्डारणको निर्माण, जानकी मन्दिरलाई विश्व सम्पदा सूचीमा समावेश गर्ने कुरा सञ्चालनमा नरहेका विमानस्थललाई निजी क्षेत्रको

सहकार्यमा मनोरञ्जनात्मक साहसिक पर्यटनको रूपमा उपयोग गर्ने जस्ता क्षेत्रमा लगानी गर्नुले पर्यटन क्षेत्रमा थप उत्साह ल्याएकै छ। आयात प्रतिस्थापन र निर्यात वृद्धि गर्न उत्पादन र रोजगारीका लागि साझेदारी कार्यक्रम मेक इन नेपाल र मेड इन नेपाल अभियान, उद्यमशील कार्यक्रम, रोजगार बैंकको स्थापना, कोशीलाई उद्योग, मधेशलाई कृषि, बागमतीलाई सूचना प्रविधि, गण्डकीलाई पर्यटन, लुम्बिनीलाई साना तथा मझौला उद्यम, कर्णालीलाई जडिबुटी हब र सुदूर पश्चिमलाई धार्मिक पर्यटन तथा आर्थिक हबको रूपमा विकास गरिनुपर्ने प्रतिबद्धताले देशलाई निश्चित रूपमा आर्थिक उत्पादनमा उँभो लगाउने देखिन्छ। सातवटै प्रदेशमा शिल्पी उद्यमशीलता विशेष कार्यक्रम, घरेलु मदिराको उत्पादन, ब्राण्डिङ, बजारीकरण, गाँजाको उत्पादनको लागि कानुन तर्जुमा गर्ने प्रस्तावले आर्थिक रूपमा समृद्ध बन्नुका साथै यसले युवा उद्यमीमा हौसला प्रदान गरिरहेकै छ। भूमिहीन, सुकुम्बासी, दलित तथा अव्यवस्थित बसोबासी ५ लाख परिवारलाई जग्गाधनी प्रमाण पूर्जा उपलब्ध गराउने, बाल विकासका १ हजार ५ सय शिक्षकलाई बुटक्याम्पमा सहभागी गराउने, साविक कर्णाली अञ्चलका जिल्लाहरूमा दिवा खाजामा वृद्धि गरिनु, विपन्न र सीमान्तकृत वर्गका बालबालिकालाई अहिले ६ देखि १२ कक्षासम्म छात्रवृत्ति विस्तार गर्ने, विपन्न नागरिकलाई मुटु रोग, मृगौला, स्पाइनल इञ्जुरी, हेड इञ्जुरी, सिकलसेल उपचारमा प्रति बिरामी प्रतिव्यक्ति रु. १ लाख उपलब्ध गराउने कार्यक्रम यसले लिएर आएको छ। दलित, उपेक्षित, उत्पीडित वर्ग उत्थान तथा विकास प्राधिकरणको स्थापना गर्ने दलित सीप, कला र आधुनिकीकरण कार्यक्रम सञ्चालन गर्ने, सुरक्षित नागरिक आवास कार्यक्रम अन्तर्गत खरको छानामुक्त घर निर्माण निर्माण गर्ने, बन्द अवस्थामा रहेका विराटनगर जुट मिल, हेटौंडा कपडा उद्योग, गोरखकाली रबर उद्योग निजी साझेदारीमा सञ्चालन गर्ने कुराले आम जनमानसमा उत्साह पैदा गराएकै छ। अपाङ्गता भएका व्यक्तिले प्रयोग गर्ने स्कूटरमा भन्सार छुट दिने व्यवस्थाले अपाङ्गता भएका व्यक्तिहरूलाई खुसियाली ल्याउने कुराहरू भइहाल्यो। विदेशको आम्दानी स्वदेशमा लगानीअन्तर्गत गैर आवासीय नेपालीको पुँजी र सीपलाई मातृभूमिसँग जोड्न गैर आवासीय नेपाली अभियान सञ्चालन गरिने कुरा यो अत्यन्तै सकारात्मकता छ। राष्ट्रिय प्राथमिकताका योजनामा दुई सिफ्टमा काम गर्ने र समय अगावै योजना सम्पन्न गर्ने निर्माण व्यवसायीलाई पुरस्कृत गर्ने लगायतका कार्यक्रमले विकासका क्षेत्रमा र जनतालाई थप आशा र भरोसा जगाएको छ। प्रस्तावित बजेटले कार्यान्वयन गरेमा, गर्न सकेमा, गर्न दिएमा आर्थिक वृद्धि दर ६% ले हासिल हुने र मुद्रास्फीति ५.५% रहने अनुमान तथ्यको आधारमा सत्य रहेको देखिन्छ। यस बजेटले स्रोत सीमितताका बाबजुद पनि गरिबी, उत्पीडनदेखि दुर्गम क्षेत्र र सहरसम्मलाई समेट्ने प्रयास गरेको छ। यो नै यसको सकारात्मक पक्ष हो। प्रस्तुत आर्थिक वर्ष ०८१।८२ को यो बजेट वक्तव्यले संघीय लोकतान्त्रिक गणतन्त्रको सुदृढीकरण, अर्थतन्त्रमा

पुनरुत्थान, सुशासन, सामाजिक न्याय, समृद्धि तथा राष्ट्र र राष्ट्रियतालाई केन्द्रमा राखेको छ भने अर्कोतिर उच्च पद, प्रतिष्ठा प्राप्त गर्दैमा कानुनी जवाफदेहिताबाट उम्कन सकिन्छ भन्ने भ्रम चिर्न सम्माननीय प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डको नेतृत्वको सरकारले ऐतिहासिक सफलता प्राप्त गरिरहेकै छ। यसले नागरिकमा रहेको निराशालाई चिर्दै आशा र भरोसालाई बढाएको छ। त्यसैले यस बजेट वक्तव्यलाई म पूर्ण रूपमा समर्थन गर्दछु। धन्यवाद। लाल सलाम।

**<u>सम्माननीय अध्यक्ष</u>**:- माननीय सदस्य युवराज शर्मा। समय १४ मिनेट । त्यसपछि माननीय सदस्य रुक्मणि कोइराला।

**(१४:१३ बजे)<u>माननीय श्री युवराज शर्मा (नेपाली कांग्रेस)</u>**:- माननीय अध्यक्ष महोदय, सर्वप्रथम त म सत्तारुढ गठबन्धनका साथी र सरकारलाई आज मलाई वहाँहरूले जो बोल्ने अवसर जुराइदिनुभयो त्यसको लागि धन्यवाद दिन चाहन्छु। र म उसो त अर्थशास्त्री होइन। एउटा सामान्य सांसद हुँ। र म अर्थशास्त्रको त्यति वेत्ता पनि हैन। तापनि सांसद भैसकेपछि केही न केही बोल्ने बाध्यता हुन्छ। त्यसको लागि यहाँ म प्रस्तुत भएको छु। म लिखित नै रूपमा यो प्रस्तुत गर्दैछु। आर्थिक वर्ष.२०८१।०८२ को विनियोजित बजेटमा आफ्नो कुरा राख्नु अघि एउटा कथाबाट शुरु गर्न चाहन्छु। एउटा ताल बीच फलामको खाँवा छ। राक्षसको अन्त्य गर्न त्यहाँ राखिएको एक मन फलामको चिउरा चपाई तरबारले खाँवामा प्रहार गरी भाँच्नुपर्ने, यतिमात्र होइन त्यहाँ खाँवाबाट निस्किएका ३ वटा भमरा एउटा आकाशतिर, एउटा पातालतिर जान्छ र अन्तिम भमरा निस्कँदा त्यसलाई हत्केलाले थिचेर मारे मात्र राक्षसको अन्त्य भएको कुरा हामीमध्ये कसै कसैले दन्त्यकथामा पढ्नुभएकै होला। कथामा त राजकुमार दिक्पाल सफल हुन्छन्। तर आजको नेपालको आर्थिक मन्दी, बेरोजगारी, महँगी, कुशासन, आर्थिक अनियमिततारुपी राक्षसदेखि मुक्त हुन २०८१ जेठ १५ मा प्रस्तुत बजेटले बाटो प्रशस्त गर्छ कि गर्दैन? त्यस कुरामा आफ्नो विचार बजेटको सैद्धान्तिक पक्षमा राख्न प्रस्तुत भएको छु।

म स्मरण गराउन चाहन्छु कि केही महिना अघि माननीय सोनाम गेल्जेन शेर्पाज्यूले संघीयता कार्यान्वयनसम्बन्धी प्रतिवेदन यस सदनमा सम्माननीय प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डज्यूको हातमा नै दिनुभएको थियो। र वहाँले गम्भीरतापूर्वक कार्यान्वयनको वचनबद्धता पनि जनाउनुभएको थियो। तर अहिले ०८१।८२ को बजेट विनियोजनमा त्यो प्रतिबद्धता भेटिएन। बरु प्रधानमन्त्री रोजगार योजना, प्रधानमन्त्री छोरी आत्मनिर्भरता कार्यक्रमले संघीयताभन्दा केन्द्रीयताको गन्ध झल्केको देखिन्छ। यसले त "एक लज्जां परित्यज्य सर्वत्र

विजयी भव" भन्ने कुरालाई केही पुष्टि गर्दैन र ? वास्तवमा बजेट तर्जुमा गर्नु अघि संघीयता विज्ञसहित प्रदेश, स्थानीय तह, सांसद, संविधानविद्, योजना आयोगसहितको एउटा समिति बनाएर बजेट विनियोजन गर्नुपर्थ्यो, त्यो भएन। त्यसैले यो केन्द्रीयतावादी सोचको परिणाम हो। यसमा कुनै शङ्कै छैन। त्यसैले होला शायद वर्तमान सत्ता गठबन्धनका एउटा शीर्ष नेताले आफूहरूसँग सल्लाह नगरेर बजेट प्रस्तुत भएको भनी सार्वजनिक रूपमा सम्बोधन गर्न पुग्नुभएको छ। यो साँचो हो या झुट? वहाँहरूलाई नै थाहा होला। तर यस कुराले बजेटका सबै क्षेत्रसँग, प्रदेश, स्थानीय तहसँग, जनतासँग सल्लाह गरेर ल्याएको भन्ने कुरासँग स्थापित गरेको देखिन्न। के यसलाई झुटको वा गफको पुलिन्दा भन्न मिल्ला त? मेरो विचारमा मिल्दैन। तर प्रचारमुखी, नारामुखी, लोकप्रियतावादमा आधारित भनेर पक्कै भन्न मिल्छ। आश्वासनले मात्र पुग्दैन। वितरणले समाधान हुँदैन समस्याको। अब अहिले हेरौं। कूल १८ खर्ब ६० अर्ब ३० करोड बराबरको बजेटमा रु.११ खर्ब ४० अर्ब ६६ करोड चालू खर्च छ र पुँजीगततर्फ रु. ३ खर्ब ५२ अर्ब ३५ करोड र वित्तीय व्यवस्थापनतर्फ ३ खर्ब ६७ अर्ब २८ करोड। यसरी पुँजीगत खर्च वा विकास खर्चभन्दा वित्तीय व्यवस्थापनतर्फ १९.७४ देखिन्छ। जुन खतराको निशान हो। तर पनि यस मानेमा मात्रै हेर्ने हो भने बजेट सन्तुलित नै आएको भन्नुपर्ला नत्र हल्ला त २० खर्बको थियो। यसले उत्पादन वृद्धि बाहेक दायाँ बायाँ प्रचारबाजी नेता र कार्यकर्ताअनुरूप हिंड्न एक इञ्च अनुमति दिएको देखिन्न। ऋणम् कृत्वा घृतं पिबेत को लक्ष्यलाई नै पछ्याउने हो भने मलाई भन्नु केही छैन। घाँटी हेरेर हाँड निल्ने कुरा बजेटले प्रष्ट भनेको छ। आज कठोर र निर्मम भै सोच्नुपर्ने ठाउँमा बजेटले नै तोकेको प्राथमिकता र रूपान्तरणमा दह्रो ढङ्गले टेकेको देखिन्न। वित्तीय सुधार पनि पछिको लागि भनी छोडेको देखिन्छ। आर्थिक सुधारको रणनीतिबारे त्यसैले पनि ढुक्क हुने स्थिति छैन। त्यसैले प्रस्तुत बजेटले आजको आर्थिक समस्यालाई सम्बोधन गरी समाधान प्रस्तुत गर्न सायद सम्भव हुँदैन होला। आज सार्वजनिक उद्योग अधिकाङ्श घाटामा चल्दैछ। तर रुग्ण उद्योगलाई ..... गरी नयाँतिर लाग्ने ठाउँमा ..... तिर ध्यान किन दिन्छ यो बजेटले? जसरी आधुनिक संयन्त्र नभै सगरमाथा आरोहण गर्न सकिन्न। त्यस्तै १६ लाख पर्यटक भित्र्याउने कुरा अहिलेकै परिप्रेक्ष्यमा हावादारी कुरा भन्नु अत्युक्ति नहोला। त्यसैले म बाटो बिराउन बिराउन खोजेको रूपमा बजेटलाई परिभाषित गर्न चाहन्छु। अथवा राष्ट्रिय परिस्थितिलाई नजरअन्दाज गरी क्रोनी क्यापिटालिजमलाई अँगाली हिंडेको भनी व्याख्या गर्दा अत्युक्ति नहोला। यसमा रासायनिक मलको उत्पादन गर्ने फ्याक्ट्रीको स्थापनाको कुरा छाडेर आयात गर्ने, अनुदान दिने कुरा उठाउनु, हामी उत्पादनभन्दा आयातमा जोड दिंदैछौं भन्ने भन्ने कुरा के पुष्टि हुँदैन र? आलुमा विरोधाभाषको कुरा गर्ने हो भने ७% मात्र आयात हुने आलुमा भन्सारमा मात्रै लाग्दै आएको भ्याट हटाएर घरेलु उत्पादन बढाइने कुरा गरिन्छ। त कतै कुनै रोजमर्राको कुरामा आयातमा

भ्याट बढाउने कुरा गरेर उत्पादन बढ्ने कुरा गरिएको देखिन्छ। आज ..... र फलामका रड उत्पादकहरू सरकारलाई अर्बौं लगानी भएको तालाचाबी बुझाउन खोजेका देखिन्छन्। भारत र बंगलादेशभन्दा बढी कर उठाउने हाम्रो देशमा विकास भने उराठ लाग्दो किन? मितव्ययिताको वा चालू खर्च घटाउने कुरा कतै देखिन्न। शिक्षक, सुरक्षाकर्मी, राष्ट्रसेवकको तलब भत्ता नबढाएर बचत गरेको हो भने मलाई भन्नु केही छैन। घटाइने, हटाइने र परिमार्जन गर्ने कुरा त धेरै थिए। तर बजेटले त्यता ध्यान पुर्‍याएको देखिन्न। अब कुनै पनि मन्त्रालयले संघीयताविरोधी टुक्रे योजनामा रकम विनियोजन नगरे हुन्छ। तर के त्यस्तो होला? अर्को कुरा अर्थ मन्त्रालयमा भएको बजेट विनियोजनमा सवाल उठेको छ। यदि साँच्चै वितरणमुखी बजेट नै ल्याउन खोजेको हो भने मलाई भन्नु केही छैन। बढी आन्तरिक ऋण उठाउँदै जाँदा र अनुत्पादक क्षेत्रमा खर्च गर्ने प्रवृत्तिले राष्ट्रलाई कता लग्दैछ हेक्का त राख्न नै पर्ने थियो। त्यस्तै शहरी विकास मन्त्रालय, परराष्ट्र मन्त्रालयमा विनियोजित बजेटमा पनि सवाल उठेको छ। माननीय अर्थमन्त्रीज्यू, सक्नुहुन्छ भने अनुत्पादक क्षेत्रको विनियोजित बजेटलाई घटाई यहाँले नै तोकेको प्राथमिकता र रूपान्तरणकारी क्षेत्रमा र शिक्षाको क्षेत्रमा बजेट बढाई विनियोजन गर्न भूमिका खेल्नुहोस्। यो आर्थिक वर्ष २०८१।०८२ मा तर्जुमा गरेको बजेटमा कमा, फुलस्टप केही पनि चेन्ज गर्नुहुन्न भने वा सक्नुहुन्न भने प्रचारमुखी, संघीयताविरोधी, सत्तारुढ दलका नेतामुखी, अपारदर्शी र जवाफदेहितापूर्ण नभएको राष्ट्रको परिस्थितिलाई बुझी सम्बोधन गर्न नसकेको, कार्यान्वयनभन्दा बाहिर दिशाहीन, महत्त्वाकाङ्क्षी बन्न पुगेको भनी आरोप खप्न तयार बस्नुहोला। यसको शुरुवात सत्ता गठबन्धनका सबभन्दा ठुला दलका नेताबाट बजेट पास गर्ने तर ग्रहण गर्न हच्किनुबाट भैसकेको छ। मन्त्रालयहरू मिलेर आफ्नो मन्त्रालयमा अनुत्पादक क्षेत्रमा बजेट तानातानले भोली समस्या उत्पन्न गर्ने नै छ। उत्पादक क्षेत्र, राष्ट्रिय गौरवका आयोजना यसरी त अलमलमा परिरहनेछन्। बजेट विनियोजनले कुन सिद्धान्तलाई टेकेको छ भन्ने भन्दा पनि नेपालको संविधान, त्यस्तै संघीय सरकारलाई दिएको निर्देशन, मर्मलाई र राष्ट्र उत्पादनको वृद्धिको लक्ष्यलाई टेकिदिएको भए राम्रो हुन्थ्यो। तर आर्थिक वर्ष ०८१।८२ को बजेट विनियोजनले दरिलोसँग कतै टेकेको देखिँदैन। प्रदेशलाई याचक, भिखारी र केन्द्रलाई दाताको रूपमा परिभाषित गर्न खोजेको बजेटले अझ केन्द्रीयतालाई बढावा दिंदै संघीयताप्रति वितृष्णा बढाउने पक्का छ। केन्द्रितावादी सोचले संघीयतालाई बल पुग्दैन। न त सकारात्मक सन्देश नै जान्छ। जति छिटो यो सोचबाट सरकार मुक्त त्यति राम्रो। अन्तमा औषधीको रूपमा गाँजा मात्र किन अफिम पनि प्रयोग गर्न सकिन्छ। गल्ली गल्लीमा हुक्का रेष्टुराँ र क्यासिनो सञ्चालन भइरहेको नेपालमा अनुगमन र नियन्त्रणको अवस्था कस्तो छ। कुनैपनि कार्यक्रम गर्दा त्यो हेर्नु अत्यन्त आवश्यक छ। सम्माननीय अध्यक्ष महोदय। मैले भोलि बोल्ने आफ्नो कार्यक्रम तय गरेको थिएँ। मलाई

आज बोल्नुपर्यो। मैले धेरै सफ गरेर पनि बोल्न सकिनँ।र अर्को कुरा भने मैले के भन्न खोजेको छु भने यो जुन बजेट आएको छ।त्यसले त्यति आशा र उत्साह, आशा त जगाएको छ भनेर भनिन्छ, सत्तारुढ दलले भन्छ तर भरोसा भने यस बजेटको गर्न सकिने अवस्था मैले देखेको छैन।फेरि पनि उही हो। उही अनुत्पादक क्षेत्रमा खर्च, उही भ्रमण, उही बैठक, त्यस्तै त्यस्तै कार्यक्रमहरू लक्षित यो बजेट छ। यस बजेटले भावी हाम्रो पुस्तालाई कुन सन्देश दिन खोजेको छ। त्यो मलाई बुझ्न सकिनँ।मैले यसरी हेर्दाखेरि यो बजेटलाई धेरै सकारात्मक रूपमा बुझ्न सकेको छैन। यदि मबाट केही त्रुटि भएको छ भने त्यसको म आफैं पनि हेक्का राख्दै एकपटक माननीय अर्थमन्त्रीज्यूलाई ऐनाको अगाडि उभिएर आफूलाई हेर्नुहोस् । हिजोका आफ्ना दिनलाई सम्झिनुहोस्। हिजो आफूले गरेका क्रान्तिहरूलाई सम्झिनुहोस् र एकपटक आफूले ल्याएको बजेटलाई हेरेर आफ्नो अनुहार चिन्नुहोस् भन्ने अपेक्षा राख्दै बिदा लिन्छु। धन्यवाद। जय नेपाल।

<u>**सम्माननीय अध्यक्ष**</u>:- माननीय सदस्य रुक्मिणी कोइराला।समय ६ मिनेट । त्यसपछि माननीय सदस्य मनरुपा शर्मा।

**(१४:१३ बजे)<u>माननीय श्री रुक्मिणी कोइराला (नेपाल कम्युनिष्ट पार्टी, एमाले)</u>**:- सम्माननीय अध्यक्षज्यू, माननीय अर्थमन्त्रीज्यू, अहिले हामी आर्थिक वर्ष ०८१।८२ को बजेटमा छलफल गर्दैछौं ।सरकारले ल्याएको समाजवाद उन्मुख आर्थिक, सामाजिक रूपान्तरणको लागि राजनीतिक स्थायित्व सुशासन विकास सामाजिक न्यायसहित समृद्ध नेपाल र सुखी नेपालीको राष्ट्रिय आकाङ्क्षा पूरा गर्न यो बजेट कार्यक्रम थोरै भए पनि सकारात्मक देखिन्छ र यो बजेटलाई म समर्थन गर्दछु।र संविधान कार्यान्वयन, संघीयताको सबलीकरण, अर्थतन्त्रको सुधार, पुनरुत्थान, उत्पादन, उत्पादकत्व वृद्धि, रोजगारी सिर्जना, सुशासन प्रवर्द्धन लगायत जनताका आधारभूत आवश्यकतामा अझ बढी केन्द्रित हुनुपर्ने र बजेटमा समावेश गर्नुपर्ने देखिन्छ।तर धेरै पक्ष राम्रा हुँदाहुँदै पनि यो सबै सरकारले कार्यान्वयन कसरी गर्दछ भन्ने कुरामा चुनौती रहेको देखिन्छ। सरकारले ल्याएको बजेटमा छुटेका तथा केही थप गर्नुपर्ने विषयहरू निम्न रहेका छन्। तल स्थानीय तहमा १७००० भन्दा धेरै महिला हिंसामा परेका छन्। साथै पूर्व प्रधानमन्त्री केपी शर्मा ओलीको पालामा ल्याएको एसिड आक्रमण कार्यक्रम पनि बजेटमा नपरेकोले गर्दा यसलाई मध्यनजर गर्दै सरकारको बजेटमा समावेश गर्दा अझ बढी राम्रो हुने थियो। मेलम्ची खानेपानी आयोजनाको निम्ति राम्रो भए पनि वर्षाको समयमा बाढी आएर

भत्काउने सम्भावना भएकोले त्यसलाई प्राथमिकतामा राखिनुपर्छ र राख्न आवश्यकता देखिन्छ। सुखी नेपाली समृद्ध नेपाल कसरी बनाउने भन्ने कुराको ढाँचा के हो भन्ने बुझिएन। त्यसलाई प्रष्ट पार्न जरुरी देखियो साथै त्यसलाई बजेटमा समावेश गर्न पनि आवश्यकता छ। लगानी सम्मेलनले राष्ट्रलाई फाइदा भएता पनि उक्त कार्यक्रमलाई सरकारको नीति तथा कार्यक्रममा राख्न पाएको भए सकारात्मक हुने थियो र लगानीसमेत बढ्ने थियो। कृषिमा वार्षिक कार्यतालिकाबाट निरन्तर अनुगमन गर्दै कृषि दशक योजना सकारात्मक देखिन्छ। पर्याप्त बजेट थप गर्दा राम्रो हुने थियो। तराई मधेशमा ट्युवेल बनाउँदा पानीका मुहानहरू सुक्ने भएकोले पिउने पानीको समस्या हुनसक्छ। त्यसैले सरकारले मधेशका जनताहरूलाई एसियाली मापदण्डको खानेपानीको लागि ट्यांकी बनाई खानेपानी वितरण गर्नुपर्छ। यसलाई पनि बजेटमा समावेश गर्नुपर्ने देखिन्छ। देशको हरेक क्षेत्रमा वन्यजन्तुले जनतालाई आतंकित पारेको छ। जस्तै बाघ, भालु, बाँदर, घरायसी जनावर, कुकुर लगायत अन्य धेरै जनावरहरू झापा, मोरङ र सुनसरीमा हात्ती आतंक, जनताको जनधनको क्षति भइरहेको छ। यसलाई पनि सरकारको बजेटले समेट्नुपर्छ। पूर्व प्रधानमन्त्री केपी शर्मा ओली सरकारको पालामा चितवन जिल्ला माडीमा रहेको ऐतिहासिक पुरातत्व विभागमा पर्ने राम जन्मस्थान अयोध्यापुरी नगर नेपालमा नै छ भन्ने कुरा विभिन्न खोज अनुसन्धानबाट पत्ता लागेको कुरा हो। त्यसको संरक्षण र संवर्द्धन गर्न योजना बनाई बजेटमा समावेश गर्नुपर्ने देखिएको र पूर्व प्रधानमन्त्री केपी ओली सरकारकै पालामा शुरु गरेको योजना मदन भण्डारी विश्वविद्यालयको कार्यक्रम यस बजेट तथा कार्यक्रममा समावेश भएको देखिएन। यसलाई पनि बजेट तथा कार्यक्रममा समावेश गर्दा अझ राम्रो हुनेथियो। लैङ्गिक उत्तरदायी बजेट तर्जुमा र कार्यान्वयनको बारे अनुगमनको प्रभावकारी रूपमा कार्यान्वयन गर्नको लागि पनि यस बजेटमा छुटेको देखियो। यसलाई पनि बजेटमा समावेश गर्दा अझ राम्रो हुने थियो। विगत वर्षहरूमा एमसीसी परियोजनाको बहुतै चर्चा सम्झौताको कुरा आएको थियो। त्यो कार्यक्रम कहाँ र कसरी चलिरहेको छ यसलाई पनि समावेश गर्दा अझ राम्रो हुने थियो। विशेष गरेर ५१% महिला विकास र उत्थानका लागि कस्तो बजेट बनाउने भन्ने बारेमा यस बजेट कार्यक्रममा उल्लेख गर्दा अझ राम्रो हुने थियो। गाँस, बास, कपास, शिक्षा, स्वास्थ्य जनताका अति आवश्यकता र आधारभूत अधिकार हुन् । यसलाई पनि बजेटमा प्राथमिकीकरण गर्न पाए अझ राम्रो हुने थियो। प्रधानमन्त्री छोरी कार्यक्रम राम्रो छ। यो कार्यक्रममा बजेटको कमी छ। बजेट थप गरेर जाँदा अझ राम्रो हुने थियो। अन्त्यमा सरकारले ल्याएको यो बजेट कार्यक्रम सबै उपयुक्त नै छन् । सरकारले प्राथमिकताको आधारमा यसलाई कार्यान्वयन गर्नुपर्ने देखिन्छ। योजना अनुसार छुट्याएको बजेट फ्रिज भएर नजाओस्। सरकारलाई धन्यवाद पनि दिन चाहन्छु । र महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय अन्तर्गत बहुतै संवेदनशील

विषय छ।किनकी ज्येष्ठ नागरिक हाम्रा इतिहास हुन्। बाल सुधार गृह जेष्ठ नागरिक दिवा केन्द्र साथै प्रदेशमा सुविधासम्पन्न वृद्धाश्रम अपाङ्गमैत्री कार्यक्रम मुक्त कमलरी सशक्तीकरण कार्यक्रम जस्ता राम्रा कुरा आए पनि विनियोजित बजेट कम भएकोले कार्यक्रमले पूर्णता पाउन सकेन। त्यसो भएको हुनाले बजेट थप गरेर लाँदा अझ राम्रो हुन्थ्यो। आयुर्वेद क्षेत्रको विकासमा बाधक बनेको जडिबुटीमा लाग्दै आएको मूल्य अभिवृद्धि करलाई एकद्वार प्रणालीबाट ल्याउन, सहजीकरण गर्न सुझाव गर्दछु।खेर गइरहेको नेपाली जडिबुटीलाई सहज ढङ्गले प्रशोधन तथा उपलब्ध गराउन आवश्यक देखिन्छ । साथै आयुर्वेद उद्योगलाई बैंकको व्याजमा अनुदान १० वर्ष बनाउन ..... (समय सकिएको) ।

**<u>सम्माननीय अध्यक्ष</u>**:- माननीय सदस्य मनरुपा शर्मा।समय १० मिनेट । त्यसपछि माननीय सदस्य श्रीकृष्ण प्रसाद अधिकारी।

(१५:०९ बजे)**<u>माननीय श्री मनरुपा शर्मा (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र)</u>**:- सम्माननीय अध्यक्षज्यू, म माननीय अर्थमन्त्री वर्षमान पुनले जेठ १५ गते प्रस्तुत गर्नुभएको आर्थिक वर्ष ०८१।८२ को राजस्व र व्ययको आर्थिक अनुमान रहेको बजेटमाथिको छलफलमा भाग लिँदै निम्न कुराहरू राख्न चाहन्छु।सर्वप्रथम विश्वव्यापी कोरोना महामारीले थिलथिलो बनेको आर्थिक क्षेत्रलाई सुधार गर्दै उत्कृष्ट बजेट ल्याउन सफल हुनुभएकोमा माननीय अर्थमन्त्री र नेपाल सरकारलाई धन्यवाद दिन चाहन्छु।यो बजेट ७३ पेज र ३४७ बुँदामा सबै समेटिएर आएको छ। तापनि फेरि मैले केही यहाँ राख्न गइरहेकी छु। बजेटले राखेका उत्पादन, उत्पादकत्व र रोजगारी वृद्धि गर्ने, निजी क्षेत्रको मनोबल बढाउने, लगानी वृद्धि गर्ने, आर्थिक क्रियाकलापमा तीव्रता ल्याउने, मानव स्रोतमा विकास गर्ने, स्रोत साधनलाई सन्तुलित र समन्यायिक ढङ्गले परिचालन गरी आर्थिक असमानता र गरिबी न्यूनीकरण गरेर सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी बनाउने उद्देश्यहरू सही छन्।त्यसैगरी भरतपुर, पोखरा, बुटवल जोड्ने गरी निर्माण गरिएको गण्डकी आर्थिक त्रिभुज परियोजना यस क्षेत्रको काँचुली फेर्ने परियोजना बन्न सक्छ।शान्ति प्रक्रिया र सङ्क्रमणकालीन न्यायसम्बन्धी बाँकी काम सम्पन्न गर्न द्वन्द्व पीडित परिवारलाई क्षतिपूर्ति, आर्थिक सहायता र पुनर्स्थापनाका लागि शान्ति कोष स्थापना गर्ने कुराले जनयुद्धको सम्मान हुने र दिगो शान्ति कायम हुन सहज हुनेछ।यो बजेटमा उल्लेख भएको मातृ शिशु स्वास्थ्य, विपन्न नागरिकलाई मुटु, क्यान्सर, मृगौला, अल्जाइमर्स लगायतका जटिल रोगको उपचारमा १ लाख सहयोग गर्ने कुरा अति आवश्यक छ।त्यसैगरी आगामी वर्षलाई महिलामा

लगानी वर्षको रूपमा मनाउने कुरा प्रधानमन्त्री छोरी आत्मनिर्भर कार्यक्रममार्फत् छोरीलाई रोजगार उन्मुख शिक्षा र सीप प्रदान गर्ने कार्यक्रम असाध्यै राम्रो कार्यक्रम भएता पनि बजेटको अभाव अलि देखिन्छ। बजेटले नेपाली जनताको विकास र समृद्धिको चाहनालाई सम्बोधन गर्ने तथा महिला, सीमान्तीकृत तथा पिछडिएका वर्ग, लिङ्ग, क्षेत्र र समुदायलाई आर्थिक लाभको पहुँचमा पुर्याउनेतर्फ बजेट केन्द्रित देखिन्छ। बजेट स्रोत र साधनको प्रभावकारी एवम् परिणाममुखी परिचालन गर्ने दिशामा उन्मुख देखिन्छ। बजेटमा अर्थतन्त्रमा देखिएका अप्ठ्यारो हटाई जनतामा आशा र भरोसाको सञ्चार र जिम्मेवारबोध देखिन्छ। बजेटमा राखिएको रूपान्तरणकारी क्षेत्र, अशिक्षा र स्वास्थ्य क्षेत्रमा अझ जोड दिन र स्वस्थ नागरिक विनाले हामीले प्रतिबद्धता व्यक्त गरेको सुशासन, विकास र समृद्धि हासिल हुन सक्दैन। त्यसैले शिक्षा र स्वास्थ्यलाई अझ बढी समेटेर लिएर जानुपर्ने देखिन्छ ।

(१५:०९ बजे)**पुनः पीठासीनः-**सम्माननीय अध्यक्ष श्री नारायण प्रसाद दाहाल ।

**माननीय श्री मनरुपा शर्मा (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र)**:-बजेटमा उल्लेख गरिएको ०८१ देखि ०९१ सम्मको कृषिमा लगानी दशक घोषणा समयमै मलखाद आपूर्तिको व्यवस्था गरी गाई भैंसीको नश्ल सुधार, उखु खेती प्रवर्धन कार्यक्रमले कृषिमा नयाँ आशा जगाउन सक्ने देखिन्छ। यसैगरी आगामी वर्ष ९०० मेगावाट बिजुली थप गर्ने योजना जनताको जलविद्युत् कार्यक्रम आदिले उज्यालो नेपाल मात्र हैन बिजुलीमार्फत सबै हासिल गर्ने लक्ष्य देखिन्छ। त्यसैकारण सूचना प्रविधि क्षेत्रमा ५ लाख प्रत्यक्ष रोजगारी सिर्जना गर्ने गरी सूचना प्रविधि दशक शुरुवात गर्ने योजना सबै वडामा सबै वर्ग, क्षेत्र, लिङ्गमा सूचना प्रविधिको पहुँच विस्तार गर्ने, आगामी आर्थिक वर्षमा १६ लाख पर्यटक भित्र्याउने लगायतका योजना उत्पादन र रोजगारीका लागि साझेदारी कार्यक्रममा मेक इन नेपाल, मेड इन नेपाल अभियान वास्तवमै उत्कृष्ट देखिन्छ, उत्कृष्ट छन् । विदेशको आम्दानी स्वदेशमा लगानी अन्तर्गत जन्मथलो गैर आवासीय नेपाली अभियान र उद्यमशीलता कार्यक्रमले देशमा कमाएको सम्पत्ति र ज्ञान, सीपलाई उपभोग गरी नेपालमै समृद्धि ल्याउन सक्ने देखिन्छ। बजेटमा उल्लेख गरिएको तनहुँको चुँदी रम्घामा भानु साहित्य उद्यान र गोरखामा राजतन्त्रदेखि गणतन्त्रसम्मका अभिलेख रहने गरी ऐतिहासिक सङ्ग्रहालय निर्माणले त्यस क्षेत्रमा मात्र नभै नेपालमै पर्यटकीय आकर्षणको केन्द्र बन्न सक्छ। सहकारीमा देखिएको समुस्या समाधानको लागि पनि ठोस कार्यक्रम ल्याइएको छ। समृद्धिको आधार शिक्षा गुणस्तर सुधार कार्यक्रम अन्तर्गत विद्यार्थीको लागि दिवा खाजा अति

विपन्न र सीमान्तकृत वर्गको बालबालिकालाई कक्षा ६ देखि १२ सम्म साथीबाट सिक्ने साथीलाई सिकाउने विश्वास विद्यालयहरूलाई उत्कृष्ट प्रज्ञान केन्द्रमा विकास गर्ने कुरा अत्यन्तै राम्रो छ।

सम्माननीय अध्यक्षज्यू, समग्र बजेट उन्मुख देखिन्छ।यो जनता उन्मुख देखिन्छ।बजेटले पूँजीगत खर्च बढाउनेतर्फ ध्यान केन्द्रित गरेको देखिन्छ।बजेट उत्पादनमुखी देखिन्छ। संघीयतालाई संस्थागत गर्नेतर्फ उन्मुख देखिन्छ। यो बजेटको हिसाबले पनि आर्थिक आम्दानीको हिसाबले धेरै हामीले देखेका छौं। हाम्रा समस्याहरू धेरै छन् र पनि यसलाई हल गर्नको निम्ति पनि आर्थिक हिसाबले, विकासको हिसाबले पनि यसलाई कसरी हुन्छ अगाडि बढाउनुपर्ने हुन्छ। मैले देखिरहेकी छु र यहाँ समेटिएको पनि छैन।एउटा मुक्तिनाथ रेलमार्गको हिसाबले केबुलकारको छुटेको छ, देखिएको छैन।र हामीले जति पनि अलि बजार व्यवस्थापन सरकारले गर्दिनपर्ने देखिएको छ।र अर्को मोनोरेलको पनि आवश्यकता परेको किसानहरूलाई पहाडी क्षेत्रमा मोनोरेल अति आवश्यक देखिएको छ।यसमा समेटिएको जस्तो मलाई लाग्दैन। सुझावको हिसाबले हेर्दा र गण्डकी प्रदेशमा जति पनि योजनाहरू विकास निर्माणको कामहरू यहाँ पेश गरिएको छ, दर्ता गरिएको छ।र फेरि पनि पर्यटकीय क्षेत्रको हिसाबले गणडकी प्रदेश एउटा महत्त्वपूर्ण क्षेत्र हो। त्यसमा रहेका योजनाहरूलाई यहाँ नछुटाईकन पनि नेपाल सरकारले त्यसलाई मध्यनजर गरेर विशेष जोड दिने पनि मैले विश्वास गर्न चाहन्छु । र यहाँ धेरै विषयहरू आएका छन्।र पनि यो वनको विषयमा धेरै समस्याहरू आएका छन्।कानुन विधेयकहरू ल्याउनुपर्नेछ। काठहरू कुहिरहेका छन्।ती काठहरूलाई कसरी हुन्छ व्यवस्थापन गरेर आर्थिक आयोजनाको निम्ति सरकारले त्यसको विधेयक ल्याउनुपर्नेछ र हामी सबैले सदनबाट पास गर्नुपर्ने पनि हामीले देखिरहेका छौं। धेरै किसानहरूले, पहिलो सुरुबाट लास्टसम्म किसानहरूका धेरै, किसानहरूलाई, कृषकहरूलाई यो बजेटले छोएको छ।छुँदा छुँदै पनि फेरि समस्या परेको छ।वन्यजन्तुबाट जोगाउन समस्या परेको छ।अहिले बाँदरको समस्या छ। जम्मै बाँदरले गर्दा जति टनेल बन्यो फर्महरू बन्यो जम्मै त्योभित्र बाँदरहरू पसेर फेरि समस्या बनाइरहेको छ। यसकारणले गर्दा पनि यसलाई हल गर्नुपर्नेछ र मैले यो बजेट समग्र हिसाबले आएको छ र यो बजेटलाई धन्यवाद दिँदै पूर्णरूपमा यसलाई समर्थन गर्दै मेरो भनाइ यहीँ अन्त्य गर्छु ।हस्त, धन्यवाद। नमस्कार। अभिवादन ।

**सम्माननीय अध्यक्ष**:- माननीय सदस्य श्रीकृष्ण प्रसाद अधिकारी।समय १० मिनेट ।

(१५:२६ बजे)**<u>माननीय श्रीकृष्ण प्रसाद अधिकारी (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र)</u>**:- सम्माननीय अध्यक्ष महोदय, मुलुकमा अहिले समग्र परिस्थिति वस्तुगत र आत्मगत हाम्रो क्षमता र आम जनताका आशा अपेक्षा र यिनैको बीचबाट आगामि आर्थिक वर्ष २०८१।०८२ को बजेट प्रस्तुत भएको छ। सर्वप्रथम यो बजेट आफैंमा एउटा सापेक्षित छ।मौलिक छ।संविधानको भाव अनुसार बजेटको सिद्धान्त र प्राथमिकता, नीति र कार्यक्रमले निर्दिष्ट गरेअनुसार एउटा इमान्दार ढङ्गले बजेट प्रस्तुत भएको मैले अनुभूति गरेको छु र यो बजेटलाई म पूर्ण समर्थन गर्दछु।राष्ट्रिय अर्थतन्त्र सुदृढ गर्न सम्भावनाहरूको खोजी गरी उच्च आर्थिक वृद्धि दर हासिल गर्न, एकीकृत आर्थिक करिडोर विकास गर्न, डिजिटल अर्थतन्त्र विस्तार र हरेक अर्थतन्त्रको निर्माण गर्न नयाँ चरणको आर्थिक सुधार कार्यक्रम सिद्धान्त र प्राथमिकताका दृष्टिबाट सकारात्मक छ।आगामी आर्थिक सुधार वर्षको घोषणा स्वागतयोग्य छ। आर्थिक सुधारका ५ उद्देश्य, ५ प्राथमिकता, ५ रणनीति, ५ रूपान्तरणकारी योजना वस्तुपरक छन्।संरचनागत सुधार, व्यावसायिक वातावरण सुधार, सार्वजनिक वित्त प्रणालीमा सुधार, वित्तीय क्षेत्र सुधार र सार्वजनिक प्रशासनमा सुधार गर्ने लक्ष्य कार्यान्वयनको प्रतिबद्धता र सङ्कल्पबाट राष्ट्रिय अर्थतन्त्रमा नयाँ फेरबदल ल्याउने कुरामा विश्वस्त हुन सकिन्छ।उत्पादन र उत्पादकत्वको विकास गरी रोजगार सिर्जना गर्न, कृषि क्षेत्रमा रूपान्तरण, उर्जा क्षेत्रको विकास, सूचना प्रविधिमा विकास, पर्यटन प्रवर्द्धन, उद्यमशीलता एवम् औद्योगिक विकासका कार्यक्रम बजेटका प्राथमिकतामा परेका छन्।शिक्षा, स्वास्थ्य, भौतिक पूर्वाधार विकासमा बजेटले यथेष्ट जोड दिएको छ।प्रतिपक्षको धर्म निर्वाह गर्न चर्चा गरिएको जस्तो औचित्यहीन, निराशाजनक, कार्यान्वयन हुनै नसक्ने, वितरणमुखी बजेटको मार्ग चित्र यो होइन।आयात प्रतिस्थापन गर्ने, निर्यात प्रवर्द्धन गर्ने, जनतामा आशा जागृत गर्ने, निजी क्षेत्रलाई उत्साहित गर्ने गरी बजेटले मार्ग कोरेको छ।आर्थिक सुधार सुझाव आयोग गठन प्रक्रियाको सुरुवातबाट देश दिगो आर्थिक विकासमा अगाडि जान्छ भन्ने विश्वास गर्न सकिन्छ।सङ्कुचनको स्थितिबाट आर्थिक वृद्धि दर ६% कायम हुने अनुमान गरेको छ। मूल्य वृद्धि ५.५% मा स्थिर रहने लक्ष्य छ।बजेट समसामयिक, सन्तुलित र व्यवहारमुखी छ भन्ने मेरो अनुभूति छ।

सम्माननीय अध्यक्ष महोदय, अपेक्षाकृत आन्तरिक राजस्व जुटाउन वैदेशिक अनुदान ल्याउन र आन्तरिक लगानी बढाउने आधार छैन भन्ने केही आशङ्काहरू छन्। चुनौती नै सम्भावनाहरूको जननी हुने गर्छन्। बजेटले स्रोत पहिल्याउँदै जाने लक्ष्य लिएको छ।अपेक्षाकृत राजस्व सञ्चालन गर्ने सङ्कल्प र प्रतिबद्धता छ।आर्थिक क्रियाकलाप र लगानीमैत्री कार्यप्रणालीलाई स्थापित गर्दै राजस्वको दायरा विस्तार हुँदै जाने सकारात्मक आधार बन्छ।बजेटले निजी

क्षेत्रलाई उत्साहित गरी आन्तरिक लगानी बढाउने प्रयास गरेको छ। बाह्य लगानीका सम्भावनाहरू भएका मुलुकहरूसँग दोहोरो कर उन्मुक्ति सम्झौता गर्न वार्ता शुरु गर्ने प्रावधानले वैदेशिक लगानीको दायरा बढ्दै जान्छ। १२ खर्ब आन्तरिक राजस्व उठाउने लक्ष्य यो महत्त्वाकाङ्क्षी होइन । बाह्य अनुदान र वैदेशिक ऋण लक्ष्यअनुसार ल्याउन सम्भव छ। कृषिमा लगानी दशक घोषणा र निजी सरकारी साझेदारी लगानीबाट बढाएर हिमाल र पहाडमा ५० रोपनी तराईमा १० बिगाहाभन्दा बढी जमिन सामूहिक खेती, पशुपालन, जडिबुटी खेती गर्नेलाई ब्याज अनुदान, मेशिनरी आयातमा कर छुट दिने, कृषिमा आधारित उद्योग स्थापना, करार खेती, नियन्त्रित व्यावसायिक गाँजा खेती गर्ने, लोकल मदिरालाई ब्राण्डिङ गर्ने, चुरोट र मदिरामा, विदेशी मदिरामा कर वृद्धि, १०० बिगाहा ठुलो प्लटमा बासनादार धान खेती गर्ने, बीउबीजन र प्राविधिक सेवामा सहुलियतपूर्ण कर्जा र बीमा, रासायनिक मलमा २७ अर्ब ९५ करोड अनुदान, कस्तुरी मृगको व्यवसायिक फर्म स्थापना, उखु किसानलाई २ अर्ब २५ करोड अनुदान, कृषि बीमाको प्रिमियममा अनुदान दिन १ अर्ब ६५ करोड विनियोजन गर्ने, बजेटको व्यवस्थापनबाट कृषिमा यसले ध्याद दिएन भन्ने आधार छैन। अहिलेको सापेक्षतामा कृषिलाई आगामी दशक कृषि दशक बनाउनको लागि यो प्रारम्भिक चरणमा यो बजेटले यति गर्नु सवागतयोग्य छ भन्ने मेरो धारणा रहेको छ। कृषि उद्योगी व्यवसायीलाई यसले पक्कै आकर्षित गरेर लान्छ।

सम्माननीय अध्यक्ष महोदय, आईटीको क्षेत्रमा १० वर्षमा ३० अर्बको निर्यात गर्नु, ५ लाख प्रत्यक्ष र १० लाख अप्रत्यक्ष रोजगारी सिर्जना गर्ने, खुमलटारमा १७ करोड लागतमा ज्ञान पार्क स्थापना, स्टार्टअप कोष स्थापना, आगामी आर्थिक वर्ष सूचना प्रविधि स्थापनाको दशक घोषणा, आधुनिक सूचना प्रविधि हब सञ्चालनका लागि काठमाडौंको डिल्लीबजार चारखालमा बहुतले संरचना यो प्रविधिको क्षेत्रमा यो उत्साहजनक कार्यक्रम आएको छ। त्यसैगरी प्रधानमन्त्री रोजगार कार्यक्रममार्फत २ लाख युवाहरूलाई १०० दिनको रोजगार दिने लक्ष्य प्रत्येक प्रदेशमा कम्तीमा १००० युवालाई सीपमूलक तालिम प्रदान गर्ने कार्यक्रम परिचालनबाट युवा पङ्क्तिमा अवश्य नै नयाँ जागरण र उत्साह पैदा गर्नेछ। ९०० मेगावाटसहित आगामी वर्ष ४५०० मेगावाटमा पुग्ने विद्युतमा लक्ष्य आफैंमा महत्त्वपूर्ण छ। त्यसैगरी बजेटले शिक्षाको क्षेत्रमा, स्वास्थ्यको क्षेत्रमा, प्रविधिको क्षेत्रमा र यसले सबै कृषि पर्यटनको क्षेत्रमा, कृषिमा आधारित उद्योगको क्षेत्रमा र रोजगारको क्षेत्रमा इमान्दार कदम चाल्ने प्रयास गरेको छ। यसर्थ यो बजेट कार्यान्वयनको चुनौती जो जसरी आएको छ। यो कार्यान्वयनको प्रतिबद्धता र कार्यान्वयनको सङ्कल्प र हाम्रो एकता र दृढता भयो भने यसले निश्चय नै एउटा गति लिन्छ। र यथास्थितिमा यो अहिलेको बजेट क्रमभङ्गको रूपमा नयाँ आधार सिर्जना गर्ने दशकका रूपमा एउटा लक्ष्य निर्धारण

गरेको छ। यस अर्थमा यो बजेटको म पूर्ण स्वागत र समर्थन गर्छु। र अन्तिममा अहिले रत्नपार्कमा शतप्रतिशत अपाङ्ग दिपक भण्डारी लामो समयदेखि त्यहाँ अनसनमा हुनुहुन्छ। अहिले अपाङ्गसँग सम्बन्धित भएर नीति, कार्यक्रम र बजेटले केही सम्बोधन भएको छ।नेपाल सरकारले महिला, बालबालिका, जेष्ठ नागरिक मन्त्रालयबाट ३ बुँदे सहमति भएको त्यो अनुसार चाहिँ अपाङ्गता सहायक सामग्रीहरू र बीमाको चाहिँ कुराहरू अहिलेको बजेटले पस्केको छ र साथसाथै अति अशक्त अपाङ्गहरूको हकमा १ जना सहयोगीको व्यवस्था गर्नको लागि यसले शुरु गर्नुपर्छ भन्ने कुरातर्फ म अलिकति सुझावको रूपमा ध्यानाकर्षण गर्न चाहन्छु। साथै अहिले करलाई व्यवस्थित गर्नको लागि अझ राष्ट्रिय परिचयपत्रमा अहिले स्थायी लेखा नम्बर समावेश गरेर जाँदा राम्रो हुन्छ भन्ने पनि म सुझाव राख्दै मेरो भनाइ यहीँ अन्त्य गर्छु। हस् । अभिवादन। नमस्कार।

**(१५:३६ बजे)**<u>**सम्माननीय अध्यक्षः**</u>- माननीय सदस्यहरू आर्थिक वर्ष २०८१।०८२ को राजस्व र व्ययको वार्षिक अनुमानमाथिको सामान्य छलफलमा माननीय सदस्यहरूले बोल्ने क्रम नसकिएकोले आगामी बैठकमा समेत छलफल जारी रहनेछ।र माननीय सदस्यहरूले उठाउनुभएका विषयहरूका सम्बन्धमा माननीय अर्थमन्त्रीले जवाफ दिनुहुने बेहोरा जानकारी गराउँछु।

माननीय सदस्यहरू, राष्ट्रियसभाको अर्को बैठक २०८१ साल जेठ २२ गते मंगलबार अपरान्ह १ बजेर १५ मिनेटमा बस्ने गरी यो बैठक स्थगित हुन्छ।

(तदनन्तर, अर्को बैठक २०८१ साल जेठ २२ गते मंगलबार अपराह्न १ बजेर १५ मिनेटमा बस्ने गरी यो बैठक स्थगित भयो)।

**स्थगितः १५:३६ बजे।**